दर्ता नं.: ८३-०५०/०५१
पान नं.: ३०३२०९८१८

"वित्तीय क्षेत्रको पहिलो छनौट"
नेफस्कून

# मिलिजुली कालिञ्चोक बचत तथा ऋण सहकारी संस्था लि.

## MILIJULI KALINCHWOK SAVING & CREDIT COOPERATIVE LTD.




# वार्षिक प्रतिवेदन
## आर्थिक वर्ष २०८१/०८२

# ANNUAL REPORT
## Fiscal year 2081/082

भीमेश्वर न.पा.-६ चरिकोट, दोलखा
फोन नं. : ०४९-४२१३९७, ४२१९४३, ४२१३०४३, ४२१५३९
इमेल : milijuli50.saccos@gmail.com
mksccl50.saccos@gmail.com

www.milijuli.coop.np

# संस्थाका विभिन्न गतिविधिहरु





















मिति : २०८२ भाद्र २० गते

## ३२ औं बार्षिक साधारण सभा सम्बन्धि सूचना

उपरोक्त सम्बन्धमा यस संस्थाको सञ्चालक समितिको मिति २०८२ साल भाद्र १४ गते बसेको ६०५ औं बैठकको निर्णय नम्बर १३ अनुसार संस्थाको ३२ औं बार्षिक साधारण सभा सहकारी संस्थाको साधारण सभा (कार्यब्यवस्था) निर्देशिका २०७६, राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन २०८२, संस्थाको बिनियम २०७९ संशोधन सहित र संस्थाको साधारण सभा सञ्चालन कार्यविधि २०८० लाई आधार मानि तपसिलमा उल्लेख गरीए बमोजीम हुने भएकोले सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई साधारण सभामा सक्रिय सहभागि हुनको लागि हार्दिक निमन्त्रणा गरिन्छ ।

**प्रस्ताव (कार्यसूची) हरु :**

१. सञ्चालक समितिको तर्फबाट आ.ब. २०८१/०८२ को अध्यक्षको प्रतिवेदन ।
२. सञ्चालक समितिको तर्फबाट सचिव द्वारा प्रस्तुत आ.ब. २०८१/०८२ को बार्षिक प्रगति प्रतिवेदन र आ.ब. २०८२/०८३ को प्रस्तावित कार्यक्रम ।
३. सञ्चालक समितिको तर्फ बाट कोषाध्यक्ष द्वारा प्रस्तुत आ.ब. २०८१/०८२ को आर्थिक प्रगती प्रतिवेदन र आ.ब. २०८२/०८३ को प्रस्तावित बजेट ।
४. लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रस्तुत आ.ब. २०८१/०८२ को प्रतिवेदन ।
५. आ.ब. २०८१/०८२ को बाह्य लेखापरीक्षण प्रतिवेदन ।
६. आ.ब.२०८२/०८३ को आर्थिक कारोवारको बाह्य लेखापरीक्षणको लागि लेखापरीक्षक छनौट र पारिश्रमिक निर्धारण ।
७. बिनियम, कार्यविधि, नियमावली संशोधन तथा पुनर्लेखन । ८. सहकारी एकीकरण । ९. थप प्रस्ताव ।
१०. प्रश्न र सुझाव । ११. एकाई निर्णय प्रमाणित प्रतिनिधि । १२.मुख्य निर्णय पुस्तिका प्रमाणित प्रतिनिधि । १३. विविध ।

**थप जानकारी :**

१. शेयर सदस्यज्यूहरुलाई बार्षिक प्रतिवेदन अध्ययन गर्न सहज बनाउनको लागि संस्थाको ओएभसाईट (www.milijuli.coop.np), युट्युव (@milijulikalinchwoksaccos6358), फेसबुक (Milijuli Kalinchwok Saccos) मा २०८२ आश्विन ५ गतेभित्र अपलोड गरीनेछ । शेयर सदस्यज्यूहरुले अध्ययन गरी संस्थालाई केही सुझाव, सल्लाह दिनुपर्ने भएमा साधारण सभा अवधिभित्र भौतिक रुपमा उपस्थित भई सुझाव फाराम भरेर वा गुगलमा उपलब्ध गुगल सिट फाराम भरेर वा संस्थाको ईमेल milijuli50.saccos@gmail.com मार्फत् दिनको लागि अनुरोध छ ।
२. तोकीएको मितिमा साधारणसभामा सहभागि हुन आउदा संस्थाले प्रमाणीत गरी प्रदान गरेको पासबुक अनिवार्य लिएर आउनु पर्नेछ ।
३. **साधारण सभामा शेयर सदस्य मात्र आफै उपस्थित हुनुपर्नेछ ।**
४. ऋणको किस्ता र ब्याज बुझाउन तथा नियमित बचत बुझाउन बाँकी छ भने बार्षिक साधारणसभा भन्दा अगाडि आफुलाई पाएक पर्ने संस्थाको मुख्य कार्यालय वा सेवाकेन्द्रमा आई वा मोवाईल बैंकिङ् मार्फत् बुझाउनु हुन अनुरोध छ ।
५. सदस्य पहिचान फाराम भर्न बाँकी शेयर सदस्यहरुले नागरीकता प्रमाणपत्र र राष्ट्रिय परिचय पत्रको प्रतिलिपी तथा एक प्रति फोटो ल्याई पाएक पर्ने संस्थाको मुख्य कार्यालय वा सेवाकेन्द्रमा गई भर्नको लागि अनुरोध गरिन्छ ।
६. २०८२ साल आश्विन महिना भरी संस्थामा शेयर सदस्य तथा बालबचतकर्ता बन्दा प्रवेस शुल्क छुट गरीएको छ ।
७. केही दुविधा भएमा सुविधाको लागि संस्थाको मुख्य कार्यालय तथा सेवाकेन्द्रहरुमा सम्पर्क गर्नुहुन अनुरोध छ ।
८. सहकारी संस्थाको साधारणसभा कार्यब्यवस्था (निर्देशिका) २०७६,राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन २०८२, संस्थाको बिनियम २०७९ संशोधन सहित, संस्थाको साधारण सभा ब्यवस्थापन कार्यविधि २०८० बमोजिम एकाईगत साधारण सभा तपसिलमा उल्लेखित स्थानमा बिहान ९ बजे बाट दिनको ४ बजेसम्म सञ्चालन हुनेछ ।

**मिति : २०८२ साल आश्विन २१ गते मंगलवार :**

| एकाई नं. | क्षेत्र | उपस्थिति केन्द्र | कार्यक्रम स्थल | ठेगाना |
|---|---|---|---|---|
| एक | सुनखानी | १ | सेवाकेन्द्रको कार्यालय | कालिञ्चोक ८ मेलडाँडा, दोलखा |
| | बाबरे | २ | मिलिजुली आधारभुत बिद्यालय | कालिञ्चोक २ बाबरे, दोलखा |
| | हिलेपानी | ३ | भगवती मा.बि. | कालिञ्चोक ३ ध्याङ, दोलखा |
| | निकोभुमी | ४ | निकोभुमी मा.बि. | कालिञ्चोक २ निकोभुमी, दोलखा |
| | सिंगटी | ५ | भैरवेश्वर मन्दीर | बिगु गा.पा. ४ सिंगटी, दोलखा |
| | लिङ्वा, स्वयसाङ | ६ | घ्याङघर डाँडा | बिगु गा.पा. ४ घ्याङघर डाँडा, दोलखा |
| | गौरीशंकर | ७ | नाजिङ | गौरीशंकर गा.पा. ७ नाजिङ, दोलखा |
| | थामीचागु | ८ | सेवाकेन्द्रको कार्यालय | बिगु गा.पा. ८ थामीचागु, दोलखा |

**मिति : २०८२ साल आश्विन २३ गते बिहीवार :**

| एकाई नं. | क्षेत्र | उपस्थिति केन्द्र | कार्यक्रम स्थल | ठेगाना |
|---|---|---|---|---|
| दुई | मागापौवा | ९ | दुर्गा मा.बि. | शैलुङ ४ मागा, दोलखा |
| | काटाकुटी | १० | बिरेन्द्र मा.बि. | शैलुङ ५ काटाकुटी, दोलखा |
| | फस्कु | ११ | सेवाकेन्द्रको कार्यालय | शैलुङ ६ गोठपानी, दोलखा |
| | फस्कु | १२ | साउते मा.बि. कालापानी | शैलुङ ७ कालापानी, दोलखा |
| | नाम्दु | १३ | सेवाकेन्द्रको कार्यालय | बैतेश्वर ६ नाम्दु, दोलखा |
| | मार्बु | १४ | वडा नं. ७ को कार्यालय | बैतेश्वर ७ मार्बु, दोलखा |
| | मैनापोखरी | १५ | सेवाकेन्द्रको कार्यालय | बैतेश्वर ५ मैनापोखरी, दोलखा |
| | मेलुङ र तामाकोही गा.पा. | १६ | डुडे बजार | तामाकोशी गा.पा. ३ डुडे बजार, दोलखा |
| | लिसंखुपाखर | १७ | सेवाकेन्द्रको कार्यालय | लिसंखुपाखर गा.पा. ५ मुडे, सिन्धुपाल्चोक |

**मिति : २०८२ साल आश्विन २५ गते शनिवार :**

| एकाई नं. | क्षेत्र | उपस्थिति केन्द्र | कार्यक्रम स्थल | ठेगाना |
|---|---|---|---|---|
| तिन | काठमाण्डौ | १८ | न्यू त्रिशक्ती पार्टि प्यालेस | काठमाण्डौ म.न.पा. ३२ पेप्सीकोला, काठमाण्डौ |

**मिति : २०८२ साल आश्विन २७ गते सोमवार :**

| एकाई नं. | क्षेत्र | उपस्थिति केन्द्र | कार्यक्रम स्थल | ठेगाना |
|---|---|---|---|---|
| चार | भीमेश्वर न.पा. १ | १९ | मसान डाँडा (पानीघाट) | भीमेश्वर न.पा. १ क्षमावती, दोलखा |
| | भीमेश्वर न.पा. २ | २० | भीम मा.बि. | भीमेश्वर न.पा. २ दोलखा, दोलखा |
| | भीमेश्वर न.पा. ३ | २१ | पशुपति कन्या मन्दीर मा.बि. | भीमेश्वर न.पा. ३ चरिकोट, दोलखा |
| | भीमेश्वर न.पा. ४ | २२ | सर्व मा.वि. टहले मन्दीर | भीमेश्वर न.पा. ४ टहले, दोलखा |
| | भीमेश्वर न.पा. ५ | २३ | महेन्द्रोदय मा.बि. | भीमेश्वर न.पा. ५ माटी, दोलखा |
| | भीमेश्वर न.पा. ५ | २४ | नयाँपुल बजार | भीमेश्वर न.पा. ५ नयाँपुल, दोलखा |
| | भीमेश्वर न.पा. ५ | २५ | बुढा भिमसेन मा.बि. | भीमेश्वर न.पा. ५ किरातीछाप, दोलखा |
| | भीमेश्वर न.पा. ६ | २६ | हिम्स् एकेडमी | भीमेश्वर न.पा. ६ चरिकोट, दोलखा |
| | भीमेश्वर न.पा. ७ | २७ | कुटीडाँडा मा.बि. | भीमेश्वर न.पा. ७ मकैवारी, दोलखा |
| | भीमेश्वर न.पा. ७ | २८ | कुप्री आ.बि. | भीमेश्वर न.पा. ७ कुप्री, दोलखा |
| | भीमेश्वर न.पा. ८ र ९ | २९ | देवी मा.बि. | भीमेश्वर न.पा. ८ बोच, दोलखा |

**मिति : २०८२ साल आश्विन २८ गते मंगलवार :**

| क्षेत्र | उपस्थिति केन्द्र | कार्यक्रम माध्याम | ठेगाना |
|---|---|---|---|
| बिदेशमा बस्ने शेयर सदस्यहरु | डिजिटल प्लेटफर्म | ह्वाट्स एप/जुम/भाईवर | बिदेशमा बसोवास गर्ने शेयर सदस्य । |

**केन्द्रीय निर्णय पुस्तिका प्रमाणित : २०८२ साल आश्विन २९ गते बुधवार :**

| कार्यक्रम स्थल र समय | ठेगाना |
|---|---|
| संस्थाको मुख्य कार्यालयको हलमा बिहान ९ बजे बाट | भीमेश्वर न.पा. ६ चरिकोट, दोलखा |

(पुनश्च : केही दुविधा भएमा संस्थाको फोन नं. ०४९-४२१३९७, ४२१९४३, ४२१५३९, ४२१३०३ मा फोन गरी जानकारी लिन सक्नुहुनेछ ।)

ठाकुर प्रसाद पाठक
सचिव

# मिलिजुली कालिञ्चोक बचत तथा ऋण सहकारी संस्था लि. को ३२ औँ वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन – २०८२



**कृष्ण बहादुर गौतम**
**अध्यक्ष**

संस्थाको एकाइगत साधारणसभाको निमन्त्रणालाई स्वीकार गरी पाल्नुभएका, संस्थालाई अग्रगामी मार्गमा लगी आबद्ध शेयर सदस्य तथा बालबचतकर्ताहरू बीच एक आपसको हितका लागि दत्तचित्त भएर लाग्नुहुने सम्पूर्ण शेयर सदस्यज्युहरू, युट्युव तथा फेसबुकको माध्यामबाट श्रवण गर्नुहुने र वेबसाइटबाट अध्ययन गर्नुहुने शेयर सदस्यज्यूहरूलाई हार्दिक सहकारी अभिवादन टक्र्याउन चाहन्छु ।

हाम्रो संस्था ३३ औं वर्षमा **"सदस्यको मनमा मिलिजुली, सदस्यको घरमा मिलिजुली "** भन्ने मूल नाराका साथ प्रविधिसहित यहाँहरूको सेवामा समर्पित भएर सञ्चालन हुँदै आएको छ । यहाँहरूलाई प्रभावकारी सेवा प्रवाह गर्नको लागि संस्था निरन्तर एकाग्र भएर लागिरहेको छ । यहाँहरूको सद्भाव र सहयोगको कारण संस्थाले अहिलेसम्म विभिन्न सफलताहरू हात पार्दै आइरहेको छ । छरिएर रहेका ससाना पूँजि संकलन गर्दै आबद्ध शेयर सदस्यहरूलाई साहुकारले लिने ऋणको महंगो ब्याजबाट मुक्ति दिलाउनु यस संस्थाको स्थापनाको उद्देश्य बमोजिम हामी कार्य गर्दै अगाडि बढिरहेका छौँ । हामीले बचत किन र केका लागि गर्छौं र भविष्यमा के काम लाग्छ भन्ने कुराको अनभिज्ञता राख्नुहुने व्यक्तिहरूलाई सो कुरा सम्झाइबुझाई संस्थाको शेयर सदस्य बनाएर सेवा दिइरहेका छौं । वित्तीय संस्थाको पहुँच नभएको स्थानमा समेत हाम्रो संस्थाले सेवाकेन्द्र स्थापना गरी सेवा दिइरहेको उदाहरण हजुर हाम्रो सामु छर्लङ्ग छ । विद्युत्को बिल तिर्नको लागि होस् वा खानेपानीको बिल तिर्न होस् सयौं रुपैया खर्च गरेर लाममा बसेर पैसा तिर्नंपर्ने अवस्थालाई मोबाइल बैंकिङबाट बुझाउन सक्ने सेवासुविधा यस संस्थाले दिँदै आएको छ । आर्थिक कारोबारको लागि दिनभरी पैदल हिँड्नुपर्ने अवस्थालाई हाम्रो संस्थाको सेवाकेन्द्रबाट दिएको सुविधाले अति विकट क्षेत्रका बासिन्दाहरूमा खुशी छाएको देख्दा मनै फुरुङ्ग

भएर आउँछ र यस्तो सेवालाई थप विस्तार गर्दै सेवा प्रवाहमा अझ प्रभावकारी बनाउने हाम्रो उद्देश्य रहेको कुरा यहाँहरूलाई स्मरण गराउन चाहन्छु ।

२१औं शताब्दीको परिवर्तन सँगसँगै वित्तीय क्षेत्रमा तीव्र गतिमा प्रविधिको विकास भइरहेको कुरा यहाँहरूलाई विदितै छ । विश्वका कतिपय देशहरूमा डिजिटल करेन्सीको अवधारणाको विकास भइसकेको छ । मित्रराष्ट्र भारतमा पनि भर्चुअल बैंकिङ सेवाको अवधारणा विकास भई प्रयोगमा आइसकेको छ । समय र परिस्थितिसँग जुध्दै हाम्रो संस्थामा पनि डिजिटल कारोवारको मात्रामा वृद्धि हुँदै गएको छ र अहिले मोबाइल बैंकिङ्ग र क्यु.आर. कोड प्रयोगमा आइसकेको छ । हाम्रो संस्थामा आबद्ध शेयर सदस्यहरूले आगामी दिनमा डिजिटल कारोवारलाई अझ बढावा दिनुपर्नेछ । हाम्रो संस्थाको चार वर्षीय रणनीतिक योजनामा समेत प्रविधिलाई उच्च प्राथमिकतामा राखिएको छ । यसै अनुसार संस्थाको विभिन्न प्रतिवेदनहरू संस्थाको सञ्चालक समितिलाई इमेल मार्फत् पठाउने र सोही माध्यमबाट प्रतिउत्तर दिने व्यवस्था गरिएको छ ।

समुदायमा आधारित सदस्य केन्द्रित संस्थाले कहिल्यै बिर्सनु नहुने शेयर सदस्यको हितलाई ध्यानमाराखी सहकारी मूल्य, मान्यता र सिद्धान्तलाई अङ्गीकार गर्दै संस्था सञ्चालन गर्नुपर्दछ भन्ने हेतुले सञ्चालक समितिको प्रत्येक नियमित बैठकमा सहकारीका सात सिद्धान्त, अकुद्वारा प्रतिपादित बचत तथा ऋण सहकारीका चार सिद्धान्त, सहकारीको मूल्य र मान्यता बमोजिम संस्था सञ्चालन भइरहेको छ वा छैन भनेर परीक्षण गरी प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाइएको छ । यसले गर्दा हाम्रो सहकारी संस्थाले सिद्धान्त, मूल्य, मान्यता र मापदण्डभन्दा विपरित गएर अगाडि बढ्न नसक्ने व्यवस्था गर्दै नीति, विधि र प्रविधि अनुरूप कार्य सम्पादन गरिएकाले संस्था सुशानमा सञ्चालन भएको कुरा यहाँहरूमा विन्ती गर्न चाहन्छु ।

संस्थालाई सुशासनमा सञ्चालन गर्न, प्रभावकारी वित्तीय संरचना कायम गर्न, सदस्यलाई प्रवाह गरिने वस्तु तथा सेवालाई प्रभावकारी बनाउन, संस्थाको मानव संशाधनलाई दक्ष बनाई मुस्कानसहितको सदस्य सेवा प्रदान गर्न, उदाहरणीय सञ्चालक समिति बन्नको लागि संस्थाले अवलम्बन गरेको एक्सेस कार्यक्रमका छयासी वटा र सियुलेगका एक सय बीस वटा सूचकाङ्कहरूको निर्देशन बमोजिम विभिन्न कार्यहरु गर्दै अगाडि बढिरहेको छ ।

संस्थालाई सुशासनमा सञ्चालन गर्न सहकारी ऐन, नियम, संस्थाको विनियम, विभिन्न नीतिहरू तथा कार्यविधिहरूको परिपालना गर्नु संस्था तथा संस्थामा आबद्ध शेयर सदस्यहरूको समेत दायित्व हो । संस्थामारहेका सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, कर्मचारी, संस्थाका

सबै शेयर सदस्यले राज्यमा प्रचलित ऐन कानुनको पालना अवश्य गर्नै पर्ने हुन्छ र सम्पूर्ण शेयर सदस्यज्यूहरूमा पनि कानून पालनाको लागि विनम्र अनुरोध गर्दछु ।

हाम्रो संस्थाले आफ्ना शेयर सदस्यहरूलाई ऋणी मात्र बनाउने उदेश्य नलिई उद्योग र व्यवसाय सञ्चालन गरी गराई धनी पनि बनाउने उद्देश्य लिएको छ । संस्थाले ऋण लिन चाहने शेयर सदस्यलाई ऋण लिनुअघि मासिक तीन पटक वित्तीय साक्षरता तथा ऋण व्यवस्थापन तालिमको आयोजना गर्दै आएको छ र यस आ.व.बाट व्यवसाय विकास सेवा  समेत प्रदान गर्नेछ । यसरी यस्ता कार्यक्रममा सहभागी हुँदा तपाई हामीसँग भएको ऋण लिने क्षमता थाहा हुन्छ । ऋण माग गर्ने बेलामा भनेजति ऋण नपाउँदा, धितो नराखि ऋण नपाउँदा, हामीलाई रिस उठ्छ । तर त्यति वेला हामीले हाम्रो ऋण लिने क्षमता र राज्यको कानूनको बारेमा ख्याल गर्दैनौ । यस्तो ख्याल नहुने बेलामा संस्थाले केही सिकाउँदा हामीले सिक्नुपर्ने हुन्छ । यहाँहरूले संस्थाले आयोजना गरेको यस्ता कार्यक्रमहरूमा आफ्नो सक्रिय सहभागिता बढाउनु हुनको लागि हार्दिक अनुरोध गर्दछु । साथै संस्थाबाट ऋण लिएपछि बोलकबोल बमोजिम यथा समयमा तिरी बचतकर्ता शेयर सदस्यहरूको योगदानलाई सम्मान गर्नको लागि  पनि विनम्र अनुरोध गर्दछु ।

संस्थामा शेयर सदस्य बन्दैमा र बचत निक्षेप गर्दैमा सदस्यको दायित्व पुरा हुँदैन । ऐन, नियम, नीति, विधि बुझेर सो अनुकूल आचरण गरी आफ्नो दायित्व  पुरा गर्न श्रद्धेय शेयर सदस्यहरू समक्ष विनम्र अनुरोध गर्दछु । राज्यमा प्रचलित ऐन, नियमावली, निर्देशन, संस्थाको विनियम, विभिन्न नीति तथा कार्यविधिहरू अनुसार बैठकमा निर्णय गरी सोही अनुसार अगाडि बढ्नु र बढाउनुपर्दछ । यदी हामीले वर्तमानमा केही ऐन, नियमावली, निर्देशन, संस्थाको विनियम, विभिन्न कार्यविधिहरू मिचेर काम गरिदिँदा र गराउँदा केही समयको लागि सहज महसुस भएपनि उक्त कुरा दीर्घकालिन हुन सक्दैन र कुनै न कुनै दिन कानुनी कठघरामा उभिनुपर्ने हुन्छ । यस्तो हुनु संस्था र संस्थामा आबद्ध शेयर सदस्यहरूको लागि राम्रो हुँदैन । त्यसैले क्षणिक स्वार्थ पुरा गरी आनन्दमा रमाउने कार्य त्याग्नु हाम्रो संस्था र हामी सबैको कर्तव्य हुन्छ । शेयर सदस्यहरूले आफ्नो संस्थालाई दीर्घकालसम्म निरन्तर चल्न सक्ने बनाउनको लागि संस्थाको सञ्चालक समितिलाई बेलाबेलामा झक्झक्याउने कार्य समेत गर्नुपर्दछ । कुनै पनि सञ्चालक समितिले वितरणमुखी नीति लिई संस्थालाई असहज बनाउन लागेको थाहा पाउनुभयो भने खबरदारी गर्ने र त्यस प्रकारको कार्य गर्न नदिने जिम्मेवारी संस्थामा आबद्ध आम शेयर सदस्यज्यूहरुको हो भन्ने हामीलाई लागेको छ ।

हाम्रो संस्थाले सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४, सम्पत्ति शुद्धीकरण निवारण नियमावली २०७३, विभागबाट जारी गरिएको सम्पत्ति शुद्धीकरण निवारण निर्देशिका २०७४ (चौथो संशोधन

२०८१) समेत र संस्थाको सम्पत्ति शुद्धीकरण निवारण कार्यविधि २०७४ (पुनर्लेखन २०८०) बमोजिम कार्यहरू गर्दै आएको छ । संस्थामा आबद्ध शेयर सदस्यहरूको पहिचान फाराम भराउँदै आएको छ । २०७८ साल श्रावण महिनाबाट संस्थाले गोएएमएल (GOAML) मा प्रतिवेदन पठाउने गरेकोछ । यसै अनुसार नेपालराष्ट्र बैंकको फाइनान्सियल इन्फरमेसन युनिटमा (FIU) मा संस्था दर्ता भइसकेको छ । उक्त युनिटमा प्रतिवेदन पठाउन र वास्तविक एएमएल (Anti-money Loundring) सँग सम्बन्धित प्रतिवेदन तयार पार्नको लागि AML सफ्टवेयर यस आर्थिक बर्षमा राख्दैछौं । उक्त कार्यको लागि संस्थामा कार्यरत कर्मचारीहरूलाई जिम्मेवारी दिने कार्य भइसकेको छ र बजेट विनियोजन गरिएको छ ।

अन्त्यमा संस्थालाई व्यवस्थित र मर्यादित रूपमा सञ्चालन गरी उच्चतम रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा परिचित गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, नेपाल राष्ट्र बैंक, राष्ट्रिय सहकारी नियमन प्राधिकरण, सहकारी विभाग, सहकारी कर्जा असुली न्यायाधिकरण, कर्जा सूचना केन्द्र, बागमती प्रदेश सहकारी तथा गरिबी निवारण मन्त्रालय, बागमति प्रदेश सहकारी महाशाखा, कार्यक्षेत्र भित्रका विभिन्न पालिकाका सहकारी शाखा, अन्तर्राष्ट्रिय सहकारी महासंघ, ओकु, एशियाली ऋण माहासंघ, राष्ट्रिय सहकारी महासंघ, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफस्कुन), राष्ट्रिय सहकारी बैंक लि., फस्ट माईक्रो फाइनान्स वित्तीय संस्था लि., बागमती प्रदेश सहकारी संघ लि., बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि., जिल्ला सहकारी संघ लि. दोलखा, दोलखा जिल्ला बचत तथा ऋण सहकारी संघ लि., विभिन्न सरकारी कार्यालय, विभिन्न वित्तीय संस्था, सम्पूर्ण सहकारी कर्मी र पत्रकारज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दै भविष्यमा समेत निरन्तर सहयोग प्राप्त हुने आशाका साथ हाम्रो अनुरोधलाई स्वीकारी युटुव र फेसबुकको माध्यामबाट सुन्नुहुने र अध्ययन गर्नुहुने अनि वेबसाइटबाट डाउनलोड गरी अध्ययन गर्नुहुने र संस्थाको साधारणसभाको कार्यक्रम स्थलमा भौतिक रूपमा उपस्थित हुनुहुने सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दै कृतज्ञता जाहेर गर्दछु । साथै यस संस्थाको विभिन्न तहमा रही संस्थाको उन्नति र प्रगतिपथमा योगदान गर्नुहुने सम्पूर्ण सहकर्मी साथीहरू, सदैव संस्था र सेयरसदस्य तथा बालबचतकर्ताको सेवाका लागि जुनसुकै समयमा अथक मेहनत र योगदानमा तल्लीन व्यवस्थापकीय जिम्मेवारीमा रहनुहुने प्रमुख कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारी वर्ग र हाम्रा आदरणीय सेयरसदस्यज्यूहरू तथा बालबचतकर्ताहरूमा हृदयदेखि हार्दिक धन्यवाद ज्ञापन गर्दै मेरो भनाइलाई यहीँ विराम दिन्छु ।

जय सहकारी । जय मिलिजुली कालिञ्चोक ॥

# मिलिजुली कालिञ्चोक बचत तथा ऋण सहकारी संस्था लि. को ३२ औं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फवाट सचिव द्धारा प्रस्तुत प्रतिवेदन – २०८२



**ठाकुर प्रसाद पाठक**
**सचिव**

संस्थाको एकाइ साधारणसभाका सभाध्यक्षज्यू, संस्थाको निमन्त्रणालाई स्वीकार गरी पाल्नुभएका, संस्थालाई सहि मार्गमा लगि आवद्ध शेयर सदस्य तथा बालबचतकर्ताहरु बिच एक आपसको हितको लागि दत्तचित्त भएर लाग्नुहुने सम्पुर्ण शेयर सदस्यज्युहरु, फेसबुक, युट्युवको माध्याम बाट प्रतिवेदन सुन्नु हुने शेयर सदस्यज्यूहरु, फेसबुकमा भएको क्युआर, वेवसाईटबाट प्रतिवेदन डाउनलोड गरी अध्ययन गर्नुहुने शेयर सदस्य एवं शुभचिन्तकज्यूहरु, पत्रकार मित्रहरु, आजको क्षेत्रीय साधारणसभामा उपस्थित सम्पुर्ण शेयर सदस्यज्यूहरुलाई हार्दिक सहकारी अभिवादन टकयाउन चाहान्छु ।

२०५० साल भाद्र ७ गते स्थापना भएको हाम्रो संस्था ३२ औं बसन्त पार गरीसकेको छ । संस्थालाई आवद्ध शेयर सदस्यहरुको दुःखको साथिको रुपमा बिकास गर्न हामी लागि परेको ब्यहोरा अनुरोध गर्न चाहान्छु । हाम्रो संस्थाले **"सदस्यको मनमा मिलिजुली, सदस्यको घरमा मिलिजुली"** भन्ने नारालाई आत्मसाथ गर्दै आफ्ना शेयर सदस्यहरुलाई मुस्कान र प्रविधि सहितको सेवा दिनको लागि योजना अनुरुप अगाडि बढीरहेको छ र सोही बमोजिम कार्यक्रमहरु अगाडि बढाएको छ ।

## आदरणीय शेयर सदस्य ज्यूहरु

संस्थाको ३२ औं बार्षिक साधारणसभा अन्तर्गत सम्पूर्णमा हार्दिक स्वागत गर्दै संस्थाले आर्थिक बर्ष २०८१/०८२ मा गरेको कार्यहरुको संक्षिप्त चर्चा गर्न चाहान्छु ।

## १. सदस्यता

आर्थिक वर्ष २०८१/०८२ को अन्त्यमा जम्मा खुद शेयर सदस्य २४,३५८ र खुद बालबचतकर्ता ८,४४० जना सहित संस्थामा बचत गर्ने बचतकर्ता को खुद कुल संख्या ३२,७९८ जना पुगेको कुरा यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु । आ.ब. २०८१/०८२ मा सहकारी ऐन, नियमावली र संस्थाको बिनियम बमोजिम नियमित बचत नगर्ने, नियमित रुपमा तिन पटक सम्म बार्षिक साधारण सभामा उपस्थित नहुने, खाता खोलेदेखी संस्थाको सम्पर्कमा नआउने लगाएत सहकारी ऐन, नियमावली, संस्थाको बिनियम बमोजिम सदस्यता समाप्ति गर्नु पर्ने लाई सहकारी ऐन र नियमावलीमा भएको ब्यवस्था बमोजिम आवश्यक प्रक्रिया अगाडि बढाईएको ब्यहोरा अनुरोध छ ।

## २. मानव संसाधन व्यवस्थापन

संस्थामा कार्यरत कर्मचारीहरुलाई मुस्कान सहितको सेवा दिनको लागि आवश्यक तालीमहरु प्रवाह गरी कर्मचारीहरुलाई उत्प्रेरीत गर्ने कार्यलाई निरन्तरता दिएका छौ । संस्थाको सञ्चालक समितिले गरेको निर्णयहरु यथाशिघ्र कार्यान्वयन गरी संस्थाको चार बर्षिय रणनीतिक योजना अनुसार तेस्रो बर्षको लक्ष्य उन्मुख कार्य गर्न संस्थाको मानव संशाधन सक्षम भएको छ ।

संस्थामा कार्यरत कर्मचारीहरुलाई तहगत रुपमा प्रत्येक आ.ब. को सुरुको दिन श्रावण १ गते कि परफरमेन्स् ईण्डीकेटर (Key Performance Indicator) सहितको कार्य विवरण (Job Description) दिएर काम लगाईएको छ। लक्ष्य अनुसार कार्य भए नभएको मासिक रुपमा मुल्यांकन गर्ने व्यवस्था मिलाईएको छ। कर्मचारीहरुको कार्यदक्षतामा बृद्धि गर्ने उद्देश्यले कार्य सम्पादन मुल्यांकनको आधारमा सरुवा, बढुवा तथा जिम्मेवारी हेरफेर (Job Rotation) गराउने ब्यवस्था मिलाईएको छ। दैनिक कार्यसम्पादन प्रभावकारी बनाउनको लागि बिहान कार्यालय प्रवेश गरेपछि योजना बैठक र बेलुका कार्यालय सकिएपछि आवश्यकता अनुसार समिक्षा बैठक गर्ने ब्यवस्था गरीएको छ । सम्पूर्ण कर्मचारीहरुले आफु काम गर्ने बिभागको प्रमुख र सम्बन्धित सिनियर कर्मचारीलाई तथा विभागिय एवं सेवाकेन्द्र प्रमुखहरुले दैनिक तथा मासिक रुपमा सम्बन्धित बिभागिय प्रमुख तथा प्रमुख कार्यकारी अधिकृत लाई लिखित तथा स्लाईड मार्फत् प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था मिलाईएको छ । यसै गरी प्रमुख कार्यकारी अधिकृत बाट सञ्चालक समितिको प्रत्येक नियमित बैठकमा

व्यवस्थापन प्रतिवेदन स्लाईड मार्फत् प्रस्तुत गर्नु पर्ने तथा हार्डकपी सञ्चालक समितिमा अध्यक्ष मार्फत पेश गर्नु पर्ने नीतिगत व्यवस्था लाई निरन्तरता दिएका छौ । गत वर्षदेखी कर्मचारी सन्तुष्टि मापन गर्ने विधि बिकास गरी गुगल फारमको माध्याम बाट कार्यान्वयनमा ल्याईएको छ । संस्थाले जारी गरेको कर्मचारी आचारसंहीता पूर्ण पालना गर्न लगाईएको छ ।

सञ्चालक समितिले नीति निर्माण गर्ने र व्यवस्थापन अर्थात् कर्मचारीहरुले नीति कार्यान्वयन गर्ने तथा सञ्चालक समितिको कर्मचारी प्रमुख कार्यकारी अधिकृत हो र अन्य कर्मचारी प्रमुख कार्यकारी अधिकृतको हो भन्ने सिमारेखाको बिषयमा हाम्रो संस्थाको मानव संशाधन स्पष्ट छ । साथै संस्थाको कर्मचारीहरुलाई संरक्षक, सल्लाहकार, बिभिन्न उपसमितिहरुले केही निर्देशन वा सुझाव दिनु परेमा वा केही माग गर्नु परेमा सञ्चालक समिति मार्फत् गर्न मिल्ने गरी संस्थागत संरचनात्मक व्यवस्था मिलाईएको छ । कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि आवश्यक तालीमको व्यवस्था गरीएको छ । दैनिक कार्य सम्पादनमा कर्मचारीको उच्च व्यवसायिकता प्रदर्सन तथा प्रभावकारी सदस्य सेवालाई मिलिजुली कालिञ्चोक साकोसको संस्थागत संस्कारको रुपमा बिकास गरीएको छ ।

## ३. कार्यालय व्यवस्थापन

संस्थाको दोलखा जिल्लामा नौ वटा, सिन्धुपाल्चोक जिल्लामा एक वटा र काठमाण्डौ जिल्लामा एकवटा गरी जम्मा एघार वटा सेवाकेन्द्रहरु सञ्चालनमा रहेका छन् । सहकारी ऐन, नियमावली बमोजिम सञ्चालीत सेवाकेन्द्रहरु नियमनकारी निकाय बाट स्वीकृती प्राप्त छन् । उक्त सेवाकेन्द्रहरुको कार्यालय भाडामा लिएर सञ्चालन गरीएको छ । संस्थाको मुख्य कार्यालय र सेवाकेन्द्रहरुको इन्ट्रानेट र ईन्टरनेटको माध्याम बाट कनेक्सन गराईएको छ । मुख्य कार्यालय र सेवाकेन्द्रहरु बिच सम्पर्कको लागि फोन तथा मोवाईल नम्बरको व्यवस्थापन गरीएको छ । सबै कार्यालयहरुमा ईलेक्ट्रोनिक हाजिर मेसिन प्रयोग गरीएको छ जसको डाटा सेन्ट्रलाईज गरीएको छ र संस्थाको प्रशासन बाट उक्त डाटाहरु दैनिक दुई पटक निरिक्षण गर्ने व्यवस्था मिलाईएको छ । संस्थाको मुख्य कार्यालय लगाएत सबै सेवाकेन्द्रहरुमा सिसि क्यामराको व्यवस्था गरीएको छ जसको रेकर्ड संस्थाको मुख्य कार्यालयमा समेत हुनेर मुख्य कार्यालयमा भिजुअल डिस्प्ले हुने व्यवस्था मिलाईएको छ । सबै सेवाकेन्द्रहरुमा सेवा लिन आउनुहुने शेयर सदस्यहरुलाई केही समय प्रतिक्षा गर्दा बस्न मिल्ने गरी बस्ने स्थानको व्यवस्थापन गरीएको छ । संस्थाको मुख्य कार्यालयमा हाल बिभागिय अवधारणा अनुसार

कार्यालय व्यवस्थापन गरीएको छ । शेयर सदस्यहरुलाई पालो पर्खदा टोकनको व्यवस्था गरी आरामदायि पर्खने स्थानको व्यवस्था गरीएको छ । संस्थाको नयाँ भवनमा बाह्य पक्षबाट हुने भौतिक जोखिम न्यूनिकरण गर्नको लागि सिसि क्यामरा राखी उक्त सिसि क्यामराको भिजुअल सुरक्षा गार्डले समेत हेर्न मिल्ने व्यवस्था गरिएको छ । संस्थाको मुख्य कार्यालयमा शेयर सदस्यहरुलाई सहयोग गर्नको लागि सहयोगि कक्षको व्यवस्थापन गरिएको छ । शारिरिक रुपमा असहजता हुने शेयर सदस्यहरुलाई भुई तल्लामानै काउन्टरको व्यवस्था गरिएको छ । संस्थाको प्रमुख बिभाग मध्ये ऋण र बचत बिभागमा छुट्टै परामर्स कक्षको व्यवस्था गरीएको छ जसले शेयर सदस्यज्यूहरुलाई खुलेर कुरा राख्नको लागि सहजता ल्याउने छ र शेयर सदस्यज्यूहरुलाई परामर्स दिन सहजता भएको छ ।

सहकारी संस्था शेयर सदस्यहरुको संस्था भएको हुँदा उहाँहरुले दिएको सुझाव अमुल्य हुने हुनाले संस्थाको मुख्य कार्यालय तथा सेवाकेन्द्रहरुमा सुझाव पुस्तिका राखिएको छ । उहाँहरुले दिनु भएको सुझावलाई सञ्चालक समितिको नियमित बैठकमा पेश गरी छलफल गरेर राज्यको सहकारी ऐन, नियमावली, संस्थाको बिनियम बमोजिम कार्यान्वयनमा लाने गरीएको छ । शेयर सदस्यज्यूहरुले संस्थाको मोवाई बैंकिङ एप बाट पनि संस्थालाई सल्लाह सुझाव दिन मिल्ने व्यवस्था गरीएको छ । सुझावहरुलाई प्रमुखताका साथ राखीएको हुँदा शेयर सदस्यज्यूहरुले संस्थाको वेवसाईट, ईमेल, फेसबुक म्यासेन्जर, ह्वाट्स एप, भाईवरको माध्यामबाट दिएका सुझावहरुलाई समेत पूर्ण प्राथमिकतामा राखी सञ्चालक समितिको नियमित बैठकमा छलफल गर्ने गरीएको छ । साथै कुनै बिषेश गुनासो छ भने संस्थामा राख्नको लागि गुनासो सुनुवाई अधिकारीको व्यवस्था गरीएको छ । यहाँहरुको केही गुनासो भएमा उक्त अधिकारीलाई भेटी आफ्नो गुनासो प्राथमिकताका साथ टिपोट गराउन सक्नुहुन्छ ।

शेयर सदस्यहरुलाई थप सुविधा दिने उद्देश्यले बिहान ९:३० बजे बाट कार्यालय खोल्ने व्यवस्था मिलाईएको छ जसको कारण बाट अन्य सङ्घ, संस्था तथा कार्यालयमा कार्यरत कर्मचारी शेयर सदस्यज्यूहलाई १० बजे अगाडि आर्थिक कारोवार गर्ने मौका मिलेको छ ।

## ४. वित्तिय व्यवस्थापन

चुस्त र दुरुस्त बित्तिय व्यवस्थापनको लागि संस्थाले बिभिन्न कार्यविधि तथा नियमावलीहरु बिकास गरी कार्यान्वयन गरीरहेको छ । संस्थाको बित्तिय अवस्था चुस्त, दुरुस्त र प्रतिस्पर्धि हुनुपर्ने मान्यता राखी त्रैमासिक बजार बिश्लेषण गरेर सिफारिस गरेको ब्याजदर सञ्चालक

समितिको बैठकमा छलफल गरी पुनरावलोकन गर्ने व्यवस्था गरेको छ। ब्याजदर पुनरावलोकन गर्दा बजार बिश्लेषणको साथै संस्थाले कायम गर्न पाउँने स्प्रेड रेट लाई मध्येनजर गर्दै कष्ट अफ डिपोजिट, कष्ट अफ फण्ड र बेसरेटलाई आधार मानी ब्याजदर निर्धारण गर्ने गरेको छ।

२०७२ सालको भुकम्प, २०७६ सालबाट आएको कोरोना महामारी र त्यपपछिको आर्थिक मन्दीको प्रभावका कारण शेयर सदस्यहरुको आम्दानी सिमित र मुल्य बृद्धिको कारण खर्च बढी भएको हुँदा ऋण लाने शेयर सदस्यहरुको ऋण तिर्ने क्षमतामा केही कमी आएको हुँदा संस्थाको योजना बमोजिम नाफा कम भएको छ।

शेयर सदस्यहरुले बर्तमान भोगाई बाट भविश्यमा क्षमता अनुसार ऋण लिनुपर्ने कुरा सिक्नु पर्ने देखीएको छ र संस्थाले पनि आम्दानी बृद्धि गर्ने स्रोत बिश्लेषण गरेर मात्र ऋण लगानी गर्ने योजना बनाएको छ। ऋण लानुहुने आदरणिय शेयर सदस्यहरुलाई पहिला लगेको ऋण तिर्नको लागि योजना निर्माण गरी कार्यान्वनमा जान अनुरोध गर्दछौ। हामीले लगेको ऋणमा धेरै शेयर सदस्यहरुको बचत पर्ने भएकोले आफ्नो मात्र सहज कुरा नगरी दुःख गरेर बचत गर्ने बचतकर्ताको श्रम र पसिना सम्झन र बोलकबोल बमोजिम ऋण तिरेर श्रम र पसिनाको सम्मान गर्न पनि संस्था आग्रह गर्दछ।

सहकारी संस्था बलियो बनाई हामी र हाम्रो सन्ततीले निरन्तर सेवा लिईरहनको लागि सहकारी संस्थाको जगेडा कोष बृद्धि लाई प्राथमिकता दिनुपर्ने हुन्छ। संस्था एक्सेस कार्यक्रममा सहभागि भएपछि जगेडा कोषलाई प्राथमिकतामा राखेकै कारण हाल संस्थामा नौ करोड भन्दा बढी जगेडा कोष रहेको छ। आगामी दिनमा जगेडा कोष बृद्धि गर्दै नेपाल राष्ट्र बैंक, राष्ट्रिय सहकारी नियमन प्राधिकरण र सहकारी बिभागको निर्देशन बमोजिम क्यापीटल एडुकेसी रेसियो (पुँजी पर्याप्तता अनुपात) लाई बिषेश ध्यान दिई शेयर सदस्य सेवालाई प्राथमिकता दिनुपर्दछ भन्ने प्रमुख एजेण्डा संस्थाको रहेको छ।

## ५.राहत कार्यक्रम

शेयर सदस्यहरुलाई राहत दिने उद्देश्यले सेयर सदस्यबाट लिइएको केही रकम र संस्थाको आम्दानीबाट राहत कोष खडा गरी पुरुष सदस्यको बाबु, आमा, श्रीमती र स्वयंको मृत्यु हुँदा तथा महिला सदस्यको सासु, ससुरा, श्रीमान् र आफू स्वयंको मृत्यु हुँदा हकवालालाई राहत

दिने व्यवस्था गरिएको छ । यसरी राहात वितरण गर्ने अवस्था आँउनु दुखदायी अवस्था हो । जो जो सदस्य ज्यूहरुको घरमा शोक परेको छ उहाँहरु प्रति दुःख व्यक्त गर्दै धैर्यधारणा गर्नको लागि अभिप्रेरित गर्दछु । यसरी राहात दिने कार्यक्रम अन्तर्गत यस आर्थिक वर्ष २०८१/०८२ मा ३३१ जनालाई गरी जम्मा रु. १७,४०,७५०।- राहात वितरण गर्ने कार्य भयो ।

## ६. बैठक

संस्थाको सञ्चालक समितिको नियमित बैठक प्रत्येक महिनाको दोस्रो शनिवार बिहान ७ बजे बाट बस्ने गरीएको छ । सो भन्दा बढी आवश्यकताको आधारमा सञ्चालक समितिको बैठक बस्ने गरीएको छ । सञ्चालक समितिको नियमित बैठक सञ्चालन कार्यविधि बमोजिम अगाडि बढ्ने गरेको छ । सञ्चालक समितिको बैठकमा नियमित तिन पटक बिना लिखित जानकारी आएन भने पदमुक्त हुने व्यवस्था संस्थाको बिनियमले गरेको छ । बिना लिखित जानकारी भन्ने शब्दलाई स्पस्ट पार्न हस्ताक्षर सहितको लिखित पत्रद्धारा जानकारी भएमा मात्र लिखित जानकारी मानीने ब्यवस्था हुने यस सम्मानीत साधारण सभामा अनुरोध गर्दछु । यसो हुँदा अनुपस्थिती दर कम हुने अपेक्षा गर्न सकिन्छ । नियमित बैठकको एजेण्डा सहित मासिक प्रतिवेदन मेल मार्फत पठाउने गरीएको छ र अध्ययन गरी मेल मार्फत् सुभाव दिने तथा केही थप एजेण्डा भएमा मेल मार्फत थप गर्न सकिने ब्यवस्था गरीएको छ ।

संस्थाको मासिक प्रगती प्रतिवेदन ब्यवस्थापन प्रमुखले स्लाईड मार्फत् प्रस्तुत गर्ने र हार्डकपी प्रतिवेदन समेत बैठकमा पेश गर्ने ब्यवस्था मिलाईएको छ। बैठकमा पेश गर्ने प्रस्तावहरु अध्यक्ष, सचिव र ब्यवस्थापन प्रमुख बसेर तयार पार्ने गरीएको छ । प्रस्तावहरुको निर्णय मस्यौदा तयार गरी उक्त नीर्णयहरु कुन ऐन, नियमावली, संस्थाको बिनियम वा कार्यविधिको कुन दफा वा नियम अनुसार छ सो सहित उक्त निर्णय गर्दा संस्थालाई के के फाईदा हुन्छ र निर्णय नगर्दा संस्थालाई के के घाटा हुन्छ सो समेत ब्यवस्थापन प्रमुख बाट पेश गर्ने ब्यवस्था मिलाईएको छ ।

## ७. सहभागिता तथा प्रतिनिधित्व

विभिन्न संघ संस्थाहरुमा आवश्यकता अनुसार प्रतिनिधित्व गर्ने गरिएको छ । यसरी प्रतिनिधित्व गर्दा अध्यक्ष वा उहाँले खटाएको ब्यक्ति जाने गरिएको छ ।

## ८. सहकारी दिवस

प्रत्येक वर्ष राष्ट्रिय सहकारी दिवस मनाउँदै आएका छौ। आ.ब. २०८१/०८२ मा पनि सहकारी दिवस मनाउने कार्य भयो।

## ९. सूचनाको व्यवस्था

संस्थाको विभिन्न कार्यक्रम तथा संस्थाको गतिविधिहरुको बारेमा एफ. एम. बाट प्रसारण गर्ने गरिएको छ। साघारण सभाको सूचना एफ.एम. हरु, स्थानीय पत्र पत्रिका, अनलाईन पत्रिका, ईलेक्ट्रोनिक सञ्चारको माध्यामहरुबाट सहकारी ऐन नियममा उल्लेख भए बमोजिम पहिले नै सदस्यलाई जानकारी गराउने गरेका छौँ। शेयर सदस्यहरुलाई विभिन्न सूचनाहरु पत्रको माध्यमबाट जानकारी गराउँदछौ। संस्थासँग सम्बन्धीत विभिन्न गतिविधिहरु म्यासेन्जर, फेसबुक लगायत विद्युतीय सन्चार माध्यम बाट शेयर सदस्यहरु तथा सम्बन्धीत पक्षहरु समक्ष पुऱ्याउने गरीएको छ। संस्थाको वारेमा सूचना माग गर्नको लागि सूचना अधिकारीको व्यवस्था गरिएको छ। बर्तमान सूचना अधिकृतको रुपमा संस्थाको व्यवस्थापक श्री रमेश प्रसाद सापकोटा हुनुहुन्छ। उहाँको सम्पर्क नम्बर ९८४४३०५८२५ हो भने उहाँको ईमेल ठेगाना ramesh50milijuli@gmail.com हो। संस्थाको वारेमा शेयर सदस्य, वालवचतकर्ता तथा सम्वन्धीत पक्षलाई जानकारी दिनको लागि अर्धवार्षिक रुपमा मिलिजुली कालिञ्चोक गतिविधि प्रकासन गर्ने गरीएको छ। शेयर सदस्यहरुलाई संस्थाको सबै कुराको जानकारी दिनको लागी डिजिटल सूचना पाटीको व्यवस्था गरीएको छ। उक्त सूचना पाटीमा क्षेतिपुर्ति सहितको सदस्य बडापत्र समेत राख्ने व्यवस्था गरीएको छ। संस्थाका कुराहरु शेयर सदस्यहरु तथा चासो राख्ने ब्यक्तिहरु समक्ष स्पस्ट रुपमा पुऱ्याउनको लागि संस्थाले प्रवक्ताको व्यवस्था गरेको छ। हाल संस्थाको प्रवक्ताको जिम्मेवारी संस्थाका सचिव श्री ठाकुर प्रसाद पाठकलाई दिइएको छ।

## १०. सेवाकेन्द्र सञ्चालन

संस्थाको हाल एघार वटा सेवाकेन्द्र सञ्चालनमा छन्। सबै सेवाकेन्द्रहरु सहकारी ऐन, नियमावली, मापदण्ड बमोजीम स्वीकृति प्राप्त गरेका छौ। हाल सञ्चालनमा रहेका सेवाकेन्द्रहरु तपसिलमा उल्लेखित छन् :

तपसिल :

१. धर्तिमाता सेवाकेन्द्र भीमेश्वर न.पा. ८ बोच, दोलखा ।
२. बाघखोर सेवाकेन्द्र शैलुङ्ग गा.पा. ३ बाघखोर, दोलखा ।
३. फस्कु सेवाकेन्द्र शैलुङ्ग गा.पा. ६ गोठपानी, दोलखा ।
४. एकता सेवाकेन्द्र बैतेश्वर गा.पा. ६ नाम्दु, दोलखा ।
५. सुनखानी सेवाकेन्द्र कालिन्चोक गा.पा. ८ मेलडाँडा, दोलखा ।
६. जल्पाश्वरी परोपकार सेवाकेन्द्र कालिञ्चोक गा.पा. २ बाबरे, दोलखा ।
७. गगनचुम्बी शुभलक्ष्मी सेवाकेन्द्र बिगु गा.पा. ४ सिंगटी, दोलखा ।
८. थामीचागु सेवाकेन्द्र बिगु गा.पा. ८ थामीचागु, दोलखा ।
९. किमाथाङ्का सेवाकेन्द्र काठमाण्डौ म.न.पा. ३२ पेप्सीकोला, काठमाण्डौ ।
१०. सिन्धु सेवाकेन्द्र लिसंखुपाखर गा.पा. ५ मुडे, सिन्धुपाल्चोक ।
११. मैनापोखरी सेवाकेन्द्र बैतेश्वर गा.पा. ५ मैनापोखरी, दोलखा ।

सबै सेवाकेन्द्रहरुलाई ईन्टरनेट र ईन्ट्रानेटको माध्याम बाट कनेक्सन गराईएको छ । कुनै एक सेवा केन्द्र वा केन्द्रीय कार्यालयमा जम्मा गरीएको रकम अर्को कुनै सेवा केन्द्र वा केन्द्रीय कार्यालयबाट निशुल्क निकाल्न मिल्ने व्यवस्था गरीएको छ । मुख्य कार्यालय तथा सेवा केन्द्र हरुमा भएको कारोवार संस्थाले प्रयोग गरेको ईन्फिनिटि सफ्टवयरमा अभिलेख गर्ने वित्तीकै संस्थाले व्यवस्थापन गरेको क्लाउडमा डाटा सेभ हुने व्यवस्था गरीएको छ । संस्थाको मुख्य कार्यालय र सेवाकेन्द्रहरुको बित्तीय बिबरण छुट्टा छुट्टै र समग्रमा आउने व्यवस्था गरीएको छ । यसबाट मुख्य कार्यालय र सेवाकेन्द्रको कार्यप्रगति सहजै हेर्न मिल्ने बनाईएको छ । यसले लक्ष्य निर्धारण गरी लक्ष्य प्राप्तीलाई बिश्लेषण गर्न सहज हुने भएको छ ।

## ११. सदस्य सम्मान तथा पुरस्कार

संस्थाको ३२ औं स्थापना दिवसको अवसरमा आ.ब. २०८०/०८१ मा संस्थाबाट सम्मान तथा प्रशंसा पत्र पाउँनुपर्ने शेयर सदस्यहरुलाई सम्मान तथा प्रसंशापत्र वितरण गरिएको थियो । उक्त दिवसमा सम्मानीत तथा प्रसंशित हुनुहुने व्यक्तित्वहरु देहाय बमोजिम हुनुहुन्थ्यो ।

तपसिल :

| क्र.सं. | बिधा | स.नं. | नामथर | ठेगाना |
|---|---|---|---|---|
| १. | उत्कृष्ठ कारोवार | ००१००३१४९ | श्री दिपिका शिवाकोटी थापा | भीमेश्वर न.पा. ३, |
| २. | उत्कृष्ठ बालबचतकर्ता | ००१००६३५२ | श्री झंक थापा | भीमेश्वर न.पा. ६, |
| ३. | नियमित बचतकर्ता | ००१००१०११ | श्री रमेश शर्मा | भीमेश्वर न.पा. ३ |
| ४. | उत्कृष्ठ ऋणी | ००१००३९९६ | श्री बद्री श्रेष्ठ | भीमेश्वर न.पा. ३ |
| ५. | उत्कृष्ठ उद्यमी | ००३०२५७०८ | श्री धन बहादुर श्रेष्ठ | शैलुङ् गा.पा. ३ |
| ६. | जेष्ठ शेयर सदस्य, महिला | ००१००२१०४ | श्री सरस्वती अधिकारी | भीमेश्वर न.पा. ६ |
| ७. | जेष्ठ शेयर सदस्य, पुरुष | ००१००१५०२ | श्री तिर्थ बहादुर थापा | भीमेश्वर न.पा. ६ |
| ८. | शारिरिक अशक्त | ००१००८३०९ | श्री देवी बसेल | कालिञ्चोक गा.पा. ८ |
| ९. | सेवाकेन्द्र उत्कृष्ठ कारोवार, सदस्य | ००७०१८४०० | श्री रुपा श्रेष्ठ | भीमेश्वर न.पा. २ |
| १०. | पुर्व सञ्चालक | ००१०००০१४ | श्री सरोज उप्रेती | मेलुङ् गा.पा. १ पवटी |
| ११. | पुर्व लेखा सुपरिवेक्षण समिति | ००१०००६५१ | श्री बद्री बहादुर रिमाल (मरणोपरान्त) | भीमेश्वर न.पा. ३ |
| १२. | डिजिटल सेवा | ००१०००३०७ | श्री उद्धव बहादुर सुवेदी | भीमेश्वर न.पा. ६ |
| १३. | पत्रकार | भिलेज खवर डट कम | श्री तारा बहादुर महत | तामाकोशी गा.पा. |
| १४. | कर्मचारी | ००१०१७९७४ | श्री शिवजी पाठक | भीमेश्वर न.पा. १ |

**१२. अध्ययन अवलोकन भ्रमण**

हाम्रो संस्थामा भएको विभिन्न गतिविधिहरु अध्ययन गरी आफ्नो संस्थामा लागू गराउनको लागि विभिन्न जिल्लाबाट विभिन्न सहकारी संस्थाहरु अध्ययन अवलोकनको लागि आउनुभएको थियो । यसरी आउने अतिथिहरुलाई संस्थाले गरेको विभिन्न कार्यक्रम तथा गतिविधिको बारेमा पावर पईन्ट प्रीजेन्टेसनको माध्याम बाट संस्थाका उत्कृष्ट अभ्यासहरु साझेदारी गर्ने कार्य निरन्तर गर्दै आएका छौ जुन सहकारी को छैठौ सिद्धान्त बमोजिम छ ।

### १३. सेवा विस्तार

सदस्यहरुलाई हरेक दिन सेवा दिनुपर्छ भन्ने मान्यता राखि दशै, तिहार, सहकारी दिवस, संस्था स्थापना दिवस, महत्वपुर्ण धार्मिक पर्व र विषेश विदा बाहेक सधैं कार्यालय खुल्ला राख्ने व्यवस्था मिलाइएको छ । सदस्य ज्यूहरुले माथि उल्लेखित दिन बाहेक जुनसुकै दिन पनि कार्यालयमा आई सेवा लिन सक्नुहुनेछ । संस्थाको कार्यालय समय कार्तिक १६ देखी माघ १५ सम्म विहान ९:३० बजे देखी बेलुका ४ बजे सम्म र माघ १६ गते देखी कार्तिक १५ गते सम्म विहान ९:३० बजे बाट बेलुका ५:०० बजे सम्म कायम गरीएको थियो ।

### १४. सुशासन सम्बन्धमा

सहकारीको सिद्धान्त, मुल्य, मान्यता अनुरुप विनियम, नीति, कार्यविधि बनाई पारीत गरेर सोही अनुसार चल्ने बिधिको शासननै सुशासन हो । संस्थालाई सुशासनमा सञ्चालन गर्नको लागि सञ्चालक समिति तथा कर्मचारीहरुको आचारसंहीता निर्माण गरी लागु गरीएको छ । संस्थामा प्रभावकारी सुशासन कायम राख्नको लागि मानव संशाधनको स्वमूल्यांकन, सामुहिक मूल्यांकन, पियर मुल्यांकन गर्ने व्यवस्था मिलाएका छौ । कार्यालय सफा सुग्घर राख्नको लागि पाँच एस कार्यविधिलाई प्रभावकारी कार्यान्वयनमा ल्याएका छौ । हाम्रो संस्था राज्यमा प्रचलीत ऐन कानूनको बिषयमा सजग छ र भावि दिनमा आउन सक्ने ऐन नियमको बिषयमा जिज्ञासु छ जसले गर्दा बाह्य बातावरणको परिवर्तनले संस्थालाई पर्ने असर न्यूनिकरण गर्न सक्षम छ । बचत तथा ऋण सहकारी संघ संस्थाहरुको एशिया महादेशको छाता संगठन अकुले संस्थामा प्रभावकारी सुशासन छ वा छैन भनी परिक्षण गर्नको लागि बिकास गरेको CULEG अन्तर्गतका १२० वटा सुचकांकहरु २०७६ सालबाट लागु गरी सोही आधारमा संस्थामा भएको सुशासनको मात्रालाई मापन गरी सुधार गर्नुपर्ने क्षेत्रलाई सुधार गर्दै अगाडि बढेका छौ । संस्थामा राज्यको नीति लाई प्रभावकारी कार्यान्वयन गर्नको लागि सम्पत्ति शुद्धिकरण कार्यविधि पुनर्लेखन गरी लागु गरीएको छ । संस्थामा कार्यविधिहरुको संख्या बढी भएको र सोलाई अध्ययन गर्न सहज बनाउनको लागि बिशेषता मिल्ने कार्यविधिहरुलाई एकत्रित गर्ने कार्य सुरु गरीएको छ ।

### १५. ऋण लगानि व्यवस्थापन

सङ्घिय सहकारी ऐन २०७४ को परिच्छेद १९ दफा १२२ र १२४ तथा बागमती प्रदेश सहकारी ऐन २०७६ को परिच्छेद १७ दफा ९९ र १०० लाई बिशेष ध्यान दिएर तथा सहकारी संस्थासँग सम्वन्धीत विभिन्न ऐन, नियमको परिधि भित्ररहि शेयर सदस्यहरुलाई

सहज र सुलभ तरिकाबाट ऋण लगानी प्रणाली अपनाईएको छ । सदस्यको ऋण मागफारामको दर्ता नम्बरको आधारमा ऋण सेवा उपलब्ध गराईएको छ । शेयर सदस्यहरुलाई ऋण प्रदान गर्नु पुर्व ऋण व्यवस्थापन र वित्तीय साक्षरताको वारेमा तालीम सन्चालन गर्ने गरीएको छ । यस तालीम बाट शेयर सदस्यहरुलाई केही राहात पुगेको महसुस भएको छ भने ऋण भाखा नघाउनु हुँदैन भन्ने भावना जागेको देखीएको छ । संस्था बाट शेयर सदस्यलाई ऋण लगानि गर्दा पाँच लाख भन्दा वढीको ऋणमा राखिने धितोको मुल्यांकन ईन्जीनियर बाट गर्नु पर्ने र मालपोत कार्यालयमा दृष्टिवन्धक पारीत गर्नु पर्ने व्यवस्था गरीएको छ । पाँच लाख भन्दा कमको ऋण माग गर्ने शेयर सदस्यहरुको धितोराख्ने अचल सम्पत्ती मुल्यांकन संस्थाबाट गर्ने गरीएको छ र मालपोत कार्यालयमा ठाडोरोक्का गरेपछिमात्र ऋण लगानि गर्ने गरीएको छ । संस्थाले आफ्ना शेयर सदस्यहरुलाई सानो ऋण सहज बनाउनको लागि संस्थाको ऋण नीति अनुसार योग्यता पुगेका शेयर सदस्यहरुले एकलाख रुपैया सम्मको ऋण माग गरेकै दिन लगानि गर्ने व्यवस्था गरेको छ । यसरी एकलाख रुपैया सम्म ऋण माग गरेकै दिन पाउँनको लागि सङ्घिय सहकारी ऐन २०७४, सङ्घिय सहकारी नियमावली २०७५, बागमती प्रदेश सहकारी ऐन २०७६, बागमति प्रदेश सहकारी नियमावली २०७६, संस्थाको बिनियम र ऋण कार्यविधि अनुसार आवश्यक कागजपत्र सोही दिन पुरा गर्नुपर्ने छ । संस्थाले नियमित बचतको ५ गुणा सम्म मात्र ऋण लगानि गर्ने गरेको छ । रु. २५,०००।- अक्षरुपी पच्चिस हजार रुपैया सम्म ऋण लिनको लागि ५ गुणाको आवश्यकता नपर्ने व्यवस्था संस्थाले गरेको छ । संस्थाले सङ्घिय सहकारी ऐन २०७४, सङ्घिय सहकारी नियमावली २०७५, बागमती प्रदेश सहकारी ऐन २०७६, बागमती प्रदेश सहकारी नियमावली २०७६, स्थानिय सहकारी ऐन तथा नियमावलीहरु र सहकारी सँग सम्वन्धीत अन्य ऐन, नियम विपरीत विनाधितो ऋण प्रवाह गर्ने गरेको छैन । बोल कबोल बमोजिम ऋण नतिर्ने शेयर सदस्यहरुको धितो लिलामबिक्री गरी संस्थाले उठाउनुपर्ने रकम असुल गर्ने गरेको छ । यदि राखेको धितो बाट असुल उपर नभएमा थप धितो दावि गरी ऋण उठाउन र सो गर्दा पनि नउठेमा मुलुकी ऐनमा भएको ब्यवस्था बमोजिम गर्ने संस्थाको योजना रहेको छ । यसै गरी सहकारी संस्थाहरु कर्जा सूचना केन्द्रमा आवद्ध हुन पाउँने वित्तीकै संस्थाले भाखा नाघेको ऋणीहरुको नाम कर्जा सूचना केन्द्रमा पठाउदैछ र ऋण तिर्न आलटाल गर्ने ऋणी शेयर सदस्यहरुलाई नेपाल सरकारको कानून बमोजिम सहकारी कर्जा असुली न्यायाधिकरणमा मुद्दा समेत दायर गर्ने योजनामा रहेको छ ।

## १६. ब्याजदर परिवर्तन

ब्याजदर परिवर्तनको लागि प्रत्येक तिन महिनामा वजार सर्वेक्षण गरी सञ्चालक समितिमा राय पेश गर्नको लागि बार्षिक कार्यपात्रोमा जिम्मेवारी तोकेर दिईएको छ । उक्त जिम्मेवारी पाएको ब्यक्तिले बजार बिश्लेषण गरी सन्दर्भ ब्याजदरको परिधिभित्र रहि स्प्रेड दर, कष्ट अफ डिपोजिट, कष्ट अफ फण्ड र बेसरेटको अवधारणा बमोजिम सञ्चालक समितिले त्रैमासिक रुपमा ब्याजदर पुनरावलोकन गर्ने ब्यवस्था मिलाईएको छ ।

## १७. मनि ट्रान्स्फर सेवा

संस्थाले आफ्ना सदस्यहरुलाई थप सुविधा दिनको लागि नेपालको विभिन्न स्थान र बिदेशबाट संस्थामानै रकम आईपुग्ने र नेपालका विभिन्न स्थानमा रकम पठाउन मिल्नेगरी मनि ट्रान्सफर सेवा सञ्चालन गरेको छ । शेयर सदस्यहरुलाई थप सुविधा दिनको लागि संस्थाको मिलिजुली कालिञ्चोक स्मार्ट मोवाईल बैंकिङ्ग सेवामा समेत मनि ट्रान्स्फर गर्न मिल्ने सुविधा ब्यवस्था गरेका छौ ।

## १८. स्थापना दिवस

संस्थाको ३२ औं स्थापना दिवसको अवसरमा २०८१ साल भाद्र ७ गते संस्थाको मुख्य कार्यालयमा रक्तदान कार्यक्रम आयोजना गरी तथा आ.ब. २०८०/०८१ मा उत्कृट कारोवार गर्ने शेयर सदस्यहरुलाई सम्मान गरी मनाईएको थियो ।

## १९. क्षेत्रीय साधारण सभा

गत बर्ष क्षेत्रीय साधारण सभा सञ्चालन गर्नको लागि सहकारी संस्थाहरुको साधारण सभा (कार्यब्यवस्था) निर्देशिका २०७६ र संस्थाको साधारण सभा सञ्चालन कार्यविधि २०८० बमोजिम संस्थाको साधारण सभा सञ्चालन गरेको थियो ।

## २०. नेतृत्व पूर्व तालीम

हाम्रो संस्थाले यो अभ्यासलाई नेपालमै पहिलो पटक प्रयोगमा ल्याएको हो । आई.सि.ए. को अवधारणा र संस्थाको पुनर्लिखित विनियममा भएको व्यवस्था बमोजीम सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको जुन सुकै पदमा उमेदवार हुनको लागि भावि नेतृत्वको क्षमता अभिबृद्धि तालिम लिनुपर्ने व्यवस्था गरेकोछ । यो तालीम लिन ईच्छुक शेयर सदस्यहरुको लागि बार्षिक रुपमा आवेदन माग गरीनेछ र प्रत्येक दुई बर्षमा यो तालीम सञ्चालन गरीनेछ । यदि माग बृद्धि भएमा यो तालीमलाई बार्षिक रुपमा समेत सञ्चालन गर्न संस्था तत्पर रहेको छ ।

२१. **बजेट**

सहकारी संस्था लाई चुस्त र दुरुस्त ढंगवाट सञ्चालन गर्नको लागि नयाँ आर्थिक वर्ष सुरु हुनुभन्दा अगाडि नै नीति तथा कार्यक्रम र वजेटको योजना वनाई शेयर सदस्यहरु माफ लाने व्यवस्था मिलाईएको छ । प्रस्तावित कार्यक्रम र वजेट प्रतिनिधि शेयर सदस्यहरु विच छलफल गराई उहाँहरुको राय सल्लाह र संस्थाको हित अनुकुल हुने गरी संशोधन सहीत साधारण सभामा पेस गर्ने व्यवस्था मिलाईएको छ । यस बर्ष संस्थाको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, संरक्षक, सल्लाहकार, बिभिन्न उपसमितिहरु र कर्मचारीहरु बसी बृहत् छलफल गरी उहाँहरुको सुझाव सहित समावेस गरी नीति कार्यक्रम तथा बजेटको अन्तीम रुप दिई आ.ब. २०८२/०८३ को लागि अगाडि बढाएको हो । यसरी लागु गरीएको कार्यक्रम तथा बजेट साधारण सभामा शेयर सदस्यज्यूहरुबाट आएको सुझाव समेटी अन्तीम रुप सहीत निर्णयमा समावेस हुने गरेको छ ।

२२. **चार वर्षियरणनीतिक योजना**

संस्थाले चार वर्षियरणनीतिक योजना निर्माण गरी कार्यान्वयन गरीरहेकोछ । २०७९ साल असार १८ गते एक दिवसिय कार्यक्रम गरी संस्थाको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सिनियर कर्मचारीहरु र सेवाकेन्द्रका कर्मचारीहरु बसी छलफल गरेर यो चार बर्षिय रणनीतिक योजना आ.ब. २०७९/०८० देखी २०८२/०८३ तयार पारीएको थियो । यस योजना निर्माण कार्यका लागि नेपाल वचत तथ ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कुन) का बरिष्ठ कार्यक्रम अधिकृत श्री प्रेमनाथ वाग्लेले सहजीकरण गर्नु भएको थियो । यस योजना अन्तर्गतको चौथो बर्ष को पुनरावलोकन सहितको योजना प्रयोगमा रहेको छ ।

२३. **धितो सुरक्षण**

ऋण लगानि गर्दा स्वस्थ्य उपचार कर्जा र लघुबित्त कर्जा बाहेक अन्य कर्जाहरुमा धितो सुरक्षण अनिवार्य राख्नु पर्ने व्यवस्था छ । धितो नराखि ऋण लगानि गर्न नमिल्ने कानुनि व्यवस्था भएकोले यसो गरीएको हो । धितोराख्दा उक्त राखीएको धितोमा कानुनी रुपमा कति जना हकवालाहरु हुनुहुन्छ उहाँहरुको समेत मन्जुरी लिने व्यवस्था गरीएको छ । धितोको मुल्यांकन गर्दा मालपोत कार्यालयको दरको ४० प्रतिशत र बजार दरको ६० प्रतिशत कायम गर्ने गरी मौजुदा नीतिगत व्यवस्था छ । संस्थाले २०७८ साल फागनु १ गते बाट तेस्रो पक्ष धितो लिई लगानी गर्ने कार्य बन्द गरेको छ । संस्थामा एकीकरणको

माध्यामबाट आएका केही ऋणहरुको धितो सुरक्षण नभएको ब्यहोरा अनुरोध गर्दछु । यस्ता ऋणहरुमा तत्कालिन सञ्चालक समितिहरु सँग समन्वय गर्दै धितो माग गर्ने वा ऋण भुक्तानी गर्न लगाउने गरी अगाडि बढ्नु पर्ने अवस्था छ ।

## २४. डिजिटल बित्तिय सेवा

संस्थाले आफ्ना शेयर सदस्यहरुलाई थप सुविधा प्रदान गर्ने क्रममा कयुआर कोडको साथै मोवाईल बैंकीङ्ग सेवा प्रदान गर्दै आएको छ । संस्थाको मोवाईल बैकिङ्ग सेवाबाट संस्थामा आफ्नो खातामा के कतिरकम छ जुनसुकै स्थानमा बसेर हेर्न सक्नुहुनेछ । कुनै एक शेयर सदस्यको खातामा भएको रकम कुनै अर्को शेयर सदस्यको खातामा सार्नुपर्‍यो भने वा बैंकमा भएको रकम संस्थाको खातामा सार्नुपर्‍यो भने वा संस्थामा भएको रकम बैंकमा सार्नु पर्‍यो भने सहज रुपमा रकम सार्न सक्नुहुनेछ । आफ्नो बचत खातामा भएको रकमलाई ऋणको किस्ता तिर्नु पर्‍यो भने कार्यालय सम्म धाईराख्नु पर्दैन घरमा वा विश्वको जुनसुकै स्थानमा बसेर बचत खाता बाट ऋणको किस्ता र व्याज भुक्तान गर्न सकिने छ । बचत खाताको भुक्तानि आदेश (चेक) आदेश गर्नु परेको अवस्थामा कार्यालय सम्म धाईराख्नु पर्दैन घरमानै बसेर मोवाईल बैंकिङ्गको माध्याम बाट भुक्तानि आदेश (चेक) को आदेश गर्न सकिन्छ । मोवाईल रिचार्ज गर्नको लागि कुनै कष्ट विनानै गर्न सकिन्छ । शेयर सदस्यले घरमा बसेर आफ्नो खाताको पुर्ण विवरण हेर्न मिल्ने व्यवस्था मिलाईएको छ । यस मोवाईल बैंकिङ्ग सेवा बाट मोवाईल रिचार्ज सुविधाको साथै ईन्टरनेटको शुल्क भुक्तान, टि.भि. को शुल्क भुक्तान, ल्याण्डलाइन फोनको शुल्क भुक्तान, नेपाल विद्युत प्राधिकरणको विजुलीको शुल्क भुक्तानी, प्लेन टिकट लिने, बिमाको रकम भुक्तानी गर्ने आदी कुराहरु घरमै बसेर गर्न सक्ने व्यवस्था मिलाईएको छ । संस्थाको मोवाईल बैंकिङ्ग प्रणालीको सहयोग बाट बिप्रेषण (रेमिटयान्स्) सेवा लिन सकिने बनाईएको छ । मोवाईल बैंकिङ सेवाबाट संस्थालाइ सुझाव दिन मिल्ने तथा संस्थाले सोही माध्यमबाट संस्थाको सूचनाहरु सम्प्रेषण गर्न मिल्ने व्यवस्था मिलाईएको छ ।

## २५. ऐच्छीक बचत संकलन सेवा

शेयर सदस्यहरुलाई सुविधा थप्ने क्रममानै संस्थाको कार्यक्षेत्रभित्रको बजार एरियामा संस्थाले दिनको ३ बजे पछि ऐच्छीक बचत संकलन गर्ने व्यवस्था मिलाएको छ । शेयर सदस्यहरुको पसलमा बस्ने रकमको जोखिम न्यूनिकरण गर्न तथा केही व्याज उपलव्ध गराई आय बृद्धि गराउने उदेश्यले यस्तो सेवा विस्तार गरीएको हो । यस बचत गर्ने शेयर

सदस्यहरुले निश्चीत रकम भन्दा वढी बचत जम्मा गर्दा तथा बचत फिर्ता गर्दा मोवाईलमा म्यासेज पठाउने व्यवस्था मिलाईएको छ। जुन सुकै स्थानबाट बचतको स्टेटमेन्ट हेर्ने मिल्ने व्यवस्था मिलाईएको छ।

**२६. गुणस्तर सुनिश्चीतता कार्यक्रम**

हाम्रो संस्था २०६८ साल बैशाख ८ गते नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कुन) सँग लिखित सम्झौता गरी (ACCU) ले सञ्चालन गरेको साकोस गुणस्तर कायम राख्ने एक्सेस ब्राण्डीङ्ग कार्यक्रममा सहभागि हुदै आएको छ। संस्थाको सेवा सुविधा र सञ्चालन पद्धतिमा गुणस्तरता र सुशासन कायम राख्नको लागि सुशासनको तह मापन गर्ने सियुलेग कार्यक्रम लागु गरेको छ। यसको १२० वटा सुचकांकहरुको आधारमा संस्थाले प्रवाह गरेको सेवा सुविधामा सुशासन को तह कति छ भनेर परिक्षण गरीने गरीएको छ।

**२७. जेष्ठ शेयर सदस्य भत्ता**

संस्थामा शेयर सदस्य बनेको दश वर्ष पुरा भएको र उमेर सत्तरी वर्ष पुरा हुनु भएको शेयर सदस्यहरुलाई वार्षिक रु.२४००।- अक्षरुपी दुई हजार चारसयमा नियमानुसार कर कटाई वार्षिक उपलव्ध गराउने गरीएको छ। यसलाई नेपाल सरकारले लिएको नीति लिई केही परिमार्जन गर्नुपर्नेछ। संस्थाले यस कार्यलाई केही परिमार्जन गरी निरन्तरता दिने छ। आ.ब. २०८१/०८२ मा जम्मा ३३७ शेयर सदस्यलाई रु. ८,०८,८००।- बितरण गरीएको थियो। यस कार्यक्रमलाई दिगो बनाउनुपर्ने आवश्यकता देखीएको छ।

**२८. सुत्केरी सहयोग कार्यक्रम :**

संस्थामा आवद्ध महिला शेयर सदस्यहरु सुत्केरी हुँदा दुई सन्तान सम्मको लागि सुत्केरी सहयोग कार्यक्रम अन्तर्गत रु. १,०००।- अक्षरुपी एक हजार सुत्केरी भत्ता उपलब्ध गराउने गरीएको छ। आ.ब. २०८१/०८२ मा ८१ जना लाई रु. ८३,०००।- अक्षरुपी त्रियासी हजार रुपैया सुत्केरी सहयोग भत्ता बितरण गरीयो।

**२९. पुस्तकालय ब्यवस्थापन**

शिक्षा कोको बाट सुरु भई चितामा पुगे पछि अन्त्य हुन्छ भन्ने भनाई स्मरण गर्न चाहान्छु। हामीले अध्ययनलाई कहिलै पनि छोड्नु हुँदैन। संस्थामा आवद्ध शेयर सदस्यहरु निरन्तर अध्ययनसिल हुनुपर्दछ भन्ने मान्यता राखी संस्थाको कार्यालयमा पुस्तकालयको छुट्टै ब्यवस्था गरीएको छ। उक्त पुस्तकालय पूर्ण रुपमा व्यवस्थित भएपछि संस्थामा आवद्ध

शेयर सदस्य तथा बालबचतकर्ताहरु आई संस्थाको कार्यविधि बमोजिम अध्ययन गर्न सक्नुहुनेछ । बर्तमान समयमा डिजिटल अध्ययन सामाग्री आवश्यक छ भन्नेमा हामी प्रस्ट छौ र निकट भविश्यमा शेयर सदस्यहरुले डिजिटल रुपमा अध्ययन गर्न मिल्ने बिद्युतिय पुस्तकालयको समेत सोच बिकास गरेको ब्यहोरा यहाँहरु समक्ष प्रस्तुत गर्न चाहान्छु ।

**३०. सदस्य उत्पादनको बजारीकरण**

सहकारी संस्थामा आवद्ध शेयर सदस्यहरुको उत्पादित बस्तु बजारीकरण गर्नको लागि संस्थाको नवनिर्मित भवनमा भएको कार्यालयमा प्रदर्सनि कक्षको ब्यवस्था गरेको छ । उक्त कक्षमा शेयर सदस्यहरुद्धारा उत्पादीत बस्तुहरुको प्रस्तुतिकरण गरीनेछ । नबिग्रने बस्तुहरु उक्त प्रदर्सनि कक्षमा राखीने छ भने बिग्रने बस्तुहरुको तस्वीर राखीनेछ । सबै प्रकारका बस्तुहरु उपलब्ध गराउने बिक्रेताहरुको नम्बर बस्तु राखीएको ठाँउमा राखीने छ र शेयर सदस्यहरु बिचमानै बस्तुहरु आवश्यक पर्दा फोन गरी मगाउन सकिने ब्यवस्था गरीने छ । यसै गरी सहकारीको अध्ययन अवलोकन भ्रमणमा आउने पाहुँनाहरुलाई समेत उक्त बस्तुहरु देखाई संस्थाका शेयर सदस्यहरुको उत्पादनलाई बजारीकरण गरीनेछ ।

**३१. अनुगमन निरिक्षण**

बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) बाट २०८१ साल माघ २४ गते निरिक्षण भएको थियो । निरिक्षण कार्यक्रममा सङ्घका कार्यक्रम अधिकृत नवराज घोरसाइने सहभागि हुनुहुन्थ्यो । निरिक्षणको केही महिना पछि संस्थालाई सुझाव सहितको निरिक्षण प्रतिवेदन प्राप्त भएको थियो । उक्त निरिक्षण प्रतिवेदन बाट प्राप्त एको सुझावहरु तपसिलमा उल्लेख गरीए बमोजिमका छन् :

<u>तपसिल :</u>

(क) औसत शेयर व्यवस्थापन गर्ने ।

(ख) कारोवार प्रकृतिको बचत बृद्धि गर्ने ।

(ग) तरलतालाई परिचालन गर्ने ।

(घ) प्रतिफल निश्चित नभएको वित्तीय लगानी व्यवस्थापन गर्ने ।

(ङ) ऋण असुली प्रक्रियालाई कानुन बमोजिम प्रभावकारी बनाउने ।

(च) सम्पत्ति शुद्धिकरण निवारण सँग सम्बन्धित कार्यहरुलाई थप प्रभावकारी बनाउने ।

**आदरणीय सेयर सदस्यज्यूहरु,**

गत आ.ब. २०८१/०८२ लाई फर्केर हेर्दा गत आ.ब. मा प्रस्तुत गरीएको नीति तथा

कार्यक्रमहरु मध्ये अधिकांस कार्यक्रमहरु कार्यान्वयनमा आएको कुरा अनुरोध गर्दै केही बाँकी कार्यक्रमहरुलाई यस बर्ष समावेस गरेको कुरा अनुरोध गर्न चाहान्छु । अब म आर्थिक वर्ष २०८२/०८३ को लागि प्रस्तावित नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु । संस्थाको चारवर्षीय रणनीतिक योजना बमोजीम यस बर्षको कार्यक्रमहरु राखिएको ब्यहोरा अनुरोध छ । संस्थाले उल्लेखित नीति तथा कार्यक्रमहरु पुरा गर्नको लागि बार्षिक कार्यपात्रो निर्माण गरी कार्य सम्पन्न गर्ने जिम्मेवारी समेत सुम्पीसकेको ब्यहोरा अनुरोध गर्न चाहान्छु। आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमहरु यहाँहरु समक्ष प्रस्तुत गर्न अनुमति माग्दछु ।

| क.सं. | कार्य |
|---|---|
| १ | एक्सेस र सियुलेग कार्यान्वयनलाई निरन्तरता दिने र कार्यान्वयन कार्यविधि निर्माण गर्ने |
| २ | सहकारीको सिद्धान्त मुल्य मान्यतालाई सञ्चालक समितिको मासिक नियमित बैठकमा समिक्षा गर्ने र सुधार योजना बनाई कार्यान्वयन गर्दै जाने । |
| ३ | शेयर सदस्यको हितलाई मध्येनजर गर्दै ऋण बीमा कार्यक्रमलाई अनिवार्य गर्ने, साथै शेयर सदस्यको स्वास्थ्य बीमाको लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने । उल्लेखित कार्यको लागि आवश्यक कार्यविधि निर्माण गरी कार्यान्वयन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने । |
| ४ | **"सदस्यको मनमा मिलिजुली, सदस्यको घरमा मिलिजुली"** भन्ने नाराका साथ शेयर सदस्य सँग सामिप्यता कायम गर्न टोल टोलमा भेटघाट कार्यक्रम सञ्चालन गर्ने, संस्थाको सम्पूर्ण सेवा सुविधाको बारेमा जानकारी प्रदान गर्ने । |
| ५ | भावि विपद् सम्बन्धी सदस्य सचेतना कार्यक्रम सञ्चालन गर्ने । |
| ६ | संस्था स्थापना दिवसको अवसरमा सहकारी अभियानलाई सहयोग पुग्ने अन्तर्क्रिया कार्यक्रम गर्ने । |
| ७ | उचित समय तय गरी बार्षिक एक पटक रक्तदान कार्यक्रम आयोजना गर्ने । |
| ८ | संस्थाको मानव संशाधनको क्षमता बिकासको लागि असल अभ्यास गरीरहेका सहकारी संस्थाको अध्ययन अवलोकन गर्ने, सिकेको मध्ये संस्था र शेयर सदस्य हितका नयाँ न्यूनतम पाँच कुराहरु संस्थामा लागु गर्ने । |

| | |
|---|---|
| ९ | **नियामकीय प्रावधान व्यवस्थापन र स्तरीकरण कार्यदलले** नेपाल राष्ट्र बैंकले जारी गरेको बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाको लागि निर्देशन तथा मापदण्ड २०८१ र श्रम ऐन २०७४ बमोजिम मिलान गर्न मस्यौदा तयार पारी सञ्चालक समितिमा पेश गरेको र सञ्चालक समितिमा आवश्यक छलफल भएको कर्मचारी प्रशासन नियमावली २०७८ लाई गरीएको संशोध सहकारी ऐन २०७४ को परिच्छेद ४ दफा २८ बमोजिम स्वीकृत गर्ने । |
| १० | संस्थामा प्रभावकारी सुशासन कायम गर्नको लागि संस्थाको सुशासन कार्यविधि २०७८ र यसै अन्तर्गतका सुचकांकहरु लाई प्रभावकारी रुपमा कार्यान्वयन गरेको एकीन गर्न स्तरीकरण कार्यदललाई सक्रिय बनाउने । |
| ११ | संस्थाको आगामी ३३ औं बार्षिक साधारण सभाबाट आ.ब. २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेटको तिन महलीय बनाई प्रगति बिबरण पेश गर्ने कार्य सुरु गर्ने । |
| १२ | संस्थाको चारबर्षिय रणनीतिक योजना (आ.ब. २०८३/०८४ देखी २०८६/०८७) निर्माण गर्ने र यसलाई बार्षिक योजनामा बिभाजीत गरी कार्यान्वयनमा लैजाने । |
| १३ | व्यवस्थित डिजिटल कारोवारलाइ बृद्धि गर्न आवश्यक कार्य गर्ने । |
| १४ | संस्थाको सेवालाई प्रभावकारी रुपमा प्रवाह गरी वालबचतकर्ता, अशक्त, जेष्ठ शेयर सदस्यलाई प्राथमीकतामा सेवा प्रवाह गरी खुसि शेयर सदस्य बनाउने । जेष्ठ शेयर सदस्य सम्मान भत्तालाई दिगो बनाउन नेपाल सरकारको नीति अवलम्बन गर्ने । |
| १५ | संस्थामा आवद्ध शेयर सदस्य, सञ्चालक समिति र मानव संशाधनलाई सक्षम बनाउन आवश्यक तालीम तथा गोष्ठीमा सहभागि गराउने । |
| १६ | संस्थामा आवद्ध महिला शेयर सदस्यहरुको नेतृत्व क्षमता बिकास गर्ने तथा उद्यमी बनाउन आवश्यक तालीमको व्यवस्था गर्ने । |
| १७ | संस्थामा युव सदस्यलाई आकर्षित गर्न आवश्यक कार्यक्रम गर्ने । |
| १८ | संस्थाले लगानी गरेको र भविश्यमा लगानी गर्ने ऋणलाई प्रभाकारी असुलीको लागि आवश्यक कानुनी प्रक्रिया पुरा गर्न सहज बनाउन देहायका कार्यहरु गर्ने ।<br>(क) संस्थाले लगानी गर्ने ऋणको श्रोत भनेको शेयर सदस्य तथा बालबचतकर्ताले दुख गरेर जम्मा गरेको बचत हो भन्ने कुरा स्पस्ट बुझाउन कार्यक्रम सञ्चालन गर्ने ।<br>(ख) ऋण कार्यविधिलाई अर्धवार्षिक समिक्षा गरी समय सापेक्ष अद्यावधिक गर्ने ।<br>(ग) ऋण दायित्व नतिर्दा भविश्यमा हुने कानूनी असहजताको बारेमा सम्पूर्ण ऋणी शेयर सदस्यहरुलाई समुहमा बिभाजन गरी अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने ।<br>(घ) ऋण सँग सम्बन्धित नेपाल राष्ट्र बैंक तथा राष्ट्रिय सहकारी नियमन प्राधिकरणका निर्देशनहरु कार्यान्वयन गर्ने र सम्बन्धितमा जानकारी दिने । |

| | |
|---|---|
| | (ङ) ऋण सुरक्षण कोष र पुँजी पर्याप्तता अनुपातको बारेमा ज्ञान प्रवाह गर्ने शेयर सदस्यहरुलाई भौतिक तथा अभौतिक रुपमा शिक्षा प्रवाह गर्ने ।<br>(च) तेस्रो पक्षको धितो सुरक्षण बाट लिएको ऋण भएमा २०८३ असार मसान्त सम्ममा ऋण चुक्ता गराउने वा व्यवस्थापन गर्न लगाउने ।<br>(छ) भाखा नाघेको ऋणीहरुको नियतजन्य समस्या, परिस्थितिजन्य समस्या वा कानुन बुझाई अभावको समस्या हो पहिचान गरी सोही अनुसार ऋण असुलीलाई प्रभावकारी बनाउने ।<br>(ज) बोलकबोल बमोजिम लगातार तिन किस्ता नआएमा सोही मिति बाट ऋण असुलीको कानुनी प्रक्रिया अगाडि बढाउने ।<br>(झ) लगानीमा रहेको ऋणको धितो सुरक्षण बार्षिक रुपमा मुल्यांकन गरी धितो नपुग देखीने भएमा थप गर्न लगाउने, थप गर्न नमानेमा ऋण चुक्ता गर्न लगाउने सो पनि नमानेमा ऋणको भाखा बाँकी भएपनि आवश्यक कानूनी प्रक्रिया अगाडि बढाउने गरी ऋण कार्यविधिमा व्यवस्था गर्ने । |
| १९ | २०८३ साल असार मसान्त भित्र पुँजी पर्याप्तता अनुपात पुरा गर्नको लागि देहायका कार्यहरु गर्ने । नियमनकारी निकायमा यो समयावधि केही कम भएकोले म्याद थप गर्न संस्था आफैले वा छाता सङ्घहरु मार्फत् माग गर्ने । यस अनुपातलाई बृद्धि गर्न तपसिलमा उल्लेखित कार्यहरु गर्ने ।<br><u>तपसिल :</u><br>(क) शेयर बृद्धि गर्ने तथा औसत शेयर कायम गर्न कार्य अगाडि बढाउने,<br>(ख) खर्च न्यून गर्ने,<br>(ग) जगेडा कोष बृद्धि गर्ने,<br>(घ) भाखा नाघेको ऋण पर्ल्स मोनिटरीङ प्रणाली बमोजिम कायम गर्न कानुनि प्रक्रिया पुरा गर्ने,<br>(ङ) ऋण सुरक्षण कोष पुरा गर्दै जाने । |
| २० | संस्थाको स्वीकृत प्राप्त सेवाकेन्द्रहरुको पुनरावलोकन गरी व्यवस्थित गर्ने । |
| २१ | अर्धवार्षिक रुपमा डिजिटल मिलिजुली गतिविधि प्रकासन गर्ने । |
| २२ | सबै शेयर सदस्यलाई सक्रिय बनाउन सदस्य सँग मिलिजुली कार्यक्रम सञ्चालन गर्ने । |
| २३ | संस्थाले प्रविधिलाई प्राथमिकता दिएको हुँदा सुचना प्रविधि परिक्षण (IT Audit) गराउने र साईवर सुरक्षाको लागि आवश्यक कार्य गर्ने । |

| | |
|---|---|
| २४ | परिवर्तीत मौजुदा कानून बमोजिम संस्थाका आन्तरीक कानुनहरु (बिनियम, कार्यविधि, नियमावली) लाई संशोधन वा पुनर्लेखन वा खारेज गर्न तथा आवश्यक आन्तरीक कानुनहरु निर्माण गर्न तपसिलमा उल्लेखित कार्य गर्ने ।<br>तपसिल :<br>(क) राज्यका परिवर्तित कानुनहरुलाई नियामकीय अनुकुलन योजना निर्माण गरी कार्यान्वयन गर्ने ।<br>(ख) यस कार्यको लागि सञ्चालक समितिले गत आ.ब. मा गठन गरेको नियामकीय प्रावधान व्यवस्थापन कार्यदललाई व्यवस्थित गरी कार्यविवरण सहित जिम्मेवारी दिन सञ्चालक समितिलाई अख्तियारी दिने ।<br>(ग) यस कार्यदलबाट आएका बिषयहरु स्तरीकरण कार्यदलले अध्ययन गरी सञ्चालक समितिमा पेश गर्ने ।<br>(घ) सञ्चालक समितिले अध्ययन, बिश्लेषण र आवश्यक संशोधन गरी कार्यान्वयन गर्ने र स्वीकृतिको लागि आगामी साधारण सभामा पेश गर्ने । |
| २५ | अनलाईन तथा डिजिटल सदस्यता प्रदान गर्न आवश्यक कार्य गर्ने । |
| २६ | सामाजिक लेखापरीक्षणको लागि कार्यविधि निर्माण गरी अभिलेख व्यवस्थापन गर्ने । |
| २७ | विगत साधारण सभाले गरेका निर्णयहरु लाई कार्यान्वयन गर्दै लैजाने । |
| २८ | सम्पत्ति शुद्धिकरण निवारणको लागि गोएएमएल सफ्टवयर व्यवस्थापन गर्ने । |
| २९ | विश्व वित्त बजारमा देखीएको पेपर र क्यासलेस सेवालाई प्राथमिकता दिने । |
| ३० | ऋणी शेयर सदस्यहरुले ऋण बोलकबोल अनुसार नतिरि लिलाम गर्दा संस्थाको नाममा दाखील खारेज भई आएको अचल सम्पत्ती नेपाल सरकारको नियम, संस्थाको विनियम र कार्यविधिहरु बमोजिम आवश्यक प्रक्रिया पुरा गरी विक्री गर्न सञ्चालक समितिलाई अख्तियार बिकेन्द्रीकरण गर्ने । |
| ३१ | आकार भन्दा गुणस्तरलाई प्राथमिकतामा राखी सदस्य सेवा प्रवाह गर्ने । |
| ३२ | संस्थामा आवद्ध महिला शेयर सदस्यहरुलाई देहायका कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>(क) महिला हिंसा बाट बच्ने उपाय सहितको सचेतना सम्बन्धी डिजिटल सचेतना कार्यक्रम ।<br>(ख) महिला स्वास्थ्य सचेतना सम्बन्धी डिजिटल सचेतना कार्यक्रम ।<br>(ग) महिलाहरुको लागि ऋण लगानी पूर्व ब्यवसाय बिकास सिप बिकास अभिमुखिकरण<br>(घ) महिलाहरुलाई हेयर कटिङ् सिप बिकास तालीम ।<br>(ङ) महिला स्वास्थ्य (पाठेघर, सुगर, प्रेसर) परिक्षण कार्यक्रम । |

| | |
|---|---|
| | (च) महिलाहरुलाई च्याउ उत्पादन सम्बन्धी तालीम ।<br>(छ) न्यूनतम १००० महिला शेयर सदस्यहरुलाई वित्तीय साक्षरता तालीम । |
| ३३ | सञ्चालक समितिले गरेको निर्णयहरु अनुमोदन गर्ने । |
| ३४ | संस्थाको कार्यक्षेत्र भित्र बसोवास गरी संस्थामा शेयर सदस्य हुनुभएको र हाल बाध्यताबस रोजगारीको शिलसिलामा देश बाहीर बस्ने शेयर सदस्यहरुको लागि सुझाव, सल्लाह लिन डिजिटल साधारण सभा आयोजना गर्ने । यस कार्यको लागि कानुनि बैधानिकताको लागि ऐनमा ब्यवस्था गर्न नियमनकारी निकायहरु सँग अनुरोध गर्ने । |

अन्त्यमा संस्थालाई व्यवस्थित र मर्यादित रुपमा सञ्चालन गरी उच्चतम रुपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा परिचित गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने एशियाली ऋण माहासंघ (ACCU) ,राष्ट्रिय सहकारी महासंघ, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कुन),राष्ट्रिय सहकारी बैंक लि., फस्ट माईक्रो फाइनान्स बित्तीय संस्था लि., बागमती प्रदेश सहकारी संघ लि., बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि., जिल्ला सहकारी संघ लि. दोलखा, दोलखा जिल्ला बचत तथा ऋण सहकारी संघ लि., विभिन्न सरकारी कार्यालय, विभिन्न वित्तीय संस्था र सम्पूर्ण सहकारी कर्मीप्रति हार्दिक आभार प्रकट गर्दै भविष्यमा समेत निरन्तर सहयोग प्राप्त हुने आशाका साथ हाम्रो आमन्त्रणलाई स्वीकारी उपस्थित हुनुहुने, प्रत्यक्ष प्रसारण सुन्नुहुने, युट्युव फेसबुकको माध्याम बाट श्रवण गर्नुहुने सम्पुर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै यस संस्थाको विभिन्न तहमा रही संस्थाको उन्नति र प्रगतिपथमा योगदान गर्नुहुने सम्पूर्ण सहकर्मी साथीहरु, सदैव संस्था र सेयरसदस्य तथा बालबचतकर्ताको सेवाका लागि जुनसुकै समयमा अथक मेहनत र योगदानमा तल्लीन कर्मचारी वर्ग र हाम्रो आदरणीय सेयरसदस्य तथा बालबचतकर्ताहरुमा हृदयदेखि धन्यवाद दिँदै मेरो भनाइलाई यहीँ अन्त गर्दछु ।

जय सहकारी । जय मिलिजुली कालिञ्चोक ॥

# मिलिजुली कालिञ्चोक बचत तथा ऋण सहकारी संस्था लि. को ३२ औं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फवाट कोषाध्यक्षद्धारा प्रस्तुत आर्थिक प्रतिवेदन – २०८२



**सुरेश चन्द्र खड्का**
**कोषाध्यक्ष**

संस्थाको क्षेत्रीय साधारणसभाका सभाध्यक्ष ज्यू, संस्थाको निमन्त्रणालाई स्वीकार गरी पाल्नुभएका शेयर सदस्यज्युहरु, युट्युव तथा फेसबुकको माध्याम बाट सुनिरहनु तथा अध्ययन गरीरहनुभएका शेयर सदस्यज्यूहरु एवं स्रोताहरु समक्ष हार्दिक सहकारी अभिवादन टकयाउन चाहान्छु।

सर्वप्रथमत संस्थाको ३२ औं बार्षिक साधारण सभाको माध्याम बाट यहाँहरु समक्ष बित्तिय प्रतिवेदन प्रस्तुत गर्न पाउँदा हर्षबिभोर हुँदै यहाँहरु सम्पूर्ण लाई यो मौका दिनु भएकोमा हार्दिक धन्यवाद दिन चाहान्छु। हामीले संस्थालाई सुशासनमा सञ्चालन गर्न गुणस्तर सुनिश्चितता कार्यक्रममा निरन्तर सहभागि गराईरहेका छौ। गुणस्तर सुनिश्चितता कार्यक्रम अन्तर्गत एक्सेस कार्यक्रम, सियुलेग कार्यक्रमका सूचकांकहरुलाई आधार मानी संस्थाको कार्यहरु गर्ने ब्यवस्था मिलाएका छौ भने वित्तीय अवस्थालाई स्वस्थ्य राख्नका लागि पर्ल्स अनुगमन प्रणालीलाई पूर्ण रुपमा आत्मासाथ गरेको ब्यहोरा अनुरोध गर्दै यहाँहरु समक्ष आ.ब. २०८१/०८२ मा संस्थाको बित्तिय अवस्थाको बारेमा केही प्रस्तुत गर्ने अनुमति माग्दछु।

## १. सेयर पूँजी

आ.व. २०८१/०८२ को अन्त्यमा जम्मा सेयर पूँजी रु. ६,८७,४६,८००।- पुगेको छ।

## २. बचत संकलन तथा फिर्ता :

यस संस्थाको गत आ.व. को अन्त्यमा रु. ९८,३१,३४,७२३.८८ बचत बाँकी भएकोमा यस आ.व. मा रु. २,०७,८९,५२,७७१.८३ वचत प्राप्त भई रु. १,९४,६७,८१,२५४.३८ फिर्ता गरिएको र रु. १,११,५३,०६,२४०.३३ वचत वाँकीरहेको छ।

### ३. कर्जा लगानी तथा असुली :

संस्थाको गत आ.व. को अन्त्यमा लगानीमा रहेको ऋण रु. ९६,८२,८४,१४९.१७ भएकोमा यस वर्ष रु. ३८,४४,०९,४०७.९४ लगानी भई रु. ३६,३८,८८,९६६.७४ असुली भएको र लगानीमा रु. ९८,८८,०४,५९०.३७ बाँकीरहेको छ। एनएफआरएस बिधि बमोजिम ऋण लगानीमा केही समायोजन सहित ऋण सुरक्षण कोष घटाएर राखीने हुँदा वासलातमा लगानीमा रहेको बाँकी ऋण रु. ९६,०६,९१,९८९।- देखीएको छ।

### ४. तरलताको अवस्था :

यस संस्थाको आ.व. को सुरुमा नगद मौज्दात ६८,४४,४५९।-र बैंक मौज्दात रु. १७,३८,३१,१९२।- गरी जम्मा रु. १८,०६,७५,६५१।- भएकोमा यस आ.व. मा विभिन्न नगद प्राप्ति जोडेर तथा भुक्तानी कटाएर नगद रु. ६४,८६,२५६।-र बैंक मौज्दात रु. २०,८३,४३,४९४।- गरी जम्मा रु. २१,४८,३०,२०५।- तरलता रहेको छ। संस्थाको मुख्य कार्यालय र सेवाकेन्द्रहरुमा रहने नगद मौज्दात को बीमा गरीएको छ। प्रत्येक दिन सफ्टवयरले देखाउने नगद मौज्दात रकम बराबर भौतिक नगद छ वा छैन परिक्षण गरी एकीन गर्ने ब्यवस्था मिलाईएको छ। संस्थाको मुख्य कार्यालय तथा सेवाकेन्द्रमा भएको भल्टको चावि दुई जना कर्मचारीहरुलाई जिम्मा दिने ब्यवस्था मिलाईएको छ। दुइ कर्मचारीहरुले बेलुका नगद राख्दा सामुन्नेमा गनेर राख्ने र भोली पल्ट बिहान पनि दुई कर्मचारीको उपस्थितिमा गनेर निकाल्ने गरीएको छ। भल्टमा कति रकम राखीएको हो सो को बिबरण सफ्टवयरको साथै भल्ट बुकमा लेखेर राख्ने गरीएको छ। यसरी नगद राख्दा वा झिक्दा दुबै कर्मचारीको दस्तखत गर्ने गरीएको छ। संस्थाले बीमाको सिमा भन्दा बढी रकम बैंकमा जम्मा गर्ने गरेको छ। संस्थाको खाता भएको बिभिन्न बैंकहरुले प्रदान गर्ने बिबरण एवं मौज्दात विवरण र संस्थाले सिबिएस्मा राखेको बैंकको बिबरण प्रत्येक महिनाको ७ गते भित्र भिडान गर्ने गरीएको छ। उल्लेखित कार्यहरु जिम्मेवारी बमोजिम निरिक्षण गरी एकीन गर्ने कार्य आन्तरीक लेखा परीक्षक कर्मचारी, कोषाध्यक्ष, लेखा सुपरिवेक्षण समिति, आन्तरीक लेखा परीक्षक तथा बाह्य लेखा परीक्षकले परिक्षण गरी एकीन गर्ने ब्यवस्था मिलाईएको छ।

### ५. कोषको अवस्था :

संस्थाको आ.व. २०८१/०८२ को अन्तसम्ममा जगेडा कोष रु. ९,१०,०५,५३७-, अन्य कोष रु. ३,०३,२४,१८०।- गरी जम्मा रु. १२,१३,२९,७१७- पुगेको छ।

### ६. संस्थाको स्थिर सम्पति :

यस संस्थाको कूल स्थिर सम्पति एनएफआरएस लेखा बिधि अनुसार बर्षको सुरुमा रु.१४,८४,०३,४३५।-रहेकोमा आ.ब. २०८१/०८२ को अन्त्यमा थप गरीएको जोडि ह्रास घटाउदा रु. १४,१९,७४,१२७।- पुगेको छ। संस्थाले प्रयोग गरेको सफ्टवयरको मुल्य लाई ख्याती तथा अमुर्त सम्पत्तिमा राखीएको छ।

### ७. वाह्य ऋण :

संस्थाले आफ्ना सेयर सदस्यहरुलाई माग अनुसार ऋण प्रदान गर्न तथा तरलता कायम राख्नको लागि लिएको ऋण यस आ.व. को सुरुमा रु. ८,०५,८३,३३३।- भएकोमा सम्पूर्ण बाह्य ऋण तिरि यस आ.व. २०८१/०८२ को अन्त्यमा सुन्य (०) भएको ब्यहोरा यहाँहरु समक्ष राख्न चाहान्छु।

### ८. चार बर्षियरणनीतिक योजना :

संस्था चार बर्षिय रणनीतिक योजना बमोजिम अगाडि बढीरहेको छ। संस्थाको चार बर्षिय रणनीतिक योजना (आ.ब. २०७९/०८० देखी २०८२/०८३) अन्तर्गत आ.ब. २०८१/०८२ तेस्रो बर्ष हो। संस्थाले चार वर्षिय रणनीतिक योजना बनाउदा संस्थाको सम्पूर्ण कार्यलाई पाएभ बाई सेवेन डाइमन्सनको रणनीतिमा योजना तयार गरेको थियो। यस चार बर्षिय रणनीतिक योजनालाई गत आ.ब. २०८०/०८१ मा पुनरावलोकन गरी कार्यान्वयनमा रहेको छ।

### ९. कर योगदान :

आ.ब. २०८१/०८२ मा संस्थाले राज्यलाई तपसिलमा उल्लेखित कर योगदान गरेको छ।

| शिर्षक | योगदान रकम रु. |
|---|---|
| ब्याजकर | ४०,२९,०१८/- |
| बैठक भत्ता कर | १,०६,०४४/- |
| साधारण सभा भत्ता कर | ६,६६,९५२/- |
| भाडा कर | ९८,५३४/- |
| सेवा आम्दानीमा कर | १,००,९३३/- |
| श्रोतमा कर | १,५९,८८९/- |
| पारिश्रमिक कर | २,७३,१७०/- |
| शेयर लाभांश कर | १,३७,५६९/- |
| जम्मा | ५५,७२,११०/- |

आदरणीय शेयरसदस्य ज्यूहरु,

अब यहाँहरु समक्ष सचिवज्यूको प्रतिवेदनमा उल्लेखित कार्यक्रम लगाएत संस्थाको नियमित कार्यको लागि आवश्यक पर्ने आएगत तथा पूँजीगत बजेटको प्रस्तावित खाका पारीतको लागि प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

**आ.व. २०८२/०८३ को लागि प्रस्तावित विनियोजित आयगत आय-व्यय विवरण :**

| आम्दानीहरु | विनियोजीत रकम | खर्चहरु | विनियोजीत रकम |
|---|---|---|---|
| **ऋणमा ब्याज आम्दानी :** | | **बचतमा ब्याज खर्च :** | |
| घरजग्गा ऋण | १८५०००००० | नियमित मासिक बचत ब्याज खर्च | २२०००००० |
| कृषि तथा पशुपालन ऋण | १४००००० | दैनिक बचत ब्याज खर्च | ९८००००० |
| लघुवित्त ऋण | २००००० | बाल बचत ब्याज खर्च | ९०००००० |
| ब्यावसायिक ऋण | ७९५००००० | ऐच्छीक बचत ब्याज खर्च | ४०००००० |
| बैदेशिक रोजगार ऋण | १०६६८६७ | साघरखर्च बचत ब्याज खर्च | ३५०००० |
| घरखर्च ऋण | ५००००० | जेष्ठ शेयर सदस्य बचत ब्याज खर्च | ८०,००० |
| शैक्षिक ऋण | ३५००००० | आवधिक तथा अन्य बचत ब्याज खर्च | ३०५००००० |
| गत ब्याज तथा अन्य ऋण | ४०००००००० | **बाह्य ऋणमा ब्याज र व्यवस्थापन खर्च** | १५००००० |
| बचत जमानी ऋण | ८१००००० | **पानि तथा विद्युत् महसुल** | ४००००० |
| अन्य ऋण | २०००००० | | |
| **ऋणमा हर्जना आम्दानी :** | | **ईन्टरनेट खर्च** | २२०००० |
| घरजग्गा ऋण | ४२५००० | **सञ्चार खर्च** | १००,००० |
| कृषि तथा पशुपालन ऋण | ५०००० | **कार्यालय व्यवस्थापन खर्च** | ३००००० |
| लघुवित्त ऋण | १०००० | **कर्मचारी खर्च :** | |
| ब्यावसायिक ऋण | २०००००० | तलवभत्ता | १९७००००० |
| बैदेशिक रोजगार ऋण | २००० | सामाजिक सुरक्षा कोष | १३००००० |
| घरखर्च ऋण | ७०००० | तालीम | ७००००० |
| शैक्षिक ऋण | ५०००० | पोशाक | ५५०००० |
| बचत जमानी ऋण | ८०००० | दशै खर्च | ११००००० |
| अन्य ऋण | ५००० | विदा खर्च | ८००००० |
| **शेयर लाभांस** | २०००० | खाजा खर्च | ९९०००० |
| **बैंक ब्याज** | ३५००००० | यातायात खर्च | १००००० |
| **अन्य आम्दानी** | १५००००० | ग्रेड | ६३०००० |

| | | | |
|---|---|---|---|
| | | घरभाडा खर्च | ११००००० |
| | | छपाई खर्च | ५००००० |
| | | स्टेसनरी खर्च | ३००००० |
| | | पत्रपत्रीका खर्च | २००००० |
| | | मर्मतसम्भार खर्च : | |
| | | बिद्युत् सामाग्री | १००००० |
| | | कार्यालय उपकरण | २५०००० |
| | | सवारी साधन | ३५०००० |
| | | फर्निचर | ५०,००० |
| | | बिबिध खर्च : | |
| | | सरसफाई खर्च | १००००० |
| | | अतिथि सत्कार खर्च | ५०००० |
| | | कार्यालय चिया खाजा खाना खर्च (थप कार्य समय) | ४००००० |
| | | साधारणसभा खर्च : | |
| | | खाजा खाना खर्च | ४५००००० |
| | | अन्य खर्च | ६३०००० |
| | | सफ्टवयर शुल्क | १०५०००० |
| | | सामाजिक कार्यक्रम खर्च | १००००० |
| | | सेवाकेन्द्र ब्यवस्थापन खर्च | १००००० |
| | | एकीकरण खर्च | ५०,००० |
| | | पुजा खर्च | २०,००० |
| | | ह्रास कट्टी खर्च | ३५००००० |
| | | ईन्धन खर्च | ३५०००० |
| | | भत्ता खर्च : | |
| | | सञ्चालक समिति बैठक | ४००००० |
| | | लेखा सुपरिवेक्षण समिति बैठक | ४२,००० |
| | | ऋण उपसमिति बैठक | १५०००० |
| | | शिक्षा उपसमिति बैठक | ४३,२०० |
| | | महिला एवं लघुवित्त उपसमिति बैठक | ४३,२०० |
| | | अन्य उपसमिति बैठक | २५०००० |
| | | संयुक्त बैठक | २००००० |
| | | सामाजिक कार्यक्रम बैठक | १००००० |
| | | सल्लाहकार बैठक | १००००० |

| | | | |
|---|---|---|---|
| | | एक्सेस कार्यदल बैठक | ८०,००० |
| | | सेवाकेन्द्र व्यवस्थापन कार्यदल बैठक | २७०००० |
| | | अन्य कार्यदल बैठक | १५०००० |
| | | छाता संघ सदस्यता शुल्क | १५०००० |
| | | परिक्षण खर्च : | |
| | | आन्तरीक लेखापरीक्षण शुल्क | २००००० |
| | | बाह्य लेखापरीक्षण शुल्क | ५००००० |
| | | एक्सेस प्रोबेसन  कार्यक्रम परिक्षण | ५०,००० |
| | | सामाजिक लेखापरीक्षण | ५०,००० |
| | | सूचना प्रविधि लेखापरीक्षण | ११३००० |
| | | लेखा परीक्षण अन्य खर्च | १५०००० |
| | | ऋण सुरक्षण खर्च | ८५००००० |
| | | बिपद् राहात खर्च | १००००० |
| | | स्थापना दिवस खर्च | १५०००० |
| | | शिविर खर्च | १५०००० |
| | | दैनिक भ्रमण भत्ता | ५२५००० |
| | | केवल खर्च | १२,६०० |
| | | सुत्केरी राहात खर्च | १६०००० |
| | | उपहार खर्च | ८०,००० |
| | | सञ्चालक तालीम खर्च : | |
| | | समिति, उपसमिति | ३००००० |
| | | भावि नेतृत्व | १००,००० |
| | | सदस्य तालीम खर्च : | |
| | | पशुपालन | ५०,००० |
| | | अर्गानिक खेती | १००००० |
| | | प्राविधिक सिप बिकास | ३५०००० |
| | | सेवाकेन्द्र नेटवर्किङ्ग  व्यवस्थापन | १३५००० |
| | | कार्यक्रम खर्च : | |
| | | अपाङ्ग दिवस | १५,००० |
| | | नारी दिवस | १५,००० |
| | | सहकारी दिवस | ३०,००० |
| | | सदस्य शिक्षा खर्च : | |
| | | नियमित सहकारी शिक्षा | ४००००० |

| | | | |
|---|---|---|---|
| | | वित्तीय, कानूनी, प्राविधिक, स्वास्थ्य साक्षरता (शेयर सदस्य तथा बालबचतकर्ता) | ४०००० |
| | | एक्सेस कार्यक्रम खर्च | २००००० |
| | | कानूनि खर्च | २००००० |
| | | अध्ययन अवलोकन भ्रमण खर्च ( सहकारी संस्था) | ५००००० |
| | | धितो निरिक्षण र मुल्यांकन खर्च | १७८६०५ |
| | | ऋण असुली खर्च | १०००००० |
| | | धितो लिलाम खर्च | २००००० |
| | | मोवाईल बैंकिङ्ग व्यवस्थापन खर्च | १२०००० |
| | | सवारी साधन नविकरण खर्च | ११३००० |
| | | पुरस्कार खर्च | ६८,२५० |
| | | छात्रवृत्ती खर्च | १००००० |
| | | सूचना खर्च | २००००० |
| | | वएभसाइट वार्षिक सेवा शुल्क | १५,००० |
| | | अनुसन्धान तथा बिकास खर्च ( प्रविधि) | १५०००० |
| | | सदस्य अन्तर्क्रिया कार्यक्रम खर्च | ११५००० |
| | | बिमा खर्च : | |
| | | सवारी साधन | १००००० |
| | | भल्ट, काउन्टर र ट्रान्जीट | १५०००० |
| | | भवन | २००००० |
| | | सहकारी सहकार्य खर्च | १००००० |
| | | पुस्तक खरिद खर्च | ५०,००० |
| | | संस्था प्रवर्द्धन खर्च | १५०००० |
| | | जेष्ठ शेयर सदस्य सम्मान खर्च | ९००००० |
| | | रिवेट | ४००००० |
| | | कमिसन खर्च | ५०००० |
| | | बैंक शुल्क | १०००० |
| | | यातायात खर्च (अन्य) | २००००० |
| | | योजना निर्माण | ३००००० |
| | | कर अगाडिको नाफा | २४२७५०१२ |
| जम्मा | १६२४७८८६७ | जम्मा | १६२४७८८६७ |

आ.व. २०८२/०८३ को लागि प्रस्तावित विनियोजित पूँजीगत खर्च विवरण :

| बिबरण | रकम रु. |
|---|---|
| सेवाकेन्द्र नेटवर्किङ्ग व्यवस्थापन | १००००० |
| ल्यापटप खरिद | ११००००० |
| सेवाकेन्द्र सजावट खर्च | १०००००० |
| प्रीन्टर | २५०००० |
| मोटरसाईकल स्कुटर खरिद | १०००००० |
| डिटेक्टर मेसिन | ५०,००० |
| ईलेक्ट्रीक हाजीर मेशिन | १००,००० |
| ट्याव्लेट सेवा परिमार्जन खर्च | २००००० |
| एएमएल सफ्टवयर | ३००००० |
| ऋण व्यवस्थापन सफ्टवयर | १००००० |
| जाली नोट पहिचान गर्ने मेसिन | ५०००० |
| फाएर कन्ट्रोलर | ५०,००० |
| अफिस भल्ट | २००००० |
| फाएर प्रुफ क्याविनेट | ३००००० |
| जम्मा | ४८००००० |

अन्त्यमा संस्थालाई व्यवस्थित र मर्यादित रुपमा सञ्चालन गरी उच्चतम रुपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा परिचित गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने एशियाली ऋण माहासंघ (ACCU) , राष्ट्रिय सहकारी महासंघ, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कुन), राष्ट्रिय सहकारी बैंक लि., फस्ट माईक्रो फाइनान्स बित्तिय संस्था लि., बागमती प्रदेश सहकारी संघ लि., बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि., जिल्ला सहकारी संघ लि. दोलखा, दोलखा जिल्ला बचत तथा ऋण सहकारी संघ लि., विभिन्न सरकारी कार्यालय, विभिन्न वित्तीय संस्था र सम्पूर्ण सहकारी कर्मीप्रति हार्दिक आभार प्रकट गर्दै भविष्यमा समेत निरन्तर सहयोग प्राप्त हुने आशाका साथ हाम्रो अनुरोधलाई स्वीकारी सहभागि हुनुहुने तथा प्रसारण सुन्नुहुने सम्पुर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै यस संस्थाको विभिन्न तहमा रही संस्थाको उन्नति र प्रगतिपथमा योगदान गर्नुहुने सम्पूर्ण सहकर्मी साथीहरु, सदैव संस्था र सेयरसदस्य तथा बालबचतकर्ताको सेवाका लागि जुनसुकै समयमा अथक मेहनत र योगदानमा तल्लीन कर्मचारी वर्ग र आदरणीय सेयरसदस्य तथा बालबचतकर्ताहरुमा हृदयदेखि धन्यवाद दिँदै मेरो भनाइलाई यहीँ अन्त गर्दछु ।

जय सहकारी । जय मिलिजुली कालिञ्चोक ॥

# लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन

## आ.ब. २०८१/०८२



**नारायण प्रसाद सापकोटा**
**संयोजक**

३२ औं वार्षिक साधारणसभाका सभाध्यक्षज्यू, संस्थामा आबद्ध भई एकआपसको हितमा लागिपर्नुभएका संस्थाका शेयर सदस्यज्यूहरु, युट्युव, फेसबुक, संस्थाको वेबसाईट मार्फत् हाम्रो प्रतिवेदन सुन्नुहुने एवं अध्ययन गर्नुहुने सम्पूर्ण शेयर सदस्यज्यूहरु एवं श्रोताहरु लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक सहकारी अभिवादन व्यक्त गर्दछु ।

यहाँहरुले दिनुभएको गहन जिम्मेवारीलाई आत्मसात गर्दै हाम्रो समितिले राज्यको सहकारी ऐन, नियमावली, मापदण्ड, निर्देशन, परिपत्र, संस्थाको विनियम, विभिन्न नीतिहरु अनुसार हाम्रो जिम्मेवारी पुरा गर्दै आएका छौ र हाम्रो कार्यकालमा यस कार्यलाई निरन्तरता दिने छौ ।

समाजमा छरिएररहेको सानोसानो पुँजीलाई बचतको माध्यामबाट एकीकृत गरी त्यसैको परिचालनबाट संस्थामा संलग्न सदस्यज्यूहरुको आर्थिक तथा सामाजिक स्तर माथि उकास्दै आत्मनिर्भर बनाउने उद्देश्यले २०५० साल भाद्र ७ गते संस्था स्थापना भएको र सोही बर्षको मंसिर ८ गते जिल्ला सहकारी कार्यालय धुलिखेल काभ्रेपलान्चोकमा दर्ता भएको थियो । हिमाली जिल्लामा सुरुवात गरिएको यो संस्था अहिले नेपालका सहकारी संस्थाहरुमाझ उत्कृष्ट संस्थाको रुपमा आफ्नो छवि कायम गर्नुका साथै अन्तर्राष्ट्रियस्तरमा समेत आफ्नो पहिचान बनाउन सफल भएको छ । यस संस्थालाई वर्तमान अवस्थासम्म ल्याईपुर्‍याउनमा संस्थामा आवद्ध शेयर सदस्यहरुको महत्वपुर्ण भुमिकारहेको छ ।

### जिम्मेवारी तथा उत्तरदायित्व

गत आर्थिक बर्ष २०८१/०८२ मा संस्थाले प्राप्त गरेका उपलब्धिको समीक्षा गर्ने, परिवेश विश्लेषण गर्ने, आगामी आर्थिक वर्षका लागि प्रस्तुत भएको नीति तथा कार्यक्रममाथि छलफल तथा राय सुझाव दिने र संस्था तथा सञ्चालकलाई आगामी कार्य सञ्चालनका लागि दिशानिर्देश गर्ने दिन आज हो । त्यसैले आजको दिनले संस्थागत विकासमा विशेष महत्व राख्दछ । आज

प्रस्तुत गरिएको सचिवज्यूको प्रगति प्रतिवेदन र कोषाध्यक्षज्यूको आर्थिक प्रतिवेदनमाथि छलफल तथा गहन विश्लेषण गरी सञ्चालक समितिलाई प्राप्त हुने सकरात्मक, रचनात्मक र अर्थपूर्ण सुझावले निकै नै महत्वराख्ने छ भन्ने हाम्रो विश्वास छ ।

यस समितिलाई प्राप्त जिम्मेवारी र क्षेत्राधिकार भित्र रहेर हामीले समय समयमा वित्तिय अभिलेख परीक्षण गर्ने, समितिले तयार गरी साधारण सभाबाट अनुमोदन भएका संस्था सञ्चालन सम्बन्धी नीति एवं कार्यविधि, नियमावली, सञ्चालक समितिले गरेका निर्णयहरु, नियमनाकारी नकायबाट जारी परिपत्र, निर्देशिका तथा निर्देशनको कार्यान्वयन, संस्थाको पुँजी तथा दायित्व, सम्पत्ति एवं जायजेथा, नाफा नोक्सान तथा नगद प्रवाह, संस्थाद्धारा विभिन्न क्षेत्रमा गरिएका ऋण लगानी र असुलीको अवस्था, सेवा केन्द्रहरुको स्थलगत अध्ययन अवलोकन, संस्थाको भित्री तथा बाहिरी प्रभावको विश्लेषण जस्ता सरोकारका महत्वपूर्ण क्षेत्रको नियमित तथा आवधिक चरणमा अध्ययन एवं सुपरिवेक्षण सम्पन्न गरेका छौ ।

**परिवेश तथा समय सन्दर्भ**

आ.ब. २०८१/०८२ अर्थतन्त्र विकासको हिसावले त्यति उत्साहजनक रहेन । राष्ट्रिय स्तरमा आयात निर्यातको असन्तुलन, व्याजदरमा उतारचढाव, उत्पादन तथा व्यापार व्यवसायमा शिथिलता, राजश्व सङ्कलनमा कमी, सरकारी पुँजीगत खर्च न्यून, वैदेशिक रोजगार तथा अध्ययनका लागि मानवीय तथा वित्तीय पुँजी पलायन, नयाँ व्यवसाय सञ्चालन तथा मौजुदा व्यवसायको विस्तारमा कमीजस्ता कारणले गर्दा अर्थतन्त्रमा ठूलो चाप पर्न गयो । बैंक तथा वित्तीय संस्थाहरुमा निक्षेप बढ्दै जाँदा स्वभाविक रुपमा लगानी योग्य रकमको सञ्चिती पनि बढ्दै गयो । फलस्वरुप संस्थागत वित्तीय निरन्तरताका लागि व्याजदरमा असर सृजना हुन पुग्यो । वर्षभरिनै उच्च तरलता हाम्रो लागि पनि चुनौतीका रुपमा रह्यो । यस अवस्थामा समेत संस्थाले गरेका वित्तीय कारोवारहरुको अवस्था आ.ब. २०८१/०८२ मा सन्तोषजनकनै रह्यो । सहकारी ऐन २०७४ को परिच्छेद ६ को दफा ४९ र संस्थाको विनियम २०५० पुनर्लेखन २०७९ को परिच्छेद ५ दफा ३६ सँग सम्बन्धित रहेर यस गरिमामय साधारण सभामा वार्षिक प्रतिवेदन प्रस्तुत गरेका छौ ।

**संस्थाका सवल पक्षहरु**

१. शेयर सदस्य हरुको अभिलेख पूर्ण रुपमा अद्यावधिक हुदै जानु ।
२. आर्थिक मन्दीको असहज परिस्थितिमा पनि संस्थाको कुल पुँजी वृद्धि हुनु ।
३. सदस्य सेवाको लागि बिभिन्न ठाउमा सेवाकेन्द्र बाट नियमित सेवा प्रवाह गर्नु ।

४. सदस्यको माग बमोजिम ऋण प्रवाह गर्नु ।
५. विस्तारित कार्यक्षेत्रमा नियमित रुपमा वचत संकलन गर्नु ।
६. स्थापना दिवसको अवसरमा सामाजिक कार्यक्रमहरु गर्न सफल हुनु ।
७. डिजिटल सेवा प्रवाह गर्नु र शेयर सदस्यहरुले यसको प्रयोगमा बृद्धि गर्दै लैजानु ।
८. भाखा नाघेको ऋण सुरक्षणलाई प्राथमिकतामा राख्नु पर्छ भन्ने सबैको ध्यान जानु ।
९. सदस्यहरुलाई बचत तथा ऋण लैजाँदा सबै काम कार्यालयबाटै सकिने व्यवस्था मिलाउनु ।
१०. त्रैमासिक बजार बिश्लेषण गर्नु ।
११. संस्था संचालनका लागि आबश्यक पर्ने नीति तथा कार्यबिधिहरु निर्माण गर्नुर समय सापेक्ष परिमार्जन गर्नु ।
१२. संस्थाले वेबसाईड मार्फत संस्थाका कार्यक्रम ,सूचनाहरु र प्रतिबेदनहरु अपडेट गर्नु ।
१३. साधारण सभाले दिएको म्यानडेट अनुसार कार्य सम्पादन गर्न सक्नु ।
१४. सुरक्षाका लागि भल्ट, काउन्टरको बीमा गर्नु ।
१५. सहकारी बिभागले जारी गरेको सदस्य केन्द्रीयता सूचकांकहरु पुरा गर्दै जानु ।
१६. समग्र सदस्य सेवा र हितको लागि मनिट्रान्सफ र सेवा सञ्चालन गर्नु ।
१७. कारोबारलाई डिजिटलाईजेसन गर्न समय सापेक्ष प्रबिधिको रुपमा मोबाईल बैंकिङ्ग सेवा प्रबाह गर्नु ।
१८. संस्थामा रहेको खातामा भएको रकम बैंकमा र बैंकको खातामा भएको रकम हाम्रो सहकारी संस्थाको खातामा सजिलै ट्रान्स्फर गर्न सकिने ब्यवस्था मिलाउनु ।
१९. भावि सञ्चालक समिति लेखा सुपरिवेक्षण समितिलाई पूर्व नेतृत्व बिकास तालीम दिने कार्य सुरुवात गर्न सफल हुनु र उक्त कार्य नेपालभरीका सहकारी संस्थाहरुले अनुसरण गर्दै जानु ।

**संस्थामा सुशासनको अवस्था**

राज्यले जारी गरेको सहकारी सँग सम्बन्धीत कानुन, संस्थाको आन्तरीक कानुन, सहकारीको सिद्धान्त, मुल्य र मान्यता तथा शेयर सदस्य, सञ्चालक समिति र कर्मचारीहरुको आचारसंहीता निर्माण गरी सोही बमोजिम संस्था सञ्चालन हुनुनै सुशासन हो । संस्थाले राज्यद्धारा जारी गरीएको बिभिन्न कानुनहरुको साथै संस्थाको आन्तरीक कानुनहरुलाई परिपालना गर्दै अगाडि बढीरहेको छ । संस्थाको सञ्चालक समितिले संस्थालाई सहकारीको सिद्धान्त, मुल्य र मान्यताको परिधिभित्र सञ्चालन गर्नको लागि सञ्चालक समितिको नियमित बैठकमा सिद्दान्तहरुको परिपालनाको अवस्था र सुधार गर्नुपर्ने बिषय सम्बन्धि ब्यवस्थापन प्रमुख बाट स्लाईड मार्फत्

प्रस्तुति गर्ने गरीएको छ र सो मा केही काम गर्न बाँकी देखीएमा सुधारात्मक कदमको लागि निर्णय गरी अगाडि बढ्ने गरीएको छ । संस्थामा प्रभावकारी सुशासन कायम गर्ने गराउने हेतुले अकुले प्रतिपादन गरेको सियुलेगका १२० वटा सुचकांकहरुको परिधिभित्ररही संस्था सञ्चालन गर्ने गरीएको छ ।

**अघिल्लो साधारण सभाको निर्णय कार्यान्वयनको अवस्था**

१. संस्थाको सञ्चालक समितिले गत साधारण सभाबाट पारीत निर्णयहरुको परिधिभित्ररही कार्य गरेको छ । भएका बिभिन्न निर्णयहरु मध्ये केही निर्णय कार्यान्वयन गर्न बाँकी देखीन्छ ।

२. साधारण सभाका निर्णयहरु सम्बन्धीत नियमनकारी निकायमा समयमानै पेश गरेको छ ।

३. साधारण सभा बाट पारित नीति तथा कार्यक्रमको आवधिक समिक्षा गरेको देखीन्छ ।

४. संस्थाले गरेको खर्चहरु गत साधारण सभाबाट पारीत बजेटको सिमा भित्ररही खर्च गरेको देखीन्छ र केही शिर्षकमा नपुग बजेट गत साधारण सभाको अख्तियारी बमोजिमनै रकमान्तर गरेको देखीन्छ ।

५. गत साधारण सभाको सदस्य उपस्थिति, निर्णय एवं अन्य लिखित दस्तावेजहरुलाई बिद्युतिय प्रविधि मार्फत् सुरक्षित गरेको देखीन्छ ।

**बैठक संख्यार निर्णय कार्यान्वयन**

आ.ब. २०८१/०८२ मा सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र बिभिन्न उपसमितिहरुको बैठक संख्या तपसिलमा उल्लेखित छ :

| समित/उप समिति | बैठक पटक |
|---|---|
| सञ्चालक समिति | १२ |
| पदाधिकारी (भत्ता नलिने गरी बसेको १८ पटक समेत) | २४ |
| लेखा सुपरिवेक्षण समिति | ३ |
| संरक्षक | १ |
| सल्लाहकार | ३ |
| ऋण उप समिति | ३६ |
| स्तरीकरण कार्यदल | १ |
| शिक्षा उप समिति | १ |
| महिला तथा लघुवित्त उपसमिति | २ |
| संयुक्त बैठक | ४ |

सञ्चालक समितिको बैठक बिनियम अनुसार बसेको र दुई बैठक बिचको अन्तर पैतालिस दिन भन्दा बढी रहेको छैन। सञ्चालक समितिको बैठकमा भएको निर्णयहरु क्रमश कार्यान्वयन भएको देखीन्छ। भएका निर्णयहरु मध्ये केही कार्यान्वयनको चरणमा देखीन्छ। सबै उपसमितिहरुको बैठक कार्यविधि बमोजिम बस्नुपर्ने देखीन्छ। उपसमितिको बैठकका प्रस्तावहरु पुर्व निर्धारण गरी सोही बिषयमा छलफल गर्ने गरी बस्ने र गरीएका निर्णयहरु कार्यविधि बमोजिम परिणाममुखी कार्यान्वयन गर्नुपर्ने देखीन्छ।

**सञ्चालक समितिको कार्यप्रणाली र सुधार गर्नुपर्ने पक्ष**

सञ्चालक समितिले राज्यको सहकारी सँग सम्बन्धीत ऐन कानुन, संस्थाको आन्तरीक कानुन बमोजिम सोही कानुनका दफा वा नियम अनुसार निर्णयहरु गर्ने गरेको र सोही बमोजिम कार्यान्वयन गरेको देखीन्छ। सबै सञ्चालक समिति सदस्यहरुको बैठकमा उपस्थिति नियमित देखीदैन। सञ्चालक समितिको उपस्थितिलाई संस्थाको डिजिटल सूचना पाटीमा समेत हेर्न मिल्ने व्यवस्था गरिएको छ। चालु आ.ब. २०८२/०८३ मा सञ्चालक समितिको बैठक तथा कार्यक्रमहरुमा उपस्थितिलाई बृद्धि गरी उपस्थिति प्रतिशत सुधार गर्नुपर्ने देखीन्छ।

**बचत तथा ऋण परिचालन र ऋण सुरक्षण**

**(क) बचत व्यवस्थापन**

संस्थाले नेपाल सरकारको नियमानुसार बचत संकलन तथा फिर्ता गर्ने गरेको छ। पुँजीकोषको दश प्रतिशत भन्दा बढी एक शेयर सदस्य सँग बचत संकलन नगर्ने नीति लिएको छ। शेयर सदस्यहरुलाई मासिक बचत नियमित गर्नको लागि सूचना जारी गरी नियमित गर्ने प्रक्रियालाई प्रभावकारी बनाउदै लगेको पाईयो। बचतको प्रकृति र साधारण सभाले स्वीकृति गरेको बचत कार्यविधि बमोजिम शेयर सदस्यहरुले चाहेको बेलामा बचत फिर्ता गर्ने गरीएको छ।

**ख) ऋण लगानी प्रक्रिया**

संस्थामा शेयर सदस्य भएको तिन महिना पुरा भएपछी ऋण कारोवार गर्न पाउँने विनियममा भएको व्यवस्थालाई पूर्ण रुपमा अनुसरण गरीएको छ। ऋण लगानी गर्दा शेयर सदस्यको वचत रकमको पाँच गुणा सम्म लगानि गरेको पाईयो। पाँच लाखभन्दा कम ऋणको लागि संस्था भित्र वाट तहगत जिम्मेवारी दिई धितो मूल्याङ्कन गरेको पाईयो भने पाँच लाखभन्दा माथिको ऋणको लागि धितो सुरक्षण राख्दा ईन्जिनियर बाट मूल्याङ्कन गराएको पाईयो। पाँच लाख रुपैयाभन्दा वढी ऋण कारोवार गर्ने शेयर सदस्यको धितो सुरक्षण मालपोत कार्यालय दोलखामा दृष्टिवन्धक सहित रोक्का गर्ने गरेको पाईयो भने सोरकमभन्दा कम ऋण कारोवार गर्दा ठाडोरोक्का गरेको पाईयो। शेयर सदस्यलाई ऋण प्रवाह गर्नुभन्दा अगाडि बित्तीय साक्षरता तथा

ऋण व्यवस्थापन तालिम दिइएको पाईयो । यसबाट शेयर सदस्यहरुले केही आफ्नो जीवनमा उपयोगि शिक्षा प्राप्त भएको महसुस गर्नुभएकोछ। माग गर्ने बित्तीकै ऋण दिनु सहकारी संस्थाको ठूलो कार्य होईन शेयर सदस्यले ऋण लगेर मात्र हुदैन उत्पादनमुखी क्षेत्रमा लगानी गर्नुपर्दछ भन्ने आशय प्रष्ट पार्नको लागि ऋण परामर्शको व्यवस्था गरिएको पाईयो । यसले संस्थाका शेयर सदस्यहरुलाई पक्कै पनि सकरात्मक फाईदा पुगेको छ ।

**ग) ऋण वापतको सुरक्षण**

ऋण प्रवाह गर्दा वचत जमानी भएमा सदस्यको वचतको ९०% ऋण प्रवाह गरेको पाईयो । धितो जमानीमा ऋण प्रवाह गर्दा साधारण सभाले दिएको अधिकार क्षेत्र भित्रको धितोराखेको पाईयो । धितो मूल्याङ्कन प्रक्रिया प्रभावकारी बन्दै गएको पाईयो । यस प्रक्रियालाई अझ वढी प्रभावकारी पार्नुपर्ने देखिन्छ । सदस्यलाई ऋण प्रवाह गर्दा धितो दृष्टिवन्धक पारित सहित रोक्का र ठाडो रोक्का राखेर ऋण प्रवाह गरेको पाईयो । ठाडो रोक्का राख्ने कार्यलाई नेपाल सरकारको नियमानुसार दृष्टिवन्धक पारित सहित रोक्का गर्नुपर्ने देखिन्छ । ऋण प्रवाहमा राखिने धितो बजार मुल्यको ६० प्रतिशत र मालपोत कार्यालयले तोकेको मुल्यको ४० प्रतिशत मुल्यांकन गरी १० प्रतिशत डिस्ट्रेस कट्टा गर्ने गरेको पाईयो । डिस्ट्रेस कटाएर बाँकी मूल्यमा समेत ऋणमागकर्ता शेयर सदस्यको ७ सि मुल्यांकनको आधारमा मार्जिन कट्टा गर्ने गरेको पाईयो । यस कार्यले संस्थाको ऋण लगानि सुरक्षित हुने कुरा देखिन्छ तर थप सुरक्षित बनाउनको लागि सञ्चालक समितिले सोच्नु पर्ने देखीन्छ । सञ्चालक समितिले बिगतमा ऋण असुली र सुरक्षणलाई ध्यान दिएको देखीएता पनि आ.ब. २०८२/०८३ बाट भाखा नाघेको ऋण असुलीलाई प्रमुख कार्य बनाई अगाडि बढ्दै भाखा नाघेको ऋणको पुर्ण सुरक्षणलाई बिशेष ध्यान दिनु पर्ने देखीन्छ ।

**सामाजिक कार्यक्रम**

संस्थाले बिभिन्न सामाजिक कार्यक्रमहरु गर्दै आएको छ । संस्था स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम सञ्चालन गरेको छ । स्थापना दिवसको अवसरमा संस्थामा आवद्ध शेयर सदस्यहरुलाई बिभिन्न बिधामा सम्मान गरेको छ । संस्थामा आवद्ध महिला शेयर सदस्यहरु सुत्केरी हुँदा सम्झना स्वरुप भत्ता दिदै आएको छ । शेयर सदस्यको परिवारमा मृत्यु हुँदा राहात बितरणको लागि सदस्यहरुको केही योगदान सहितको कोष खडा गरी राहात बितरण गर्दै आएको छ । शेयर सदस्यहरु आकस्मिक रुपमा बिरामी परेमा अस्पताल भर्ना हुनुपर्ने अवस्था आयो भने बिस हजार रुपैया सम्म तिन महिनाको लागि निर्ब्याजि सापटी दिने गरेको छ । संस्थामा शेयर सदस्य भई निएमित बचत गरेको तथा उमेर सत्तरी बर्ष कटेका शेयर सदस्यहरुलाई जेष्ठ शेयर सदस्य भत्ता उपलब्ध गराउदै आएको छ । यस्ता कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनले

गर्दा संस्थाको सामाजिक उत्तदायित्व बहन भएको र सदस्य तथा समुदायसँग भावनात्मक सम्बन्ध विकास भई संस्थागत छवि एवं शाखमा बद्धि भएको देखीन्छ ।

**सूचना तथा प्रविधि र सुरक्षा**

१. संस्थाका महत्वपुर्ण कागजातहरु, निर्णयपुस्तिका, ऋण तमसुक लगाएत वित्तीय विवरणहरुको ईलेक्ट्रोनिक कपी सुरक्षित राखिएको छ । साथै सदस्य तथा संस्थाका अभिलेखहरुलाई विद्युतीय प्रविधिमार्फत् व्यवस्थापन गरिएको छ ।

२. संस्थाले सञ्चालन गरेको मोवाईल बैंकिङ् एप्स्लाई समयसापेक्ष स्तरोन्नति गर्दै आएको छ । फलस्वरुप सेवा थप सरल, सहज तथा सुरक्षित रहेको देखिन्छ ।

३. संस्थाको जानकारी तथा कार्यक्रमहरुलाई सामाजिक सञ्जाल, वेवसाईट, फेसबुक, युट्यूव तथा मोवाईल एप्समार्फत जानकारी गराईने गरेको छ ।

४. संस्थाले ईन्फो डेभलपर्सको ईन्फिनिटि सफ्टवयर प्रयोग गरिरहेको छ र हरेक वर्ष यसलाई अद्यवाधिक गरिदै आएको छ । सिबिएस भरपर्दो र आवश्यकता अनुसारको वित्तीय विवरणहरु प्रदान गर्ने खालको रहेको छ । स्वचालित रुपमा क्लाउड सर्भरमा डाटा व्याकअफ हुने गरेको छ । नेटवर्क सुरक्षाका लागि फाएरवाल प्रणाली जडान गरीएको छ । नियमित रुपमा कर्मचारीहरुलाई सञ्चालन आईडि प्रदान गरीएको छ साथै थप सुरक्षाको लागि सफ्टवएर सञ्चालन गर्दा डवल पासवर्डको ब्यवस्था गरीएको छ । यसको लागि सम्बन्धीत कर्मचारीको मोवाईलमा म्यासेज आउने ब्यवस्था गरीएको छ । पावर व्याकअपको लागि ईन्भटरर जेनेरेटरकको व्यवस्था गरीएको छ ।

५. संस्थामा मौजुदारहेको सूचना प्रविधि विभाग मार्फत वित्तीय कारोवार, सूचना, प्रविधि र प्रविधिको उच्च सुरक्षासँग सम्बन्धित सबै कार्यहरुलाई एकीकृत रुपमा व्यवस्थित गरिएको छ ।

६. प्रविधिको प्रयोग गरी वित्तीय कारोवार गर्ने सदस्यज्यूहरुको संख्या बृद्धि हुँदै गएको छ जसका कारण व्यवस्थापन देखि लिएर सेवामा सदस्यको पहुँच पुगेको देखीन्छ ।

**व्यवस्थापन र प्रशासन**

१. साधारण सभाबाट स्वीकृत कर्मचारी प्रशासन नियमावली रहेको र सोही बमोजिम कर्मचारी सम्बन्धी कार्यहरु अगाडि बढाएको देखीन्छ ।

२. कर्मचारीहरुको वार्षिक रुपमा गुगल सिटको माध्यामबाट कार्यसम्पादनको मूल्यांकन, पिएर मुल्यांकन र सन्तुष्टि मुल्यांकन गर्ने गरेको देखिन्छ ।

३. संस्थाको मौजुदा कर्मचारी प्रशासन नियमावलीमा परिवर्तित कानून अनुकुल हुनेगरी संशोधन गरिएको देखीन्छ ।

४. संस्थाको कर्मचारी प्रशासन नियमावली बमोजिम कर्मचारी छनौट प्रक्रिया अगाडि बढाएको देखीन्छ ।

५. सदस्यलाई मुस्कान र प्रविधि सहितको सेवा प्रवाहमा प्राथमिकता दिने नीति लिएको देखीन्छ ।

६. व्यवस्थापनलाई स्वस्फूर्त रुपले उत्प्रेरित गर्न र थप सुरक्षित एवं सुनिश्चित भविष्यका लागि नेपाल सरकारले सञ्चालनमा ल्याएको सामाजिक सुरक्षा कोषमा सहभागी भई पूर्ण योगदान गरेको देखिन्छ ।

## वित्तीय उपलब्धी

संस्थाको वित्तीय उपलब्धी सन्तोषजनक रहेको छ । संस्थामा :

| | |
|---|---|
| कुल सदस्य संख्या : | २४,३५८ जना । |
| कुल ऋण लिने सदस्य संख्या : | २,०४४ जना । |
| कुल शेयर पुँजी : | ६,८७,४६,८००।- |
| कुल बचतरकम : | १,११,५३,०६,२४०।- |
| कुल ऋण लगानी रकम : | ९६,०६,९१,९८९।- |
| कुल वासलात : | १,३४,४१,११,७५७।- |

१. शेयर सदस्यको बृद्धि लक्ष्यलाई आधार मान्दा ९३.६० प्रतिशत सफलता देखीन्छ ।
२. शेयर रकमको बृद्धि लक्ष्यलाई आधार मान्दा ८५.६४ प्रतिशत सफलता देखीन्छ ।
३. बचत रकमको लक्ष्य अनुसार १०३.५५ प्रतिशत सफलता देखीन्छ ।
४. ऋण लगानीमा लक्ष्य अनुसार ९१.४२ प्रतिशत सफलता देखीन्छ ।
५. कुल वासलातमा लक्ष्य अनुसार १०५.७८ प्रतिशत सफलता देखीन्छ ।

संस्थाको बलियो पक्ष भनेको कुल बचतमा नियमित बचतको प्रतिशत हो जुन ५८.३८ प्रतिशत देखीन्छ । त्यसैगरी ऐच्छीक बचत ९.६५ प्रतिशत छ भने आवधिक बचत ३१.९६ प्रतिशतरहेको छ ।

## निरिक्षणर सुझाव

आ.ब. २०८१/०८२ मा बागमती प्रदेश बचत तथा ऋण सहकारी सङ्घ लि. (बागमती प्रोस्कून) ले निरिक्षण गरेको पाईयो । निरिक्षण पश्चात् दिएको सुझावहरुलाई कार्यान्वयनमा लगिएको जानकारी सञ्चालक समितिबाट प्राप्त भएको छ ।

## विविध

१. आर्थिक बर्षको सुरुको दिनमानै चालु आर्थिक वर्षको लागि व्यवस्थापनलाई वार्षिक लक्ष्य तथा कार्यविवरण प्रदान गर्ने कार्यलाई नियमित गरेको देखीन्छ ।

२. पेपरलेस कार्यको अवधारणा बमोजिम डिजिटल रुपमा के.पी.आई.र कार्यविवरण बितरण गरेको पाईयो ।

३. सूचनाको हक र कानुनको अनुपालन सुनिश्चित र व्यवस्थित गर्न संस्थामा सूचना अधिकारी, सम्पत्ति शुद्धिकरण निवारण कार्य प्रभावकारी बनाउनको लागि कार्यान्वयन अधिकारी र शेयर सदस्यहरुको गुनासो सुन्नको लागि गुनासो सुनुवाई गर्ने अधिकारीको व्यवस्था गरीएको देखीन्छ ।

४. कोपोमिक्स्मा ९० प्रतिशत भन्दा बढि शेयर सदस्यहरुको अभिलेख गरेको देखीन्छ ।

५. जोखीमको आधारमा सम्पत्ति सामानहरुको बीमा गरी सुरक्षित गरेको पाइन्छ ।

६. संस्थालाई विभिन्न तहका नियामक निकायहरुबाट समय समयमा भएगरेका अनुगमन तथा सुपरिवेक्षणका क्रममा दिईएका सुझाव, सल्लाह एवं निर्देशनहरुलाई पालना र कार्यान्वयन गर्दै गएको देखीन्छ ।

**आ.ब. २०८१/०८२ मा दिएको सुझावहरु कार्यान्वयनको अवस्था**

**सुझाव नम्बर १ :** कर्मचारीलाई दिएको के.पी.आइ. लाई मासिक बिश्लेषण गर्नुपर्ने ।

**प्रगतिको अवस्था :** कर्मचारी बैठकमा छलफल गर्ने गरीएको पाईयो ।

**सुझाव नम्बर २ :** विभिन्न वचतका प्रोडक्टहरु निर्माण गरी बचत बृद्धि गर्नुपर्ने ।

**प्रगतिको अवस्था :** बचतको बृद्धि भएको पाईयो ।

**सुझाव नम्बर ३ :** भाखा नाघेको ऋण असुली प्रभावकारी बनाउनुपर्ने ।

**प्रगतिको अवस्था :** योजना बनाई प्रयास गरेको देखीन्छ । प्रभावकारी असुलीको लागि ऋण असुली कार्यदल गठनकको लागि निर्णय गरेको पाईयो ।

**सुझाव नम्बर ४ :** कर्मचारीहरुलाई आवश्यकता अनुसार पूर्ण तालिम दिनुपर्ने र पूर्ण क्षमता प्रयोग गराई कार्य गर्नुपर्ने ।

**प्रगतिको अवस्था :** आयोजना भएको तालीमहरुमा पठाएको देखीन्छ ।

**सुझाव नम्बर ५ :** शेयर सदस्यबाट आएको गुनासो लाई सञ्चालक समितिको बैठकमा राखी छलफल गरेर निराकरण गर्ने कार्यलाई निरन्तरता दिनुपर्ने ।

**प्रगतिको अवस्था :** छलफल गर्ने गरेको देखीन्छ साथै गुनासो सुनुवाई अधिकारीको जिम्मेवारी समेत दिन प्रक्रिया अगाडि बढेको देखीयो ।

**सुझाव नम्बर ६ :** उपसमितिको जिम्मेवारीलाई पुर्ण गर्न लगाउनुपर्ने ।

**प्रगतिको अवस्था :** केही उपसमितिले जिम्मेवारी पुरा गरेको र केही उपसमिति तथा कार्यदलले पुरा गर्न बाँकी देखीयो ।

**सुझाव नम्बर ७ :** सदस्य सेवाको लागि विप्रेषण सेवा विस्तार गरी विप्रेषण बचत सञ्चालन गर्ने ।

**प्रगतिको अवस्था :** बिप्रेषण कार्य मोवाईल बैंकिङ बाटै हुने हुनाले मोवाईल बैंकीङलाई प्राथमिकतामा राखेको पाईयो ।

**सुझाव नम्बर ८ :** सुरक्षाका लागि आवश्यकता अनुसार भल्ट, काउन्टर र ट्रान्जीटको बीमाको सिमा बृद्धि गर्नुपर्ने ।

**प्रगतिको अवस्था :** बीमाको सिमा बृद्धि गरीएको पाईयो ।

**सुझव नम्बर ९ :** सियुलेगको अध्ययन गरी सोही बमोजिम कार्य गरी परिक्षण गराउनुपर्ने ।

**प्रगतिको अवस्था :** थप प्रभावकारी तरीकाबाट अगाडि बढ्नु पर्ने ।

**सुझाव नम्बर १० :** निर्देशनलाई गौण मानी नीतिहरुलाई प्राथमिकता दिने कार्यलाई निरन्तरता दिनुपर्ने ।

**प्रगतिको अवस्था :** क्रमश नीतिहरुलाई प्राथमिकता दिन लागिएको पाईयो ।

**सुझाव नम्बर ११ :** बर्तमान वित्तीय बजारको माग, वित्तीय बजारमा प्रयोग भएको असल अभ्यासहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तीय बजारमा बिकास भएका प्रविधि मार्फत् सदस्य सेवाका कुराहरु, आगामी दिनमा वित्तीय बजार कता जाँदैछ भनेर सोको लागि अनुसन्धानात्मक विषयहरु, वास्तविक सदस्यले चाहेको सेवाको आवश्यकता तथा वर्तमान वित्तीय बजारको माग बमोजिम आफ्नो क्षमता थाहा पाउनको लागि संस्थाको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, संरक्षक, सल्लाहकार, विभिन्न उपसमितिहरु, कर्मचारीहरु अध्ययनमा क्रियासिल हुनपर्ने ।

**प्रगतिको अवस्था :** केही मात्र सुधार भएको पाईयो ।

**आ.ब. २०८२/०८३ को लागि लेखा सुपरिवेक्षण समितिको तर्फबाट सञ्चालक समितिलाई सुझावहरु :**

१. भाखा नाघेको ऋण प्रभावकारी असुलीको लागि बिषेश रणनीतिक योजना बनाई छिटो छरीतो रुपमा असुल्न बिषेश जिम्मेवारी दिई असुली गर्ने वा सहज असुली नहुने भएमा सिघ्र र तिव्र कानुनी प्रक्रीया अगाडि बढाउन सुझाव दिईन्छ ।

२. परिवर्तित नियामकीय प्रावधान कार्यान्वयन गर्नको लागि बिषेश जिम्मेवारी दिई प्रभावकारी कार्यान्वनय गर्न सुझाव दिईन्छ ।

३. कर्मचारीहरुलाई दिएको कार्यविवरणर के.पी.आई. लाई कर्मचारीहरुको मासिक बैठक राखी बिश्लेषण गर्न सुझाव दिईन्छ ।

४. कर्मचारीलाई आवश्यकता अनुसार तालिम दिन र पूर्ण क्षमता प्रयोग गराई कार्य लगाउन सुझाव दिईन्छ ।

५. उप समितिहरुलाई कार्यविवरण अनुसार काम गराउन सुझाव दिईन्छ ।

६. सुरक्षाका लागि आवश्यकता अनुसार भल्ट, काउन्टरको बीमाको सिमा बृद्धि गर्न र ट्रान्जिट बिमा गर्न सुझाव दिईन्छ ।

७. स्तरीकरण कार्यदललाई सक्रिय बनाई एक्सेस र सियुलेग कार्यक्रमका सुचकांकहरु बढीमा त्रैमासिक रुपमा छलफल गरी सुधार गर्नुपर्ने सुचकहरुलाई कार्ययोजना निर्माण सहित कार्यान्वयनम लैजान सुझाव दिईन्छ ।

८. निर्देशनलाइ गौण मानी नीतिहरुलाई प्राथमिकता दिने कार्यलाई निरन्तरता दिन सुझाव दिईन्छ ।

९. संस्थाको सञ्चालक समिति, संरक्षक, सल्लाहकार, विभिन्न उपसमितिहरु र कर्मचारीहरु समयसापेक्ष अध्ययनसिल हुन र सोही बमोजिम कार्य गर्न सुझाव दिईन्छ ।

१०. वर्तमान परिप्रेक्षमा संस्थाका सदस्यज्यूहरुलाई वित्तीय साक्षरता र सहकारी शिक्षाको माध्याम बाट सूचनाको हकको व्यवस्थालाई नियमित रुपमा सञ्चालन गर्न सुझाव दिईन्छ ।

११. संस्थाको सोट बिश्लेषण त्रैमासिक समिक्षा गर्न सुझाव दिईन्छ ।

१२. संस्थाको कर्मचारी भनेको संस्थाको सम्पत्ति हो किनभने कर्मचारीमा संस्थाले लगानी गरेको हुन्छ । सञ्चालक समिति, संरक्षक, सल्लाहकार, बिभिन्न उपसमितिहरुबाट कर्मचारीहरुलाई हतोत्साही हुने खालको बोली, प्रस्तुति र व्यवहारबाट सचेत रहन सुझाव दिईन्छ । हतोत्साही भएकै कारण सहकारी क्षेत्रमा कर्मचारीहरु जागिर छोडी बिदेश जाने वा अन्य सङ्घ संस्थामा जाने प्रचलन बढेको देखीन्छ यसलाई न्यूनिकरण गर्न सञ्चालक समितिलाई बिषेश योजना निर्माण गरी कार्यान्वयनमा लैजान सुझाव दिईन्छ ।

१३. संस्थाले ऋण प्रवाह गर्दाराखेको धितो सुरक्षणलाई बार्षिक रुपमा मुल्यांकन गरी ऋणरकम अनुसार नपुग देखीन्छ भने ऋण तिराउन वा धितो थप गर्न लगाउन वा कानुनी प्रक्रिया अगाडि बढाउन सुझाव दिईन्छ ।

१४. आफ्नो सेवा क्षेत्रभित्रका शिक्षा, प्रविधि, उर्जा र उत्साहले भरिपूर्ण उच्च बौद्धिकस्तरका व्यक्तिहरुलाई संस्थामा आकर्षित गराउने र टिकाईराख्ने योजना बनाई अघि बढ्न सुझाव दिईन्छ ।

१५. शेयर सदस्यहरुलाई उद्यमी बन्ने बातावरण सृजना गर्नको लागि उद्यमसिलता सम्बन्धी तालीम र सकरात्मक उत्प्रेरणात्मक कार्यक्रम गर्न सुझाव दिईन्छ ।

१६. वर्तमान परिप्रेक्ष्यमा संस्थामा आई पर्न सक्ने चुनौतीको बीचबाट सम्भावनाको खोजी गरी अवसरको सृजना गर्ने रणनीति तय गर्न सुझाव दिईन्छ ।

१७. संस्थामा तरलता बृद्धि हुँदै गएकोले सोको व्यवस्थापनको लागि बिषेश योजना निर्माण गर्न सुझाव दिईन्छ ।

१८. संस्थाले सङ्घहरु र सहकारी बैंकमा गरेको लगानीबाट प्रतिफल नदेखीएकोले सोको ब्यवस्थापनको लागि सुझाव दिईन्छ ।

१९. संस्थामा रहेको निक्षप रकमलाई अन्य सङ्घ संस्था तथा बैंकहरुमा अल्पकालीन तथा दीर्घकालिन रुपमा राख्नुपूर्व सम्बन्धित सङ्घ संस्था तथा बैंकहरुको संस्थागत सुशासन र वित्तीय स्थायित्वमा ध्यान दिएर मात्र राख्न सुझाव दिईन्छ ।

२०. शेयर सदस्य र संस्थाको हितलाई सर्वोपरि ध्यानमाराखी शेयर सदस्यहरुलाई लगानी गर्ने ऋणको बीमा कार्यक्रमलाई अनिवार्य गर्दै लैजान सुझाव दिईन्छ ।

२१. सम्पत्ति शुद्धिकरण निवारण ऐन, नियमावली, निर्देशन र संस्थाको कार्यविधिलाई प्रभावकारी कार्यान्वयनको लागि सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी सफ्टवयरराखी प्रभावकारी कार्य गर्न सुझाव दिईन्छ ।

२२. बचत तथा ऋण सहकारी संस्थाको सबैभन्दा महत्वपुर्ण सम्पत्ति भनेको ऋण लगानी सँग सम्बन्धित कागजातहरु हुन् । ति भौतिक कागजातको बिषेश सुरक्षाको साथै ऋण ब्यवस्थापन सफ्टवयर राखी संस्थालाई थप सुरक्षित बनाउनको लागि सुझाव दिईन्छ ।

२३. संस्थाको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, संरक्षक, सल्लाहकार, बिभिन्न उपसमितिहरुले पनि डिजिटल कारोवार गर्न र शेयर सदस्यहरुलाई समेत प्रयोग गर्न उत्प्रेरीत गर्न सक्ने क्षमता बिकास गर्न सुझाव दिईन्छ ।

२४. ऋण सुरक्षण कोष र पुँजी पर्याप्तता अनुपातको बारेमा शेयर सदस्यहरुलाई बुझाउने कार्य गर्न तथा नेपाल राष्ट्र बैंक र राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन बमोजिम पुरा गर्दै जान सुझाव दिईन्छ ।

**आदरणीय शेयर सदस्यज्यूहरु,**

हामीलाई प्रदान गर्नुभएको जिम्मेवारी भित्र रहेर संस्था सञ्चालनका मूल्य, मान्यता र आदर्शलाई आत्मसात् गरी प्रचलित अभ्यास मौजुदा नीति, नियम र सहकारीका आधारभूत सिद्धान्तर मूल्य मान्यताका आधारमा हामीले आर्जन गरेको ज्ञान, सिप र विवेकको उच्चतम प्रयोग गरी आन्तरिक लेखा परीक्षपण, संस्थाका अन्य क्रियाकलामहरुको बारेमा अध्ययन तथा निरीक्षण एवं सम्बद्ध पक्षसँगको छलफल तथा अन्तर्क्रियाका आधारमा संस्थामा संलग्न पदाधिकारी एवं कर्मचारीहरुबाट कहीकतै संस्था तथा सदस्यको हित प्रतिकूल हुने गरी कार्य नगरेको कुरा यस सम्मानित साधारण सभा मार्फत आदरणीय सम्पूर्ण शेयर सदस्यज्यूहरुमा जानकारी गराउन चाहान्छौ ।

यस संस्थालाई यो अवस्थासम्म ल्याउनका लागि मिहेनतका साथ काम गर्नुहुने सञ्चालक समितिका पदाधिकारीज्यूहरु, विभिन्न उपसमितिका पदाधिकारीज्यूहरु रचनात्मक र सकारात्मक सुझाव प्रदान गर्नुहुने शेयर सदस्यज्यूहरु, सेवाकेन्द्र सञ्चालन उपसमितिका पदाधिकारीज्यूहरु, संस्थामा अहोरात्र खटेर उच्च मनोवलका साथ सेवारत प्रमुख कार्यकारी अधिकृत एवं व्यवस्थापन टिम र संस्थाको शुभचिन्तक महानुभावहरु एवम् सम्बद्ध सबैलाई हार्दिक धन्यवाद दिन चाहान्छौ । लेखा सुपरिवेक्षण समितिलाई निरीक्षण तथा सुपरिवेक्षण कार्यमा सक्रिय सहयोग पुऱ्याउने लेखा प्रमुख लगाएत संस्थाका सम्पुर्ण कर्मचारी प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै संस्थाले सञ्चालन गरेको वित्तीय तथा गैरवित्तीय सेवाहरुले सदस्य महानुभावहरुलाई अत्याधिक लाभ र सन्तुष्टि प्रदान गर्न सकोस् भन्ने कामना गर्दछौ । लेखा सुपरिवेक्षण समितिका तर्फबाट दिईएको सुझावहरुलाई गम्भीरतापूर्वक लिई कार्यान्वयन गर्ने सञ्चालक समिति प्रति हार्दिक आभार प्रकट गर्दै यो प्रतिवेदन माथि गहन अध्ययन गरी सुझावसहित अनुमोदनका लागि यस सम्मानित साधारण सभामा पेश गर्दछौ ।

अन्त्यमा, यस गरिमामय साधारणसभा अन्तर्गतको कार्यक्रममा उपस्थित सेयरसदस्यज्यूहरु, सञ्चालकज्यूहरु, संरक्षकज्यूहरु, सल्लाहकारज्यूहरु, उप समितिका साथीहरु, संस्थालाई सुव्यबस्थित रुपमा अगाडि बढाउने कर्मचारी साथीहरु, संस्थाका शुभचिन्तक साथीहरु, युट्युव र फेसबुकको माध्यामबाट हामीलाई सुनिरहनु भएको सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दै सम्पूर्ण शेयर सदस्यहरुमा २०८२ सालको बिजया दशमि, शुभदिपावली, छट पर्ब र अन्य पर्वहरुको पावन अवसरमा सम्पुर्ण शेयर सदस्य, बालबचतकर्ता एवं शुभेच्छुक महानुभाबहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दै विदा चाहान्छु ।

जय सहकारी, जय मिलिजुली कलिञ्चोक ।।।

BUDA CA

**B.U.D.A. Associates**
**Chartered Accountants**

1st Floor, RadhikaBhawan HN 290,
Near Nobel Academy, Capital FM
Road, Thapagaun Height,
New Baneshwor, Kathmandu, Nepal
Tel: 01-5245054
Email: ca.buda1998@gmail.com

## मिलीजुली कालिञ्चोक बचत तथा ऋण सहकारी संस्था लि.का सदस्य महानुभावहरु समक्ष

## वित्तीय विवरण उपर

## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

**कैफियतसहितको राय:**

हामीले मिलीजुली कालिञ्चोक बचत तथा ऋण सहकारी संस्था लि. को यसै साथ संलग्न वित्तीय विवरणहरुको लेखापरीक्षण गरेको छौं, जसमा २०८२ आषाढ ३२ गतेको वासलात र सोही मितिमा सम्पन्न आर्थिक बर्षको नाफा / नोक्सान विवरण, इक्वीटीमा भएको परिवर्तनको बिवरण, नगद प्रवाह विवरण तथा महत्वपूर्ण लेखाङ्कन नीतिहरु तथा अतिरिक्त खुलासाका टिप्पणीहरु समावेश रहेका छन् ।

वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु

२०८२ आषाढ ३२ सम्मको

४.२७ ह्रासकट्टी र परिशोधन

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| सम्पत्ति र उपकरणमा ह्रासकट्टी | ४,१९७,७१० | १,६०८,२८० |
| अमुर्त सम्पत्तिमा परिशोधन | २९३,२२२ | २९९,७१५ |
| जम्मा | ४,४९०,९३२ | १,९०७,९९५ |

४.२८ गैर सञ्चालन आम्दानी

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| अपलेखन गरिएको कर्जा असुली | ८२९,०५२ | ४,६८५,२५१ |
| अन्य आम्दानी | ३८,३०२ | १०९,२९७ |
| जम्मा | ८६७,३५४ | ४,७९४,५४८ |

४.२९ गैर सञ्चालन खर्च

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| कर्जा अपलेखन | - | - |
| अन्य खर्च | - | - |
| जम्मा | - | - |

४.३० आयकर खर्च

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| हालको कर खर्च | - | - |
| यस वर्ष | - | - |
| गत वर्षको लागि समायोजन | - | - |
| स्थगन कर खर्च | - | - |
| अल्पकालिन भिन्नताहरुको शुरुवात र रिभर्सल | - | - |
| करको दरमा आएको परिवर्तन | - | - |
| पहिले लेखाङ्कन नगरिएको कर नोक्सानी | - | - |
| जम्मा कर खर्च | - | - |

यस शिर्षकमा खुद करयोग्य नाफामा लाग्ने आयकर रकमको पहिचान र प्रस्तुती गरिएको छ। यस खाता शिर्षकमा चालु कर खर्च, डेफर्ड कर खर्च/(कर आय) समावेश गरिएको छ।

मिलिजुली कालिञ्चोक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

चरिकोट, दोलखा

वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु

२०८२ आषाढ ३२ सम्मको

४.३०.१ कर खर्च र लेखा मुनाफाको मिलाप

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| कर अघिको नाफा | १४,५३४.१५ | २,४१२,००९.५३ |
| १० प्रतिशतको करको दरले हुने कर रकम | - | - |
| जोड्ने : करको निम्ति घटाउन नमिल्ने खर्चहरुले करमा पर्ने असर | ४,९४२,२३४.८५ | - |
| घटाउने : छुट आयमा पर्ने करको असर | (१४,३५९,५७३.९६) | - |
| जोड्ने/घटाउने :अन्य वस्तुहरुको करमा असर | | |
| कुल आय कर खर्च | (९,४१७,३३९.११) | - |
| प्रभावकारी करको दर | 0.00% | 0.00% |

## मिलिजुली कालिञ्चोक बचत तथा ऋण सहकारी संस्था लिमिटेड
चरिकोट, दोलखा

## आधारभूत लेखा नीतिहरु
२०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्षको

### १.प्रतिवेदक संस्था
यस संस्था "मिलिजुली कालिञ्चोक बचत तथा ऋण सहकारी संस्था लिमिटेड" (साविक मिलिजुली बचत तथा ऋण सहकारी संस्था लिमिटेड) २०५० साल मंसिर २ गते जिल्ला सहकारी कार्यालय, काभ्रेपलाञ्चोकमा दर्ता नम्बर ८३/०५०/५१ मार्फत दर्ता भएको बचत तथा ऋण सहकारी संस्था हो । यसले २०६५ साल पौष ०९ गतेमा स्थायी लेखा नम्बर लिई कारोबार गरिरहेको छ । यस संस्थाको स्थायी लेखा नं. ३०३२०९८१८ रहेको छ । वित्तीय साकोसको व्याख्या भित्र राख्न सकिने यस संस्थाको मूख्य उद्देश्य संस्थामा आवद्ध शेयर सदस्यहरुबाट बचत संकलन गरी सदस्यहरुलाई नै व्यापार, उत्पादनशील, आयमूलक, सिपमूलक र यस्तै अन्य कार्यहरुमा ऋण प्रवाह गर्ने रहेको छ । हाल यस सहकारीले मुख्य कार्यालय र अन्य एघाह्रवटा सेवा केन्द्रहरुबाट आफ्नो वित्तीय सेवा उपलब्ध गराइरहेको छ । विभिन्न मितिहरुमा अन्य विभिन्न सहकारीहरुलाई संस्थामा एकीकरण गरेर यस संस्थाले आफ्नो कार्यक्षेत्र दोलखा, सिन्धुपाल्चोक र काठमाण्डौ जिल्लाभित्र कायम गरेको छ ।

### २. वित्तीय लेखाङ्कनका आधारहरु
सहकारीको आर्थिक वर्ष २०८१/८२ को वार्षिक वित्तीय विवरणहरु नेपाल लेखामान बोर्ड (Accounting Standards Board, Nepal (ASBN) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (Institute of Chartered Accountants of Nepal – ICAN) द्वारा अनुपालनको लागि सुचित गरिएका नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard (NFRS) मा भएको व्यवस्था अनुसार तयार गरिएका छन् ।

वित्तीय विवरणमा वित्तीय अवस्थाको विवरण, नगद प्रवाह विवरण, नाफा वा नोक्सानको विवरण, अन्य विस्तृत आम्दानीको विवरण, ईक्विटी परिवर्तनको विवरण र लेखाका लागि वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु समावेश गरिएका छन् ।

### २.१ अनुपालन सम्बन्धी उद्घोषण
वित्तीय विवरण संचालक समितिबाट अनुमोदित भई नेपाल वित्तीय प्रतिवेदनमानका आधारमा रहेर नेपाल लेखामान बोर्डबाट जारी नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था द्वारा अनुपालनको लागि सूचित गरिएका व्यवस्था तथा संस्थाले तयार गरी लागू गरेको लेखानीतिहरुमा निर्दिष्ट भएर तयार गरिएका छन् ।

### २.२ वार्षिक वित्तीय विवरणको अनुमोदन तथा स्वीकृति
आ.ब.२०८१/८२ को वित्तीय विवरण, प्रमुख लेखा नीति तथा अतिरिक्त खुलासा सहित सञ्चालक समितिको बैठकले मिति २०८२/०५/१४ मा स्वीकृत गरेको छ । यस सहकारीको वित्तीय विवरण तयारीको सम्पूर्ण जिम्मेवारी सञ्चालक समितिमा निहित रहेको छ । साथै सोही मितिको सञ्चालक समिति बैठकद्वारा स्वीकृत वित्तीय विवरणलाई साधारण सभामा पेश गरी शेयरधनीहरुबाट अनुमोदित गर्नको सिफारिस समेत गरिएको छ ।

### २.३ वित्तीय विवरणको अवधि तथा यसमा संलग्न विवरणहरु
प्रस्तुत आर्थिक विवरणहरु नेपाली आर्थिक वर्ष २०८१ साल साउन ०१ देखि २०८२ साल आषाढ ३२ सम्मको लागि तयार गरिएको हो । यस प्रतिवेदनका मुख्य विवरणहरु देहायमा उल्लेख गरिएको छ ।

- २०८२ आषाढ ३२ सम्मको वित्तीय अवस्थाको विवरण –यस विवरणले सहकारीको उक्त मितिमा कायम वित्तीय अवस्थाको जानकारी प्रदान गर्ने गर्दछ,
- २०८२ आषाढ ३२ सम्मको आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान हिसाब तथा अन्य विस्तृत आयको विवरण – यस विवरणले सहकारीको वित्तीय प्रगतिको जानकारी प्रदान गर्ने गर्दछ,
- २०८२ आषाढ ३२ सम्मको आर्थिक वर्ष २०८१/८२ को नगद प्रवाह विवरण –यस विवरणले सहकारीको नगद प्रवाहको जानकारी प्रदान गर्ने गर्दछ,
- २०८२ आषाढ ३२ सम्मको आर्थिक वर्ष २०८१/८२ को ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण –यस विवरणले सहकारीको खुद पूँजी (शेयर तथा कोष)मा भएको परिवर्तनको जानकारी प्रदान गर्ने गर्दछ,
- २०८२ आषाढ ३२ सम्मको उपरोक्त बमोजिमका वित्तीय विवरणसँग सम्बन्धित लेखा टिप्पणीहरु, अतिरिक्त खुलासाहरु, प्रमुख लेखा नीतिहरु र अन्य खुलासाहरुको विवरण ।

२.४ कारोबार गरिएको मुद्रा तथा प्रस्तुतीकरण गरिएको मुद्रा
सहकारीले कारोबार गर्ने मुद्रा नेपाली रुपैयाँ हो र वित्तीय विवरणमा देखाईएका सबै रकमहरु पनि नेपाली रुपैया (रु) मा प्रस्तुत गरिएका छन् ।

२.५ अनुमान, धारणा तथा स्वविवेकको प्रयोग
नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम वित्तीय विवरण तयार गर्दा सहकारीले निश्चित मान्यताहरुमा आधारित भई विभिन्न अनुमानहरु तयार गरी वित्तीय विवरण बनाउन उपयुक्त हुने सर्वमान्य सिद्धान्त प्रयोग गरी आएको छ ।

यी अनुमानहरु तथा उपलब्ध जानकारी सहकारीको व्यवस्थापनको स्वविवेकमा आधारित हुन्छन् । आफ्नो परिस्थिति र सञ्चालन वातावरणको आधारमा लेखामान नीतिहरु, सहकारीको मुनाफा, वित्तीय स्थितिको विवरण र वित्तीय विवरणको प्रतिवेदनमा प्रस्तुत गरिएका अन्य विवरण टिप्पणीहरुसँगै समावेश गरिएको छ । वास्तविक वित्तीय नतिजाहरु अनुमान गरिएभन्दा फरक पर्न सक्दछन् र कहिले काही यस्ता अनुमानित भन्दा निकै फरक पनि रहन सक्छन् ।

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार सहकारीले वित्तीय अनुमान र धारणा बनाउनु पर्ने हुन्छ जसले सम्पत्ति, दायित्व, संभावित दायित्व र संभावित सम्पत्तिमा असर गर्दछ । सहकारीले वित्तीय विवरण तयार गर्दा उक्त अनुमान र अन्तर्निहित मान्यतालाई लागू गर्ने गरिएको छ । उक्त मान्यताहरु समय समयमा परिमार्जन पनि गर्ने गरिएको छ । परिमार्जित अनुमानित मान्यतालाई परिमार्जन गरिएको समय सम्म लागू गर्ने गरिएको छ । साथै परिवर्तनको प्रभाव र प्रकृति पनि उल्लेख गर्ने गरिएको छ । विवरणमा अनुमान गरिएको स्थानमा त्यसलाई उल्लेख गरिएको छ । कुनै वित्तीय नतिजाको अनुमानमा परिवर्तन हुँदा पर्ने प्रभाव र परिवर्तनलाई पनि सोको कारण सहित उल्लेख गरिएको हुन्छ ।

२.५.१ व्यवसायको निरन्तरता **(Going Concern)**
सहकारीको व्यवस्थापनले आफनो व्यवसाय निरन्तर रुपमा चलिरहन्छ भन्ने सिद्धान्तलाई अंगिकार गरी वित्तीय विवरण तयार गरेको छ । व्यवस्थापन, सहकारीको भविष्यको व्यवसाय अनवरत रुपमा चलिरहनको लागि उक्त व्यवस्थापनसंग पर्याप्त स्रोतहरु छन् भनी विश्वस्त रहेको छ । यसका लागि संचालक समितिले नाफा, नगद प्रवाह, पूँजीगत स्रोतहरु जस्ता अवस्थाहरुको भविष्यको प्रक्षेपण गर्नुका साथै वर्तमान र भविष्यको अवस्थाहरु विश्लेष्ण गरेको छ ।

२.६ लेखा नीतिमा परिवर्तन
नेपाल वित्तीय प्रतिवेदनमान अनुरुपको लेखाङ्कनले निर्धारण गरेको र आवश्यक मानेको सबै सम्पत्ति र दायित्व लेखाङ्कन गर्दै, नेपाल वित्तीय प्रतिवेदनमानले अवलम्बन गरेको सम्पत्ति र दायित्वको अपलेखन गर्दै र सम्पत्ति र दायित्वको लेखाङ्कनमा नेपाल वित्तीय प्रतिवेदनमानको मापन लागूगर्दै सहकारीले वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम तयार पारेको छ ।
नेपाल वित्तीय प्रतिवेदनमान यस सहकारीमा लागू गरिएको पाचौं वर्ष भएको छ । प्रथम पटकको नेपाल वित्तीय प्रतिवेदनमान लागू पश्चात यस सहकारीमा लेखानीतिमा कुनै परिवर्तन गरिएको छैन ।

२.७ प्रतिवेदन घोषणा
सहकारीले वित्तीय विवरण तयार गर्नका लागि नेपाल लेखामान बोर्ड (Accounting Standards Board (ASB) बाट २०७० भाद्र २८ गतेमा जारी नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standrard-NFRS) अङ्गीकार गरेको छ । NFRS ले अन्तर्राष्ट्रिय लेखामान बोर्ड (IASB) ले जारी गरेको अन्तराष्ट्रिय वित्तीय प्रतिवेदनमान (IFRS) लाई सबै हिसाबमा सम्बोधन गर्दछ ।

२.८ छुट **(Discounting)**
गैर चालु सम्पत्ति र दायित्वमा डिस्काउन्टिङ्गको प्रभाव महत्वपूर्ण भएको अवस्थामा लागु गरिएको छ ।

२.९ नेपाल वित्तीय प्रतिवेदनमान कार्यान्वयनको सीमा **(Limitation of NFRS implementation)**
जानकारी पर्याप्त रुपमा उपलब्ध नभएको अवस्थामा र जानकारी प्राप्त गर्न लाग्ने लागत त्यसको फाइदा भन्दा बढी भएमा नेपाल वित्तीय प्रतिवेदनमान कार्यान्वयनको यस्तो अपवाद सम्बन्धित खण्डहरुमा उल्लेख गरिएको छ ।

प्रमुख लेखा नीतिहरु वित्तीय विवरणहरु तयार पार्दा आधार मानिएका सर्वमान्य लेखा नीतिहरु तल उल्लेख गरिएका छन् । अन्यथा लेखिएकोमा बाहेक यी नीतिहरुको पालना निरन्तर रुपमा गरिएको छ ।

## ३. प्रमुख लेखानीति (Significant Accounting Policies)

सहकारीले प्रस्तुत वित्तीय विवरण तयार गर्दा अवलम्बन गरेका प्रमुख लेखा नीतिहरु निम्न बमोजिम रहेका छन् ।

### ३.१ मापनको आधार

वित्तीय विवरणहरु निरन्तरताको आधार (Going Concern) मा तयार पारिएका छन्, जहाँ लेखाका नीतिहरु मान्यताको आधारमा अनवरत रुपमा लागू गरिएका छन । फरक भएको खण्डमा विशेष रुपमा खुलाईएको छ ।

### ३.२ एकीकरणको आधार

सहकारीको नियन्त्रण रहने गरी कुनै संस्थामा लगानी नभएकोले वित्तीय विवरणको एकीकरणको आवश्यकता रहेको छैन ।

### ३.३ नगद तथा नगद समान

नगद तथा नगद समान भनी बैंक, वित्तीय तथा सहकारी आबद्ध संस्थामा रहेको नगद मौज्दात, माग तथा अल्प सुचनामा प्राप्त हुने रकम, जोखिम रहित वा नगन्य जोखिम रहेको र ३ महिना भित्र नगदमा प्राप्त गर्न सकिने अत्याधिक तरल वित्तीय सम्पत्तिलाई जनाईएको छ । सहकारीले अल्पकालिन प्रतिवद्धता पुरा गर्न प्रयोग गर्ने र Fair Value परिवर्तन हुन गई नगन्य जोखिम भएको वित्तीय सम्पत्ति नै नगद तथा नगद समान हो । वित्तीय अवस्थाको विवरणमा नगद तथा नगद समानलाई परिशोधित मूल्यमा राखिन्छ ।

### ३.४ वित्तीय सम्पत्ति र वित्तीय दायित्व

क) पहिचान

सहकारीले प्रारम्भिक रुपमा आफ्नो वित्तीय अवस्थाको विवरणमा वित्तीय सम्पत्ति वा दायित्वलाई तब मात्रै लेखाङ्कन गर्दछ जब यो उपकरणको अनुबन्धन व्यवस्थाको पक्ष हुन्छ । सहकारीले सुरुमा कर्जा सापटी र निक्षेप र सहायक दायित्वहरू उनीहरूको उत्पत्ति भएको मितिमा लेखांकन गर्दछ जुन त्यो मिति हो जुनबेला सहकारी उपकरणको प्रावधानहरुसंग अनुबन्धित हुन्छ । इक्विटी उपकरणमा लगानी, सहकारी आबद्ध संस्थाहरुको धितोपत्रलाई व्यापारको मितिमा अर्थात जुनबेला सहकारीले वित्तीय सम्पत्तिको खरिद वा अधिग्रहणको प्रतिबद्धता गर्छ सोही मितिमा लेखाङ्कन गरिन्छ । वित्तीय सम्पत्तिको नियमित हुने खरिद र बिक्रीलाई राफसाफ हुने मितिमा लेखाङ्कन गरिन्छ ।

ख) वर्गीकरण

१. वित्तीय सम्पत्ति

वित्तीय संस्थाले आफ्नो व्यवसायिक मोडेलको आधारमा वित्तीय सम्पत्तिलाई निम्न बमोजिम वर्गीकरण गरेको छ :

- परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्ति :
  देहायको दुवै शर्त पूरा भएमा वित्तीय सम्पत्तिलाई परिशोधित लागतमा मापन गरिएको छः
  –अनुबन्धित नगद प्रवाहको संकलन गर्ने उद्देश्यले व्यावसायिक मोडेलमा लिइएको र
  –वित्तीय सम्पत्तिको सम्भौता सर्तहरूले निर्दिष्ट मितिमा नगदप्रवाह हुन्छ र त्यो मूल रकमको साँवा वा व्याज रकमको मात्र भुक्तानी हो ।

- फेयर भ्याल्युमा मापन गरिएको वित्तीय सम्पत्ति
  परिशोधित लागतमा मापन नगरिएको वित्तीय सम्पत्ति फेयर भ्याल्युमा मापन गरिएका छ । फेयर भ्याल्युमा मापन गरिएको वित्तीय सम्पत्तिलाई देहायको वर्गमा पुन: वर्गीकरण गरिएको छ :
  - नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय सम्पत्ति
    व्यापारको लागि लिइएका वित्तीय सम्पत्तिलाई नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिन्छ । प्रारम्भको अभिलेखमा खरिदसँग प्रत्यक्ष सम्बन्धित खर्चलाई नाफा-नोक्सानमा मापन गरिएको छ । त्यस पश्चात्त सो सम्पत्तिलाई फेयरभ्याल्युमा मापन गरिएको छ र फेयर भ्याल्युको फरकलाई नाफा-नोक्सानमा मापन गरिन्छ ।
  - अन्य विस्तृत आम्दानीको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय सम्पत्ति
    इक्वीटी उपकरणमा गरेको लगानी जुन व्यापारको लागि राखिएको हुँदैन र अन्य विस्तृत आम्दानीद्वारा फेयर भ्याल्युमा मापन गर्ने भनेर व्यवस्थापनले अपरिवर्तनीय निर्णय गरेको हुन्छ त्यसलाई अन्य विस्तृत आम्दानीद्वारा फेयर भ्याल्युमा मापन गरिएको छ । त्यसपश्चात सो सम्पत्तिलाई फेयर भ्याल्युमा मापन गरिएको छ र फेयर भ्याल्युको फरकलाई अन्य विस्तृत आम्दानीमा मापन गरिन्छ ।

२. वित्तीय दायित्व

वित्तीय जमानत, र कर्जा प्रतिबद्धता बाहेकका वित्तीय दायित्वलाई देहाय बमोजिम वर्गीकरण गरिएको छः

- नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय दायित्व
  व्यापारको लागि लिइएका वित्तीय दायित्वलाई नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिन्छ । प्रारम्भको अभिलेखमा खरिदसँग प्रत्यक्ष सम्बन्धीत खर्चलाई नाफा-नोक्सानमा मापन गरिएको छ । नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय दायित्व बाहेक कर्जा जोखिमको प्रभावबाट फेयर भ्याल्युमा हुने फरकलाई अन्य विस्तृत आम्दानीमा मापन गरिन्छ ।

- परिशोधित लागतमा मापन गरिएको वित्तीय दायित्व :
  नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापित वित्तीय दायित्व बाहेकका वित्तीय दायित्वलाई प्राभावकारी ब्याजदरको **(EIR)** को आधार प्रयोग गरी परिशोधित मूल्यमा मापन गरिन्छ ।

ग. मापन

१. प्रारम्भिक मापन

नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिएको बाहेकको वित्तीय सम्पत्ति वा दायित्वलाई सुरुको फेयर भ्याल्युमा प्रत्यक्ष संलग्न कारोबार रकम जोडी मापन गरिन्छ । नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय सम्पत्ति र दायित्वसंग सम्बन्ध भएको कारोबार लागतलाई नाफा/नोक्सान विवरणमा मापन गरिएको छ ।

२. पछिको मापन

प्रारम्भिक मापन पश्चात् वित्तीय सम्पत्ति र दायित्वलाई सो को वर्गको हिसाबले फेयर भ्याल्यु वा परिशोधित मुल्यमा मापन गरिएको छ । प्रारम्भमा परिशोधित लागतमा मापन गरिएका वित्तीय सम्पत्ति वा दायित्वलाई त्यस पश्चात् प्रभावकारी ब्याज दरको विधि प्रयोग गरि मापन गरिएको छ । फेयर भ्याल्युमा मापित वित्तीय सम्पत्तिलाई प्रारम्भको मापन पश्चात् फेयर भ्याल्युमा मापन गरिएको छ । नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिएको वित्तीय सम्पत्तिको फेयर भ्याल्युमा आएको फरकलाई नाफा-नोक्सानमा लेखाङ्कन गरिन्छ भने अन्य विस्तृत आम्दानीको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिएको वित्तीय सम्पत्तिको फेयर भ्याल्युमा आएको फरकलाई अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिन्छ ।

**पहिचानबाट हटाइने (De-recognition)**

वित्तीय सम्पत्तिलाई पहिचानबाट हटाइने

जब कुनै वित्तीय सम्पत्तिबाट नगद प्रवाहको अनुबन्धित अधिकार समाप्त हुन्छ वा जब सहकारीले कारोबारमा अनुबन्धित नगद प्रवाह प्राप्त गर्ने अधिकार हस्तान्तरण गर्छ जसमा वित्तीय सम्पत्तिको सबै जोखिम र प्रतिफल हस्तान्तरण हुन्छ अथवा वित्तीय सहकारीले न त प्रतिफल हस्तान्तरण गर्छ न त जोखिम हस्तान्तरण गर्छ र वित्तीय सम्पत्तिको नियन्त्रण राख्दैन त्यसबेला वित्तीय सहकारीले वित्तीय सम्पत्ति पहिचनबाट हटाउँछ ।

**वित्तीय दायित्वलाई पहिचानबाट हटाइने**

दायित्वको जिम्मेवारी पूर्ण रुपमा राफसाफ भएमा, रद्ध भएमा वा म्याद समाप्त भएमा वित्तीय दायित्वहरुलाई पहिचानबाट हटाइन्छ । जहाँ विद्यमान वित्तीय दायित्व एकै ऋणदाताबाट अरु बिभिन्न शर्तहरू, वा विद्यमान दायित्वका सर्तहरूमा पर्याप्त संशोधन गरिएको हुन्छ र नया दायित्वले साटासाट गरिन्छ, त्यस्तो साटासाट वा संशोधन भएको खण्डमा मूल दायित्वको अपलेखन र नयाँ दायित्वको लेखाङ्कन गर्ने गरिन्छ । मूल वित्तीय दायित्वको किताबी मूल्य र भुक्तान गरिएको प्रतिफलबीचको भिन्नता नाफा वा नोक्सानको विवरणमा लेखांकन गरिन्छ ।

३.४.१ फेयर भ्याल्युको निर्धारण

फेयर भ्याल्युमा देखाईएको वा प्रस्तुत गरिएका सम्पत्ती र दायित्वहरू महत्वपूर्ण विवरणहरुको आधारमा तीन तहमा वर्गीकृत गरिएको छ । मूल्यांकनका महत्वपूर्ण विवरणहरुमा रेपोर्टिङ अवधिमा भएको परिवर्तनको आधारमा सम्पत्ती र दायित्वहरूलाई फेयर भ्याल्यु पदानुक्रम (Fair Value Hierarchy) मा स्थानान्तरण गर्न सकिन्छ । वित्तीय सहकारीले रिपोटिङ्ग अवधिको अन्त्यमा मुख्य बजार वा विवरणहरुमा उल्लेखनीय परिवर्तन भएमा, फेयर भ्याल्युको पदानुक्रमको स्तरहरू बीचको स्थानान्तरणलाई मान्यता दिएको छ । फेयर भ्याल्यु निम्न पदानुक्रम अनुसार निर्धारण गरिएको छ :

तह १ फेयर भ्याल्यु मापन ती हुन् जुन समान प्रकृतिका सम्पत्ति वा दायित्वका लागि सक्रिय बजारमा असमायोजित सूचिकृत (Unadjusted quoted)मूल्यहरूबाट निकालेको हुन्छ ।

तह २ मापन भन्नाले सक्रिय बजारमा समान प्रकृतिका (Similar) उपकरणका लागि सूचिकृत मूल्यहरू वा निष्क्रिय बजारमा समान प्रकृतिका (Identical or Similar) उपकरणको लागि सूचिकृत मूल्यहरू र जहाँ वित्तीय उपकरणहरू मुल्याकंन गर्दा सबै महत्वपूर्ण input हरु अवलोकन योग्य हुन्छ ।

तह ३ जहाँ कम्तिमा एउटा input, जसले उपकरणको मूल्यांकनमा महत्वपूर्ण प्रभाव पार्न सक्छ, त्यो अवलोकन योग्य बजार आंकडामा आधारित हुँदैन ।

उपलब्ध भएसम्म वित्तीय सहकारीले एक उपकरणको फेयर भ्याल्यु त्यो उपकरणको सक्रिय बजारमा सुचिकृत मूल्यको प्रयोग गरी मापन गर्दछ । बजारलाई सक्रिय तब मानिन्छ जब सुचिकृत मूल्यहरू सजिलै र नियमित रूपमा उपलब्ध हुन्छन् र Arm's Length Price मा आधारित भएर वास्तविक र नियमित रूपमा बजारमा हुने लेनदेनलाई प्रतिनिधित्व गर्दछ । यदि कुनै वित्तीय साधनको लागि बजार सक्रिय छैन भने, वित्तीय संस्थाले मूल्यांकन प्रविधि प्रयोग गरी फेयर भ्याल्यु स्थापना गर्दछ । मुल्याकंन प्रविधिले जानकार, इच्छुक पार्टीहरू (उपलब्ध छ) भने बीचको भर्खरको Arm's Length Price मा भएको लेनदेन, अन्य समान उपकरणहरूको वर्तमान फेयर भ्याल्यु र डिस्काउन्ट गरिएको नगद प्रवाहको विश्लेषणहरू समावेश गरेको हुन्छ ।

### ३.४.२ कर्जा सापटको नोक्सानी (Impairment of Loans and Advances)

प्रत्येक प्रतिवेदन मितिमा सहकारीले सम्पत्तिमा नोक्सान भएको वा नभएको कुनै संकेत छ कि छैन भनी समीक्षा गर्दछ । भविष्यमा नोक्सान अर्थात घाटाको निर्धारण गर्दा विशेषगरी व्यवस्थापनले नगद प्रवाहको रकम र समयको आंकलन गर्नु आवश्यक हुन्छ । यस्ता अनुमानहरु धेरै कारकहरु प्रतिको धारणामा आधारित छन र भएको प्रावधानहरुमा भविष्यमा परिवर्तन भएमा वास्तविक परिणाम फरक हुन पनि सक्दछन ।

नोक्सानीको व्यक्तिगत मुल्यांकन आर्थिक सम्पत्तिमा लागू हुन्छ जुन नोक्सानीको लागि व्याक्तिगत रुपमा मूल्यांकन गरिन्छ र भविष्यको नगद प्रवाहलाई वर्तमान मुल्यको उच्चतम अनुमानमा आधारित हुन्छ । नगद प्रवाहको अनुमान गर्दा व्यवस्थापनले ऋणीको वित्तीय अवस्था र धितोको बिक्रीबाट प्राप्त हुनसक्ने खुद मुल्यको आधारमा निर्णय गर्दछ । प्रत्येक बिग्रेको सम्पत्ति यसको कार्य गर्न सक्ने क्षमताको आधारमा मूल्यांकन गरिन्छ । कार्यगत रणनीति र नगद प्रवाहको अनुमानलाई प्राप्ति योग्य मानिन्छ । एक्सपोजरको नोक्सानको व्याक्तिगत मुल्यांकनको अर्थ भनेको कमजोरीको उद्देश्य प्रमाण छ कि छैन, भविष्यको नगद प्रवाहको वर्तमान मूल्यको अनुमान र यस मूल्यांकनमा समावेश ऋण लिने प्रत्येक व्यक्तिबाट प्राप्त हुने नोक्सानको मुल्य गणनाको अर्थ हो ।

सहकारीले कर्जा नोक्सानी व्यवस्थाको लागी NFRS 9 बमोजिमको ECL (Expected Credit Loss) विधि अपनाएको छ । जस अन्तर्गत कर्जाको जोखिम बमोजिम बाह्र महिने प्रक्षेपित कर्जा नोक्सानी व्यवस्था र पूर्ण आयू प्रक्षेपित कर्जा नोक्सानी व्यवस्था अनुरुप कर्जा नोक्सानी गणना गरिएको छ । यसरी गणना गरिएको प्रक्षेपित नोक्सानीमा कर्जा नोक्सानी हुने सम्भावनाको प्रतिशत, पूर्व निर्धारित नोक्सानीको प्रतिशत तथा कर्जाको एक्सपोजरको गुणान मार्फत रकम निर्धारण गरिएको छ ।

उक्त विधिमा ऋण नतिर्ने सम्भावना (Probability of deault), पुनः स्थापनाको समय र नोक्सान रकमको ऐतिहासिक प्रवृत्ति, Loss Given Default आदिको तथ्यांकीय विष्लेषण, प्रोडक्ट, जोखिम कारकहरु, धितोको पर्याप्तताका आधारमा गरी नोक्सानी व्यवस्थाको निर्धारण गरिन्छ । डिफल्ट दर, नोक्सान दर र भविष्यमा पुनः प्राप्तिको अपेक्षित समय नियमित रूपमा वास्तविक परिणामहरूसँग तुलना गरिन्छ र उपयुक्त भए नभएको सुनिश्चित गरिन्छ ।

नेपाल राष्ट्रबैंकले जारी गरेको निर्देशन तथा मापदण्ड २०८१ को परच्छेद ३ दफा ४.१ र राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको नियमकीय मापदण्ड २०८२ बमोजिम ऋणको भाखा नाघेको हिसावले १%, २५% ५०% र १००% कर्जा नोक्सानी व्यवस्था वा माथी उल्लेखित प्रक्षेपित कर्जा नोक्सानी ब्यवस्था मध्य जुन बढी हुन्छ सोही बमोजिम कर्जा नोक्सानी ब्यवस्था गर्ने नीति अपनाएको छ ।

### ३.४.३ बिक्रीको लागि उपलब्ध वित्तीय लगानीको नोक्सानी (Impairment of Financial Investments – Available-for-Sale)

जब बिक्रीको लागि उपलब्ध इक्विटी लगानी व्यापक रुपमा त्यस्तो लगानीको फेयर भ्यालुमा गिरावट आउँछ वा उक्त लगानीको फेयर भ्यालु लागत मूल्य भन्दा तल झर्दछ तब सहकारीले बिक्रीको लागि उपलब्ध इक्विटी लगानीको नोक्सानी व्यवस्था गर्दछ ।

### ३.४.४व्यापारिक सम्पत्ति (Trading Assets)

सहकारीले निकट भविष्यमा नै बिक्री गरी नाफा आर्जन गर्ने उद्देश्यले खरिद गरेका सम्पत्तिहरुलाई यस शीर्षकमा देखाईन्छ । अन्य व्यापारिक सम्पत्तिहरुमा गैर व्युत्पन्न वित्तीय सम्पत्तिहरु (Non-derivative financial assets), सरकारी ऋणपत्र, नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, स्वदेशी इजाजतपत्रप्राप्त संस्थाहरुले जारी गरेका ऋणपत्रहरु, ट्रेजरी विल्स, इक्विटी आदि व्यापारिक प्रयोजनको लागि राखिन्छ । तर सहकारी संस्थालाई यस किसिमका व्यापारिक सम्पत्तिहरुमा लगानी गर्ने अनुमति नहुने हुँदा यस सहकारीले उल्लिखित व्यपारिक सम्पत्तिहरुमा लगानी गरेको छैन ।

३.५ स्थिर सम्पत्ति तथा कार्यालय उपकरण

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणहरु एक वर्ष वा सो भन्दा बढी धारण गरी ग्राहकलाई सेवा प्रदान गर्नको लागि वा संस्थाको प्रशासनिक कार्यमा प्रयोगको लागि वा बहालमा लगाउने उद्देश्य भएका सम्पत्ति हुन् । सहकारीले NAS 16 – "Property, Plant & Equipment" को व्यवस्था अनुसार आफ्ना स्थिर सम्पत्ति र कार्यालय उपकरणहरुको पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ ।

सहकारीको स्थिर सम्पत्ति तथा कार्यालय उपकरणहरुको बारेमा थप जानकारी बुँदा नं. ४.७ मा प्रस्तुत गरिएको छ ।

सहकारीलाई स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोगबाट भविष्यमा अवश्यभावी आर्थिक लाभ हुने सम्भावना रहेको तथा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागत मापन गर्न सकिएको अवस्थामा मात्र त्यस्ता स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको पहिचान गर्ने गरिन्छ । स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई लागत मोडल (Cost Model) मा लेखाङ्कन तथा प्रस्तुत गर्ने सहकारीको लेखा नीति रहेको छ । यस Model अनुसार स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयिकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ ।

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण बिक्री गरिएमा अथवा सो को प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आकलन भएमा, सो सम्पत्तिको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी निसर्ग गरिँदा सोमा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

सहकारीले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगको लागि उपलब्ध भएपछि निसर्ग हुने समयसम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ । सहकारीले स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई समदर प्रणाली विधि (Straight Line Method) अनुसार ह्रासकट्टी गर्ने गरेको छ । सहकारीका विभिन्न प्रकृतिका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको कायम भएको प्रयोग गोग्य आयु निम्न बमोजिम रहेको छ ।

| सम्पतिको प्रकृति | प्रयोग गोग्य आयु (वर्षमा) |
|---|---|
| भवन | ५० |
| फर्नीचर | १५ |
| कम्प्युटर | १० |
| कार्यालय उपकरण | १५ |
| सवारी साधन | १० |
| भल्ट | २० |
| अन्य सम्पत्ति | २५ |
| लिजहोल्ड सम्पत्ति | प्रयोग अवधि अनुसारको दर |

सहकारीले रु. १०,०००।- सम्म मोल पर्ने स्थिर सम्पत्ति प्रकृतिका सामानहरु खरिद गर्दा त्यस्ता उपकरण तथा सामानहरु पूँजीकृत नगरी सोझै सोही वर्ष खर्च लेख्ने नीति लिएको छ । यस्तो सामानहरुको छुट्टै सूचि लेखा शाखाले तयार गरी पारदर्शी रुपमा राख्ने गरिएको छ ।

३.६ अमुर्त सम्पत्ति कम्प्युटर सफ्टवेयर **(Intangible Assets)**

खरिद गरिएको कम्प्युटर सफ्टवेयर खरिद लागतको आधारमा पुँजीकरण गरिन्छ । सफ्टवेयरको विकासमा समय समयमा गरिने खर्चहरुले भविष्यमा आर्थिक रुपमा संस्थालाई फाइदा पुग्दछ भन्ने मान्यताको आधारमा त्यस्ता खर्चहरुलाई समेत पुँजीकरण गरिन्छ । कम्प्युटर सफ्टवेयरसंग सम्बन्धित खर्चहरु ५ वर्षको अवधिमा समदर प्रणालीको आधारमा परिशोधित गरिएको छ ।

३.७ लगानी उद्देश्यका स्थिर सम्पत्ति **(Investment Properties)**

लगानी उद्देश्य भएका स्थिर सम्पत्ति भनेका जमिन वा भवन वा दुवैलाई NAS 41 – Investment Properties बमोजिम पहिचान गरिएको छ । यस प्रकारका सम्पतीबाट सहकारीले पट्टा अन्तर्गतको आम्दानी वा पुँजीगत लाभ वा दुवै अपेक्षित गरेको हुन्छ । यस सम्पत्तिको प्रारम्भिक मापन लागतमा गरिन्छ भने सहकारीले तत् पश्चातका मापन उचित मूल्यमा गर्ने गरेको छ । उचित मूल्यमा भएको परिवर्तनलाई नाफा नोक्सान हिसावमा प्रस्तुत गर्ने गरेको छ । सहकारीले सकारेका जग्गा तथा भवनहरुलाई लगानी सम्पत्तिको रुपमा प्रस्तुतीकरण गर्ने गरेको छ ।

### ३.९ आयकर (Income Tax)

सहकारीले आयकर लेखाङ्कन NAS 12 – Income Tax को प्रावधान बमोजिम गर्ने गरेको छ। आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ।

#### क) चालु आयकर (Current Tax)

हालका कर सम्पत्तिहरु र दायित्वहरु तथा अघिल्ला वर्षहरुका बुझाउन बांकी रहेका कर दायित्वहरु यस वर्षमा बुझाउनुपर्ने देखिएमा त्यस्ता रकमहरु यस शीर्षकमा राखिन्छ। सम्बन्धित आर्थिक वर्षमा करको रुपमा भुक्तानी गर्नुपर्ने गरी पहिचान भएका कर दायित्वहरु, शुल्क र हर्जाना यस शीर्षकमा समावेश हुन्छन। चालु आयकर सम्बन्धी थप जानकारी बुँदा नं ४.३० मा प्रस्तुत गरिएको छ।

#### ख) स्थगन कर (Deferred Tax)

सम्पत्ति तथा दायित्वहरुको वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) का रुपमा लेखाङ्कन गरि प्रत्येक वर्ष यस्तो सम्पत्ति (वा दायित्वमा) हुने परिवर्तनलाई नाफा नोक्सान हिसाबमा स्थगन कर आय (वा स्थगन कर खर्च) को लेखाङ्कन गरिन्छ। स्थगन कर सम्बन्धीको थप जानकारी बुँदा नं ४.९ मा प्रस्तुत गरिएको छ। सहकारीको लागि आउने आ.व. मा ७.५ प्रतिशत आय कर लाग्ने भएकोले स्थगन कर गणना गर्दा करको दर ७.५ प्रतिशत लिईएको छ।

### ३.१० व्यवस्थाहरु तथा सम्भावित दायित्वहरु(Provisions and Contigent liabilities)

सहकारीले सम्भावित दायित्वहरुको पहिचान तथा व्यवस्थाहरु लेखाङ्कन NAS 37 – Provisions, Contigent liabilities & Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ। सम्भावित दायित्वहरुको थप जानकारी बुँदा नं ४.१७ मा प्रस्तुत गरिएको छ।

विगतका घटनाहरुको परिणामस्वरुप सहकारीको वर्तमानमा सिर्जित कुनै दायित्वहरु छन जुन विश्वसनीय तरिकाले नाप्न सकिन्छ र दायित्व चुक्ता गर्नको लागि श्रोतको बर्हिगमन हुन्छ भने त्यसलाई व्यस्थाको रुपमा लेखांकन गरिएको छ।

### ३.११ आम्दानी लेखाङ्कन

आम्दानी भनेको संस्थाको साधारण गतिविधिहरूको क्रममा उत्पन्न हुने आर्थिक लाभहरूको प्रवाह हो, यदि त्यस्ता लाभहरुले इक्विटी सहभागीहरुको योगदानको कारणले बाहेक इक्विटीको वृद्धि हुन्छ। आम्दानीलाई यस हदसम्म पहिचान र लेखांकन गरिन्छ कि आर्थिक लाभहरू वित्तीय संस्थामा प्रवाहित हुनेछन् र आम्दानी भरपर्दो मापन गर्न सकिन्छ। जुन आयको प्राप्ती सम्भव छैन तिनलाई आम्दानी अवधिमा लेखांकन गरिएको छैन। संस्थाको आम्दानीमा व्याज आय, शुल्क र कमिसन, रेमिट्यान्स आय, आदि समावेश छ र आय लेखाङ्कनको आधारहरू निम्नानुसार छन्।

#### क) व्याज आम्दानी

व्याज आम्दानीमा कर्जा लगानी, नाफा नोक्सानको माध्यमबाट Fair Value मा मापन गरिएका बाहेकका सुरक्षणपत्रमा गरिएको लगानी, नगद तथा नगद समान, बैंक तथा वित्तीय संस्थामा रहेको नगद, कर्मचारीलाई प्रदान गरेको कर्जामा प्राप्त व्याज रकमहरु समावेश हुन्छन।

कर्जा लगानीमा प्राप्त व्याज आम्दानी NFRS ले सुझाव गरेबमोजिम परिमार्जित साँवा रकममा पहिचान गरिन्छ जुन प्रभावकारी व्याज विधिको नजिक हुने गर्दछ। नोक्सानी व्यवस्था गरिएका कर्जाहरुमा पाउने व्याजलाई प्रभावकारी व्याज गणना विधिमा समावेश गरिदैंन। बैंक मौज्दातमा पाउने व्याज आम्दानीलाई प्रभावकारी व्याज गणना विधिको मान्यता दिईन्छ। संस्थाले १ वर्षभन्दावढी भाखा नाघेका कर्जा लगानीको प्राप्य व्याज रकमलाई व्याज आम्दानी पहिचान गरेको छैन।

ख) शुल्क तथा कमिशन आम्दानी

सामान्यतया कुनै विशेष कार्य सम्पन्न भएपश्चात वा सेवा प्रवाह गरेवापत शुल्क तथा कमिशन आम्दानी प्राप्त हुने गर्दछ र यसलाई आर्जित आयको रुपमा मान्यता दिईन्छ ।

ग) लाभांश आम्दानी

सहकारीलाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखाङ्कन गरिन्छ ।

घ) खुद व्यापारिक आम्दानी

सहकारीले व्यापारिक लगानी तथा दायित्वमा हुने ब्याज, लाभांश, तथा बजार मूल्यको उतारचढावले हुने आम्दानी वा खर्चलाई यस शिर्षक अन्तर्गतप्रस्तुत गरिन्छ ।

ङ) अन्य सञ्चालन आम्दानी

ब्याज आम्दानी, शुल्क तथा कमिशन आम्दानी तथा व्यापारिक आम्दानी अन्तर्गत देखाइएका बाहेक अन्य प्रकृतिको आम्दानीलाई यस शिर्षक अन्तर्गत देखाइएको छ । Equity शेयरमा भएको लगानीबाट हुने लाभांश आम्दानी, स्थिर सम्पत्ति तथा कार्यालय उपकरण वा लगानीको उद्देश्य भएका स्थिर सम्पत्तिको निसर्गबाट हुने आम्दानी आदिलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरिएको छ । यस सम्बन्धी थप विवरण बुंदा नं. ४.२३ मा प्रस्तुत गरिएको छ ।

३.१२ ब्याज खर्च

ग्राहकहरुको निक्षेप खाता र सहकारीले प्राप्त गरेको अन्य सापटीमा पाकेको ब्याजलाई पाकेको आधारमा (Accrual Accounting) लेखाङ्कन गरिन्छ । यससम्बन्धी थप जानकारी बुंदा नं ४.१९ मा प्रस्तुत गरिएको छ ।

३.१३ कर्मचारी खर्च

कर्मचारी खर्चमा कर्मचारीले सहकारीलाई प्रदान गरेको सेवा बापत गरिएको सम्पूर्ण खर्चलाई जनाउँछ । सो खर्चमा अल्पकालीन तथा दीर्घकालीन प्रकृतिका कर्मचारी खर्चहरु रहेका छन् ।

क) उपदान तथा सञ्चय कोष:

सहकारीले सेवानिवृत लाभहरुको रुपमा कर्मचारीहरुलाई उपदान र सञ्चय कोष सुविधा प्रदान गरेको छ ।

परिभाषित योगदान योजना (Defined Contribution plan) सेवापछिको लाभ योजना हो, जस अन्तर्गत सहकारीले योगदानलाई छुट्टै शिर्षकमा भुक्तान गर्दछ र थप रकम तिर्न कुनै कानुनी वा रचनात्मक दायित्व हुँदैन । परिभाषित योगदान योजनाको दायित्वहरू सम्बन्धित सेवाहरू प्रदान गरिएको समयमा कर्मचारी खर्चको रूपमा पहिचान र लेखांकन गरिन्छ । परिभाषित लाभ योजना (Defined Benefits Plan) परिभाषित योगदान योजना बाहेकको सेवा पछिको लाभ योजना हो ।

सहकारीले उपदात तथा अवकाश अन्तर्गतका योजनाहरु समाजिक सुरक्ष कोष अन्तर्गत आवद्ध रहि योगदान गर्ने हुँदा भविष्यमा थप अवकाश सम्बन्धी दायित्व सहकारीमा निहित नहुने र सहकारीमा परिभाषित लाभ योजना (Defined Benefits Plan) अर्न्तगतका योजना नरहेकाले Actuarial Valuation गरिएको छैन ।

ख) सञ्चित बिदा

सहकारीले संचित बिदाबापदको रकम बर्षान्तमा सम्बन्धित कर्मचारीलाई भुक्तानी गर्ने गरेको र बिदाबापतको दायित्व आगामी आ.ब.मा अल्या नहुने नीति अपनाएको छ ।

ग) कर्मचारी बोनस

बोनस ऐन, २०३० बमोजिम कर्मचारी बोनसको व्यवस्था गरिएको छ । कर्मचारी बोनसको लागि कर अघिको खुद नाफाको १० प्रतिशत रकमको व्यवस्था गरिएको छ ।

### ३.१४ पट्टा (Lease)

सहकारीले पट्टा (Lease) को पहिचान, मापन तथा लेखाङ्कन NFRS 16 – Leases को प्रावधान बमोजिम गर्ने नीति अपनाएको छ । यस अन्तर्गत प्रारम्भिक मापन १२ महिना भन्दा बढी अवधी रहेको संचालन पट्टाहरुलाई सम्पत्तिको प्रयोग अधिकार पहिचान गरि लागतमा मापन गर्ने गरेको छ । सहकारीले modified retrospective restatement बिधि मार्फत भविष्यमा हुने पट्टा अन्तर्गतको भुक्तानीलाई incremental borrowing cost ले discounting गरी पट्टा अन्तर्गतको दायित्व र प्रयोग अधिकारको सम्पत्ति निर्धारण गर्ने गरेको छ । सहकारीले प्रारम्भिक पश्चातका मापन लागतमा गर्ने गरेको छ ।

### ३.१५ विदेशी विनिमय कारोबार

विदेशी विनिमय मुद्रामा भएको कारोबारलाई सो कारोबार भएको दिनको विनिमय दरका आधारमा नेपाली रुपैंयामा परिवर्तन गरी सोमा हुन आउने नाफा वा नोक्सानलाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ । वासलातमा प्रस्तुत हुने विदेशी मुद्रामा भएका सम्पत्ति तथा दायित्वलाई आर्थिक वर्षको अन्त्यको विनिमय दरमा नेपाली रुपैंयामा परिवर्तन गरी सो मा हुन आउने नाफा वा नोक्सान नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ । तर यस सहकारी संस्थाले कुनै विदेशी विनिमयमा कारोबार गरेको वा विदेशी मुद्राको कारोबार गरेको पाइएन ।

### ३.१६ शेयर पूँजी तथा कोषहरु

#### ३.१६.१ शेयर पूँजी

सहकारीका सबै साधारण शेयरहरु चुक्ता भई सकेको छ । सहकारीका साधारण शेयरधनीहरुले वार्षिक साधारण सभाबाट पारित लाभांश पाउने अधिकार हुन्छ ।

#### ३.१६.२ जगेडा कोषहरु

कोषमा संचित मनाफा, साधारण जगेडा कोष, सम्पत्ति पुनरमुल्याङ्कन कोष, संस्था विकास कोष, संरक्षित पूँजी फिर्ताकोष, शेयर लाभांश कोष, सहकारी प्रवर्द्धन कोष, घाटापूर्ति कोष, सामुदायिक विकास कोष, सहकारी शिक्षा कोष, अन्य जोखिम व्यवस्थापन कोष, स्थिरीकरण कोष, कर्मचारी बोनस कोष र अन्य विविध कोष पर्दछन् ।

#### ३.१६.३ साधारण जगेडा कोष

खुद मुनाफाको २५% रकम साधारण जगेडा कोषमा सार्ने नीति रहेको छ । सो व्यवस्था बमोजिम सहकारीले जगेडा कोषमा रकम जम्मा गर्दै आइरहेको छ ।

#### ३.१६.४ सम्पत्ति पूर्नमूल्यांकन कोष

NFRS बमोजिम सम्पत्ति पूर्नमूल्यांकन कोष (Revaluation Reserve) मा जग्गाको पूर्नमूल्यांकनको कारणबाट सिर्जना भएको कोषको लेखांकन गरिएको छ ।

#### ३.१६.५ अन्य कोष

क) संरक्षित पुँजी फिर्ता कोष

संरक्षित पुँजी फिर्ता कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत रकमान्तर गरिएको छ ।

ख) सहकारी प्रवर्द्धन कोष

सहकारी प्रवर्द्धन कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा ०.५ प्रतिशत रकमान्तर गरिएको छ ।

ग) संस्था विकास कोष

संस्था विकास कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम गरेपछिको रकमको ५ प्रतिशत रकमान्तर गरिएको छ ।

घ) शेयर लाभांश कोष

शेयर लाभांश कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत सरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम गरेपछिको रकमको ६५ प्रतिशत रकमान्तर गरिएको छ ।

ङ) कर्मचारी बोनस कोष

कर्मचारी बोनश कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम गरेपछिको रकमको ५ प्रतिशत रकमान्तर गरिएको छ ।

च) घाटा पूर्ति कोष

घाटा पूर्ति कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम गरेपछिको रकमको ५ प्रतिशत रकमान्तर गरिएको छ ।

छ) सहकारी शिक्षा कोष

सहकारी शिक्षा कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम गरेपछिको रकमको ५ प्रतिशत रकमान्तर गरिएको छ ।

ज) सामुदायिक विकास कोष

सामुदायिक विकास कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम गरेपछिको रकमको ५ प्रतिशत रकमान्तर गरिएको छ ।

झ) स्थिरीकरण कोष

स्थिरीकरण कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम गरेपछिको रकमको ५ प्रतिशत रकमान्तर गरिएको छ ।

ञ) अन्य जोखिम व्यवस्थापन कोष

अन्य जोखिम व्यवस्थापन कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम गरेपछिको रकमको ५ प्रतिशत रकमान्तर गरिएको छ ।

३.१७ प्रस्तावित लाभांश

सहकारीले सदस्यलाई प्रदान गरेको कर्जा नोक्सानि वापत पर्याप्त रकम व्यवस्था नगरेकोले लाभांश प्रदान नगर्ने ।

३.१८ अन्तरिम वित्तीय प्रतिवेदन **(Interim Financial Reporting)**

वित्तीय विवरणसंग सम्बन्धित अन्तरिम रिपोर्टहरु नियामकको रिपोर्टिङ आवश्यकता बमोजिम रिपोर्ट गरिएको छ। ती रिपोर्टहरु यस सहकारीले नियामक निकाय समक्ष आवश्यकता बमोजिम पठाउँदै आइरहेको छ ।

३.१९ **Re-grouping and Re-arrangement**

गत वर्षको केही अंकहरु तथा अनुसूचीहरु तुलना गर्न सजिलोका लागि आवश्यकता अनुसार वर्गीकरण वा पुनः वर्गीकरण गरिएको छ ।

## संरक्षक

| क्र.सं. | क्र.सं. | नाम थर |
|---|---|---|
| १ | संयोजक | श्री नारायण बहादुर श्रेष्ठ |
| २ | सदस्य | श्री कृष्ण बहादुर दाहाल |
| ३ | सदस्य | श्री गंगा सागर श्रेष्ठ |
| ४ | सदस्य | श्री रामदाश श्रेष्ठ |

## सल्लाहाकार

| क्र.सं. | क्र.सं. | नाम थर |
|---|---|---|
| १ | संयोजक | श्री गोकर्ण प्रसाद पोखरेल |
| २ | सदस्य | श्री सुन्दर कुमार श्रेष्ठ |
| ३ | सदस्य | श्री रमादेवी श्रेष्ठ |
| ४ | सदस्य | श्री गोविन्द नाराण मान्धर |
| ५ | सदस्य | श्री बद्री कुमार चौलागाई |

## ऋण उपसमिति

| क्र.सं. | क्र.सं. | नाम थर |
|---|---|---|
| १ | संयोजक | श्री ठाकुर प्रसाद पाठक |
| २ | सदस्य | श्री बालकुमारी श्रेष्ठ |
| ३ | सदस्य | श्री मनोज कुमार श्रेष्ठ |

## शिक्षा उपसमिति

| क्र.सं. | क्र.सं. | नाम थर |
|---|---|---|
| १ | संयोजक | श्री रुद्रजंग बुढाथोकी |
| २ | सदस्य | श्री कृष्ण बहादुर खत्री |
| ३ | सदस्य | श्री रामकृष्ण मास्के |

## महिला तथा लघुवित्त उपसमिति

| क्र.सं. | क्र.सं. | नाम थर |
|---|---|---|
| १ | संयोजक | श्री लक्ष्मी थापा |
| २ | सदस्य | श्री गौरी थापा |
| ३ | सदस्य | श्री रुक्मणी दाहाल |

## धर्तिमाता सेवाकेन्द्र सञ्चालन उपसमिति

| क्र.सं. | क्र.सं. | नाम थर |
|---|---|---|
| १ | संयोजक | श्री रुद्रजंग बुढाथोकी |
| २ | सदस्य | श्री भीमसेन के.सी. |
| ३ | सदस्य | श्री रेनु तमाङ |

## सिन्धु सेवाकेन्द्र सञ्चालन उपसमिति

| क्र.सं. | क्र.सं. | नाम थर |
|---|---|---|
| १ | संयोजक | श्री शारदा थापा |
| २ | सदस्य | श्री ओम बहादुर के.सी. |
| ३ | सदस्य | श्री शर्मिला पण्डीत श्रेष्ठ |

## किमाथाङ्का सेवाकेन्द्र सञ्चालन उपसमिति

| क्र.सं. | क्र.सं. | नाम थर |
|---|---|---|
| १ | संयोजक | श्री युवराज खड्का |
| २ | सदस्य | श्री लक्ष्मी प्रसाद शिवाकोटी |
| ३ | सदस्य | श्री रुकु पाण्डे |
| ४ | सदस्य | श्री रुद्र प्रसाद चौलागाइ |

## बाघखोर सेवाकेन्द्र सञ्चालन उपसमिति

| क्र.सं. | क्र.सं. | नाम थर |
|---|---|---|
| १ | संयोजक | श्री पुष्कर कुमार श्रेष्ठ |
| २ | सदस्य | श्री कमला श्रेष्ठ |
| ३ | सदस्य | श्री निमाधोर्जे लामा |

## फस्कु सेवाकेन्द्र सञ्चालन उपसमिति

| क्र.सं. | क्र.सं. | नाम थर |
|---|---|---|
| १ | संयोजक | श्री रमेश चौलागाइ |
| २ | सदस्य | श्री सुन्दर कुमार बुढाथाकी |
| ३ | सदस्य | श्री दलबहादुर खड्का |

## एकता सेवाकेन्द्र सञ्चालन उपसमिति

| क्र.सं. | क्र.सं. | नाम थर |
|---|---|---|
| १ | संयोजक | श्री राजेश उप्रेती |
| २ | सदस्य | श्री भिमराज गरागाइ |
| ३ | सदस्य | श्री तुलसी गीरि |

## जल्पाश्वरी सेवाकेन्द्र सञ्चालन उपसमिति

| क्र.सं. | क्र.सं. | नाम थर |
|---|---|---|
| १ | संयोजक | श्री देवेन्द्र अर्याल |
| २ | सदस्य | श्री बसन्त थामी |
| ३ | सदस्य | श्री सुशिला थामी |

## मैनापोखरी सेवाकेन्द्र सञ्चालन उपसमिति

| क्र.सं. | क्र.सं. | नाम थर |
|---|---|---|
| १ | संयोजक | श्री अर्जुन प्रसाद चौलागाइ |
| २ | सदस्य | श्री जयराम कार्की |
| ३ | सदस्य | श्री नेत्रकुमारी चौलागाइ |

## थामीचागु सेवाकेन्द्र सञ्चालन उपसमिति

| क्र.सं. | क्र.सं. | नाम थर |
|---|---|---|
| १ | संयोजक | श्री लक्ष्मी थापा |
| २ | सदस्य | श्री बादु शेर्पा |
| ३ | सदस्य | श्री न्स्मिा थामी |

## सुनखानी सेवाकेन्द्र सञ्चालन उपसमिति

| क्र.सं. | क्र.सं. | नाम थर |
|---|---|---|
| १ | संयोजक | श्री बिनिता भण्डारी |
| २ | सदस्य | श्री शंकर कुमार ओली |
| ३ | सदस्य | श्री सन्तोषि श्रेष्ठ |

## गगनचुम्वि शुभलक्ष्मी सेवाकेन्द्र सञ्चालन उपसमिति

| क्र.सं. | क्र.सं. | नाम थर |
|---|---|---|
| १ | संयोजक | श्री रविलाल श्रेष्ठ |
| २ | सदस्य | श्री केदार बहादुर खत्रि |
| ३ | सदस्य | श्री दिपेन्द्र पाठक |
| ४ | सदस्य | श्री डुलु तमाङ् |
| ५ | सदस्य | श्री अर्चना कुमारी झा |

दर्ता नं.: ८३-०५०/०५१
प्यान नं.: ३०३२०५८५८

# ऋण लाने बेलामा गरिएको बोल कबोल अनुसार

## ऋणको किस्ता भुक्तानी गर्दा हुने फाईदाहरु :

- असल ऋणी बन्न पाइन्छ ।
- हर्जना तिर्नु पर्दैन ।
- सामाजिक प्रतिष्ठा वृद्धि हुँदै हुन्छ ।
- आत्मासम्मान वृद्धि हुन्छ ।
- पहिलाको भन्दा बढी ऋण कारोवार गर्न पाइन्छ ।
- पाकको ब्याजमा छुट पाइन्छ ।
- पुन ऋण माग गर्दा प्राथमिकतामा परिन्छ ।

## ऋणको किस्ता भुक्तानी नगर्दा हुने बेफाइदाहरु :




- पटक पटक फोन तथा पत्र आउंछ ।
- घर वा व्यवसाय वा कार्यालयमा सहकारीका कर्मचारीहरु भेट्न आउंछन् ।
- हर्जाना तिर्नुपर्ने हुन्छ ।
- ऋणको भार बढ्दै जान्छ ।
- सहकारी ऐन २०७४ को दफा ८० अनुसार कालो सूचीमा परिन्छ ।
- सामाजिक सञ्जाल, पत्रपत्रिका र एफ.एम. बाट नाम प्रकाशन र प्रसारण हुन्छ ।
- सामाजिक प्रतिष्ठामा आँच आँउदै जान्छ ।
- शिर ठाडो बनाएर हिड्न असहज महसुस हुन्छ ।
- धितो लिलाम बिक्री हुन्छ ।
- धितो नपुग भएमा मुलुकी देवानी (संहिता) ऐन २०७४ को भाग ४ परिच्छेद ९ दफा ४८७ तथा सहकारी ऐन २०७४ को दफा ८४ बमोजिम ऋण लाने व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का हुन्छ ।
- सहकारी ऐन २०७४ को दफा ८५ बमोजिम ऋण नतिर्ने शेयर सदस्यको बाँकी सम्पत्ति नेपाल सरकारको कुनै हक दावी भएमा त्यसको लागि रकम छुट्टयाई बाँकी रकम सहकारी संस्थाको पहिलो हक लाग्छ ।
- यदि जायजेथाले नपुग भएमा मुलुकी देवानी कार्यविधि (संहिता) ऐन २०७४ को परिच्छेद २२ दफा २४२ उपदफा ७ बमोजिम अदालतको प्रक्रियाबाट बिगो भराउने कार्य हुन्छ । यदि बिगो पर्याप्त नभएमा अदालतको प्रक्रियाबाटै सोही परिच्छेदको दफा २४४ बमोजिम कैद हुन्छ ।
- संस्थामा ऋण नतिरेपछि अन्य बैंक तथा वित्तीय संस्थाबाट ऋण पाइदैन ।
- बैंक खाताहरु रोक्का हुन्छ ।
- प्रोफेसनल व्यक्तिको अनुमति पत्र रोक्का गर्न कार्यस्थल तथा सम्बन्धित निकायमा पत्र जान्छ ।
- संस्थाबाट प्रदान गरिने अन्य सेवाबाट बञ्चित हुइन्छ ।
- पत्रिकामा फोटो सहित तीनपुस्ते नाम प्रकाशन गरी सामाजिक सञ्जालमा राख्दा सामाजिक रुपमा घृणीत हुइन्छ, समाजले हेर्ने दृष्टिकोण तथा गर्ने व्यवहार फरक पर्छ ।
- बालबच्चाको मनोविज्ञानमा नकारात्मक असर पर्छ ।
- घर झगडा हुन्छ ।
- हामीले प्रयोग गरी नतिरेको ऋण अन्य सदस्यको पसिनाबाट निर्मित बचतको रकम भएकोले बचतकर्ताको आँसुले हामीलाई प्रगतिपथमा जान बाधा पुग्छ ।

मिलिजुली कालिञ्चोक
बचत तथा ऋण सहकारी संस्था लि.
MILIJULI KALINCHWOK SAVING & CREDIT COOPERATIVE LTD.
भीमेश्वर न.पा.-६, चरिकोट, दोलखा
०४९-४२१३९७, ४२११४३, ४२१३०३, ४२१५३९
miljuli50.saccos@gmail.com
www.miljuli.coop.np

"वित्तीय क्षेत्रको पहिलो छनौट"

तपाई सुझाव भएमा

# संस्थाका विभिन्न गतिविधिहरु























# सफलताका प्रमाणपत्रहरू


राष्ट्रिय सहकारी बैंकबाट मध्यमाञ्चल उत्कृष्ट २०६९


आन्तरिक राजश्व कार्यालयबाट उत्कृष्ट करदाता सम्मान २०७१/०७२


नेफस्कूनबाट नेपाल उत्कृष्ट २०७१


ACCESS BRONZE 2017 द्वारा प्रमाणित


आन्तरिक राजश्व कार्यालयबाट उत्कृष्ट करदाता सम्मान २०७४/०७५


सहकारी अभियानमा एकीकरण उत्कृष्ट प्रशंसा पत्र २०७६


साकोस अभियानमा उत्कृष्ट व्यवस्थापक प्रशंसा पत्र २०७६/०७७


ACCESS SILVER 2018 द्वारा प्रमाणित


साकोस अभियानमा उत्कृष्ट संस्थापक अध्यक्ष सम्मान २०७८


आन्तरिक राजश्व कार्यालयबाट उत्कृष्ट करदाताबाट सम्मान २०७३/०७४



संस्थामा रकम जम्मा गर्नु परेमा


ACCESS SILVER 2019 द्वारा प्रमाणित




# मिलिजुली कालिञ्चोक
## बचत तथा ऋण सहकारी संस्था लि.
**MILIJULI KALINCHWOK SAVING & CREDIT COOPERATIVE LTD.**

### केन्द्रीय कार्यालय

**भीमेश्वर न.पा.-६ चरिकोट, दोलखा**
फोन नं. : ०४९-४२१३९७, ४२१९४३, ४२१३०४३, ४२१५३९
इमेल : milijuli50.saccos@gmail.com
mksccl50.saccos@gmail.com

### सेवा केन्द्रहरू

- थामीचागु सेवा केन्द्र,- विगु, गा.पा.-८, थामीचागु, दोलखा, ९८६२४१४९००
- धर्तीमाता सेवा केन्द्र,- भीमेश्वर, न.पा.-८, बोच, दोलखा, ९८६२४१४९०१
- बाघखोर सेवा केन्द्र,- सैलुङ्ग, गा.पा.-३, बाघखोर, दोलखा, ९८६२४१४९०२
- फस्कु सेवा केन्द्र,- सैलुङ्ग, गा.पा.-६, फस्कु, दोलखा, ९८६२४१४९०३
- एकता सेवा केन्द्र,- वैतेश्वर, गा.पा.-६, नाम्दु, दोलखा, ९८६२४१४९०४
- सुनखानी सेवा केन्द्र,- कालिञ्चोक, गा.पा.-८, सुनखानी, दोलखा, ९८६२४१४९०५
- जल्पाश्वरी परोपकार सेवा केन्द्र,- कालिञ्चोक गा.पा.-२, बाबरे, दोलखा, ९८६२४१४९०६
- गगनचुम्बी शुभलक्ष्मी सेवा केन्द्र,- विगु, गा.पा.-४, सिंगटी, दोलखा, ९८६२४१४९०७
- किमाथाङ्का सेवा केन्द्र,- का.मा.पा.-३२, पेप्सिकोला, काठमाण्डौ, ९८६२४१४९०८
- सिन्धु सेवा केन्द्र,- लिशंखुपाखर, गा.पा.-५, मुडे, सिन्धुपाल्चोक, ९८६२४१४९०९
- मैनापोखरी सेवा केन्द्र,- बैतेस्वर, गा.पा.-५, मैनापोखरी, दोलखा, ९७६७६५१०१५

www.milijuli.coop.np